# ‘अनीता’ उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
उमादेवी मगर
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर
२०७०

**शोध-निर्देशक**
सह प्रा. डा. नारायण गड्तौला
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# अनीता उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
उमादेवी मगर
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर
२०७०

# शोधनिर्देशकको मन्तव्य

**अनीता उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह, दोस्रो वर्षकी छात्रा उमादेवी मगरले मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै मेहनतपूर्वक तयार पारिएको उहाँको यो शोधप्रतिवेदन आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति : २०७०/९/४

...................................

**सह प्रा. डा.नारायण गड्तौला**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# स्वीकृतिपत्र

.......................................

(प्रा.डा. देवी प्रसाद गौतम)

विभागीय प्रमुख

नेपाली केन्द्रीय विभाग, त्रि.वि.

.......................................

(सह प्रा. डा. नारायण गड्तौला)

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग, त्रि.वि.

.......................................

....................................

बाह्यपरीक्षक

**मूल्याङ्कन समिति**

मितिः २०७०/०८

# कृतज्ञताज्ञापन

**अनीता उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतको नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि सह प्राध्यापक श्री नारायण गड्तौलाको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो व्यस्तताको समयमा पनि यस शोधकार्यको तयारीका लागि आवश्यक सहयोग, सल्लाह एवम् सुझाउ प्रदान गरी कुशल निर्देशन गर्नुभएका आदरणीय गुरु नारायण गड्तौलाप्रति म सर्वप्रथम हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गर्नाका अतिरिक्त समयानुसार आवश्यक सल्लाह एवम् सहयोग गरिदिनु हुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. श्री देवीप्रसाद गौतम लगायत सम्पूर्ण गुरुज्यूहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई यस अवस्थामा ल्याइपुऱ्याउने पूजनीय मातापिताप्रति म हार्दिक भक्तिभाव व्यक्त गर्दछु । साथै मेरो सफलताका लागि अनवरतरूपमा सहयोग पुऱ्याउने सम्पूर्ण आदरणीय आफन्तहरूप्रति  पनि म ऋणी छु । त्यस्तै मेरा मित्रहरू तथा स्थान अभावका कारण समावेश गर्न नसकिएका सहयोगी महानुभाव, निकायहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा  यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति : २०७०/८/९

**उमादेवी मगर**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# विषयसूची


| | | पेज नं |
|---|---|---|
| **परिच्छेद एक : शोधको परिचय** | | **१-६** |
| १.१ | शोध परिचय | १ |
| १.२ | शोध समस्या | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधको औचित्य वा महत्त्व | ४ |
| १.६ | शोधको सीमाङ्कन | ५ |
| १.७ | शोध विधि | ५ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ५ |
| | १.७.२ अध्ययन तथा विश्लेषण विधि | ५ |
| १.८ | शोधपत्रको रूपरेखा | ५ |
| **दोस्रो परिच्छेद : डायमनशमशेर राणाको संक्षिप्त जीवनी र औपन्यासिक यात्रा** | | **७–२७** |
| २.१ | जन्म तथा बाल्यकाल | ७ |
| २.२ | पारिवारिक पृष्ठभूमि | ७ |
| २.३ | बाल्यकाल र शिक्षा | ८ |
| २.४ | व्रतबन्ध र विवाह | ९ |
| २.५ | आजीविका | ९ |
| २.६ | व्यक्तित्व | १० |
| | २.६.१ राजनीतिक व्यक्तित्व | १० |
| | २.६.२ साहित्यिक व्यक्तित्व | १२ |
| २.७ | सम्मान तथा पुरस्कार | १४ |
| २.८ | डायमनशमशेर राणाको औपन्यासिक यात्रा | १४ |
| २.९ | डायमनशमशेर राणाका उपन्यासहरूको वर्गीकरण | २० |
| २.१० | डायमनशमशेर राणाका औपन्यासिक प्रवृत्तिहरू | २१ |
| **तेस्रो परिच्छेद : उपन्यास विश्लेषणका आधार** | | **२८-५४** |

३.१ उपन्यासको परिभाषा २८
३.२ उपन्यासको वर्गीकरण २९
३.२.१ विषयवस्तुको आधारमा उपन्यासको विश्लेषण ३०
३.२.२ कथानक संरचनाका आधारमा उपन्यासको विश्लेषण ३३
३.२.३ शैलीका आधारमा उपन्यासको विशलेषण ३४
३.२.४ धारा वा प्रवृत्तिको आधारमा उपन्यासको विश्लेषण ३६
३.२.५ आयामका आधारमा उपन्यासको वर्गीकरण ३९
३.२.६ परिणति वा प्रभावका आधारमा उपन्यासको वर्गीकरण ३९
३.४ उपन्यासका तत्त्वहरू ४०
३.४.१ कथानक ४०
३.४.१.१ कथानकको वर्गीकरण ४२
३.४.१.२ कथातत्त्वका दृष्टिले कथानकको वर्गीकरण ४३
३.४.१.३ प्रस्तुतिका दृष्टिले उपन्यासको वर्गीकरण ४४
३.४.२ पात्र/सहभागी ४५
३.४.३ परिवेश ४९
३.४.४ उद्देश्य ५०
३.४.५ दृष्टिबिन्दु ५०
३.४.६ भाषा ५२

**चौथो परिच्छेद : औपन्यासिक तत्त्वका आधारमा अनीता उपन्यासको विश्लेषण ५५–९०**
४. विषयप्रवेश ५५
४.१ कथानक ५५
४.२ पात्र ५९
४.२.१ अनीता मगर ६१
४.२.२ हरिबहादुर मगर ६५
४.२.३ रमेश माझी ६६
४.२.४ सुवर्णशमशेर राणा ६७
४.२.५ विश्वेश्वरप्रसाद कोइराला ६८

४.२.६ आइते मगर ६९
४.२.७ चन्द्रकान्त दाहाल ६९
४.२.८ मखन घर्ती ७०
४.२.९ जवहरलाल नेहरू ७०
४.२.१० जगजीवनराम ७१
४.२.११ थीरबम मल्ल ७१
४.२.१२ पद्मशमशेर ७१
४.२.१३ मोहनशमशेर राणा ७२
४.२.१४राजगोपालचारी ७२
४.२.१५ कंशकार ७२
४.३ परिवेश ७३
४.४ उद्देश्य ७९
४.५ भाषा ८१
४.५.१ शब्दचयन ८२
४.५.२ शैली ८३
४.५.३ प्रतीक र बिम्ब ८६
४.५.४ दृष्टिबिन्दु ८७

**पाँचौ परिच्छेद : निष्कर्ष** **९१-९४**

**सन्दर्भ ग्रन्थसूची** **९५-९६**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अ.शो. | : | अप्रकाशित शोधपत्र |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट (प्रवेशिका तह) |
| चौथो.सं. | : | चौथो संस्करण |
| ज.ब.रा. | : | जङ्गबहादुर राणा |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| ने.के.वि. | : | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पाँ.सं. | : | पाचौँ संस्करण |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

नवीन विचार र प्रवृत्तिलाई अँगाल्ने प्रथम ऐतिहासिक उपन्यासकारका रूपमा परिचित उपन्यासकार डायमनशमशेर राणाको नेपाली उपन्यास परम्परामा नै पहिलो ऐतिहासिक उपन्यास **वसन्ती** (२००६), **सेतो बाघ** (२०३०), **सत्प्रयास** (२०३८), **प्रतिबद्ध** (२०३४), **अनीता** (२०४३) , **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) गरी जम्मा सात वटा उपन्यासहरू प्रकाशित छन् ।

यी उपन्यासहरूमध्ये **अनीता** उपन्यासलाई पनि ऐतिहासिक पृष्ठभूमिको राजनैतिक, सामाजिक उपन्यासको रूपमा लिन सकिन्छ । **अनीता** उपन्यास डायममनशमशेर राणाको अन्य उपन्यास जस्तै नेपालको इतिहासमा महत्त्व राख्ने राणा शासनको अन्त्य र प्रजातन्त्रको सुरुवातको कथा रहेको छ । यस उपन्यासमा राजनीतिक चेपारोमा परेका तथा राजनीतिमा लागेका व्यक्तिहरूको दिनदशा सङ्केतित रूपमा प्रस्तुत गरिएको छ । त्यस्तैगरी एउटी महिलाको इच्छा विपरीत नयाँ जीवनको नयाँ तरिकाले सृजना गरी समाजमा परिवर्तन हुन सक्ने अवस्थाको चित्रण गरिएको छ । विषयवस्तु अनुरूप औपन्यासिक शिल्पको संयोजन, सत्तासंघर्ष, कुटनीतिक, दृष्टिप्रक्षेपण पात्रविन्यास आदिका दृष्टिले **अनीता** उपन्यास एउटा सफल उपन्यासको रूपमा रहेको देखिन्छ । पात्रअनुरूपको भाषा प्रयोग गरिएको प्रस्तुत उपन्यासमा सम्पूर्ण पाठकवर्गलाई विचार गरेर गाउँले, सहरिया, विदेशी तथा परम्परादेखि आएका संस्कृत शब्दहरू प्रयोग गरिएको छ । यो ऐतिहासिक पृष्ठभूमिमा राजनीतिक विषयवस्तुलाई लिएर लेखिएको सामाजिक राजनीतिक उपन्यास अन्तर्गत पर्दछ । शोधपत्रमा यसै उपन्यासलाई केन्द्र बनाएर डायमनशमशेर राणाको औपन्यासिक प्रवृत्तिको चर्चा गर्दै **अनिता** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ ।

## १.२ शोधसमस्या

डायमनशमशेर राणाको **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास, अनीता, धनको धब्बा**, र **गृहप्रवेश** गरी जम्मा सातवटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरू

मध्ये **वसन्ती** र **सेतोबाघ** उपन्यासको विस्तृत अध्ययन भएको पाइन्छ र ती उपन्यास जत्तिकै महत्त्व रहेको **अनीता** उपन्यासको भने सामान्य रूपमा टीका-टिप्पणी भएको तर गहन अध्ययन भएको पाइँदैन । यो उपन्यास चर्चाका दृष्टिले अगाडि नै रहेको तर त्यसको ठोस रूपमा सविस्तार अध्ययन र अनुसन्धान हुन सकेको देखिँदैन । तसर्थ यस कृतिको ठोस अध्ययन गर्नका लागि निम्न समस्यालाई शोध समस्याको रूपमा अगाडि सारिएको छ :

क) डायमनशमशेर राणाको परिचय, औपन्यासिक यात्रा र प्रवृत्तिहरू के-कस्ता छन् ?

ख) औपन्यासिक तत्त्वका आधारमा **अनीता** उपन्यास कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य समस्या कथनमा उठेका समस्याहरूको समाधानार्थ **अनीता** उपन्यासको ठोस विस्तृत एवम् व्यवस्थित रूपमा अध्ययन गर्नका लागी निम्नानुसार उद्देश्यहरू रहेका छन् :

क) डायमनशमशेर राणाको संक्षिप्त जीवनी, औपन्यासिक यात्रा र औपन्यासिक प्रवृत्तिहरू केलाउनु,

ख) औपन्यासिक तत्त्वहरूको आधारमा **अनीता** उपन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डायमनशमशेर राणाको **अनीता** उपन्यासका बारेमा विस्तृत रूपमा टीका टिप्पणी नभए पनि केही समालोचक, समीक्षक, टिप्पणीकार र शोधकर्ताहरूले उनका ऐतिहासिक उपन्यास र उनको उपन्यासकारिताको बारेमा कलम चलाएका छन् । विभिन्न विद्वान तथा सामालोचकहरूले उपन्यासका कुनै एक पक्षलाई लिएर अध्ययन गरेको पाइन्छ । जुन कोणबाट विश्लेषण गरिएको भए पनि यो खोज अनुसन्धानको क्रममा प्राप्त भएसम्मका त्यस्ता पूर्वकार्यहरूलाई यस शोधपत्रमा राखिएको छ ।

भोलानाथ रेग्मीले **उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास** (२०५४) शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा राणाका ऐतिहासिक उपन्यासहरू **वसन्ती**, **सेतो बाघ** र **सत्प्रयास**को सामान्य विश्लेषण गर्दै **अनीता** उपन्यासको पनि चर्चा गरेका

छन् । उनले **अनीता** उपन्यासलाई ऐतिहासिक पृष्ठभूमिको सामाजिक राजनैतिक उपन्यासको रूपमा परिचय गराएका छन् ।

समिना गौतमले **विभिन्न कोणबाट सेतो बाघ उपन्यासको विश्लेषण** (२०५८) शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा पनि डायमनशमशेर राणाको अन्य उपन्यासको सँगसँगै **अनीता** उपन्यासको पनि सामान्य चर्चा गरेकी छन् । उनले यस उपन्यासलाई राजनैतिक उपन्यास भनेकी छन् ।

शारदा कुमारी अधिकारीले **वसन्ती उपन्यासको कृतिपरक अध्ययन** (२०६३) शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा डायमनशमशेर राणाका अन्य उपन्यासहरूको चर्चा गर्ने क्रममा **अनीता** उपन्यासको पनि चर्चा गरेकी छन् ।

तुलसी भट्टराईले **गरिमा** (२०६४) को **डायमनशमशेर राणा सानो शब्दचित्र** शीर्षकको लेखमा डायमनशमशेर राणाका प्रायः सबै उपन्यासहरू नेपाली राजनीतिसँग सम्बद्ध छन् । उनका उपन्यासहरू इतिहास, राणाशासन, राणा प्रवृत्ति, राजनेता राजनीतिक पृष्ठभूमीका आधारमा लेखिएका छन् भनेका छन् । उनको यस भनाईबाट **अनीता** उपन्यास पनि ऐतिहासिक उपन्यास हो भन्न सकिन्छ ।

गरिमा (२०६५) को **गरिमा साक्षात्कार** मा डायमनशमशेर राणाले आफूले राणाको विषयमा नै बढी जानकारी भएकोले त्यस विषयमा बढी लेखिएको हो । **प्रतिबद्ध, अनीता** र **धनको धब्बा** अन्य विषयमा पनि छन् भन्दै **अनीता** उपन्यास राणा विषयभन्दा भिन्न विषयमा लेखिएको उपन्यास हो भनेका छन् ।

**आख्यानकार डायमन (२०६५)** पुस्तकमा ज्ञानेन्द्र विवशले **ऐतिहासिक उपन्यास र डायमन** शीर्षकको लेखमा डायमनशमशेर राणाको **वसन्ती** र **सेतोबाघ** कृतिको चर्चासँगै **अनीता** उपन्यासको पनि चर्चा गरेका छन् । उनले २०४३ सालमा छापिएको **अनीता** उपन्यास ऐतिहासिक दस्तावेज हो । **अनीता**मा सामाजिक रुढिवादी परम्परा विरुद्धका सशक्त आवाजहरू अनुगुञ्जित छन् । राजनीतिक चेपुवामा पर्न विवश भएकी अनीताको पीडादायी पक्षहरू तथा समाजका अनेक विकृतिसँग सामना गर्नु पर्दाका क्षणहरू पनि समेटिएको छ भनेका छन् ।

**आख्यानकार डायमन (२०६५)** पुस्तकमा रामदयाल राकेशले **अनीता उपन्यास संक्षिप्त सर्वेक्षण** शीर्षकमा **अनीता** उपन्यासको बारेमा लेखेका छन् । उनले **अनीता** उपन्यासमा राजैतिक चेतना घनीभूत भएर अभिव्यक्त भएको छ भन्दै राणाहरूको क्रुर,

निर्मम र निरङ्कुस शासनतन्त्रलाई धरासायी बनाउन केही क्रन्तिचेतनाहरू र कार्यकर्ताहरू आजीवन लागेका र त्यसको वर्णन यहाँ पढ्न पाइन्छ भनेका छन् ।

**आख्यानकार डायमन** (२०६५) पुस्तकमा राजेन्द्र सुवेदीले "इतिहासको औपन्यासिकरणः वसन्ती" शीर्षकको लेखमा डायमनशमशेर राणाका उपन्यासहरूले कलात्मकताका साथ आफ्नो पहिचान कायम गरेका छन् भन्दै **अनीता** उपन्यासमा नेपालमा राणा सरकारको पतनपछि देखा परेका, पञ्चायत कालसम्मको राजनीतिक इतिहासलाई विषय बनाइएको छ भनेर टिप्पणी गरेका छन् ।

ज्ञाननिष्ठ ज्ञवालीले **गरिमा** (२०६५), को **डायमनशमशेर राणा र उनको अनीता** शीर्षकको लेखमा तिथि मिति तलमाथि भए पनि **अनीता**मा ऐतिहासिक सत्य तथ्य भएकोले यो ऐतिहासिक उपन्यास हो र यसका घटनाहरू सत्य तथ्यमा आधारित छन् भन्दै **अनीता** उपन्यासलाई ऐतिहासिक उपन्यास भनेर विश्लेषण गरेका छन् ।

पुण्यप्रसाद शर्माले **अनीता उपन्यासको उपोद्घात** (२०६६) मा **अनीता** मा राजनीतिक चेपारोमा परेका पात्रहरूको इच्छाअनुसार नयाँ जीवन, नयाँ संसार सृजना गरी समाजमा बदलिन सक्ने परिस्थितिको जन्म भएको छ, भन्दै रुढिवादी परम्परालाई तोड्ने सामाजिक उपन्यास भनेका छन् ।

टीकाराम पोखेलले **डायमनशमशेर राणाका ऐतिहासिक उपन्यासमा ऐतिहासिक तत्त्व** (२०६६) शीर्षकको विद्यावारिधी तहको शोधप्रबन्धमा डायमनशमशेर राणाको जीवनी साथै उनको उपन्यासहरूको विश्लेषण गर्ने क्रममा **अनीता** उपन्यासको पनि विश्लेषण गरेका छन् ।

खगेन्द्र लुइटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) मा डायमनशमशेर राणाको **अनीता** उपन्यास ऐतिहासिक पृष्ठभूमिमा लेखिएको भए पनि राजनैतिक सन्दर्भ बढी मात्रामा आएको उपन्यास हो, भनेका छन् ।

## १.५ शोधको औचित्य वा महत्त्व

**अनीता** उपन्यास नेपाली साहित्यको चर्चित उपन्यास हो । चर्चित उपन्यास भएर पनि यसका बारेमा अहिलेसम्म संक्षिप्त चर्चा मात्र गरिएको छ, विशेष अध्ययन भएको देखिदैन । अतः यस शोधपत्रमा प्रस्तुत कृतिको यथासम्भव सर्वपक्षीय अध्ययन गर्नु

औचित्यपूर्ण देखिन्छ । साथै यस उपन्यासका बारेमा थप मार्गनिर्देश गर्नको लागि पर्याप्त मात्रामा प्रस्तुत शोधकार्यले सहयोग गर्नेछ । त्यसैले प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

उपन्यासकार डायमनशमशेर राणाले नेपाली साहित्यको क्षेत्रमा ठूलो योगदान पुऱ्याएका छन् । उनको लेखनको प्रमुख विधा उपन्यास रहेको देखिन्छ । प्रस्तुत शोधकार्यमा राणाको संक्षिप्त जीवनी, औपन्यासिक यात्रा र मूलभूत प्रवृत्तिहरूको चर्चा गर्दै **अनीता** उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । डायमनशमशेर राणाको बारेमा गरिएका समीक्षात्मक टिप्पणीहरूका साथै **अनीता** उपन्यासको बारेमा यसभन्दा पूर्वका शोधकर्ताहरूले गरेको शोधकार्यलाई पनि सामग्री सङ्कलनको स्रोत बनाइएको छ । राणाको बारेमा विभिन्न पत्र पत्रिकामा लेखिएका लेख र उपन्यास सिद्धान्तलाई पनि सामग्रीको स्रोत बनाइएको छ ।

### १.७.२ अध्ययन तथा विश्लेषण विधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढंगले प्रस्तुत गरिएको छ । उपन्यासको अध्ययनको सन्दर्भमा उपन्यासको सैद्धान्तिक अवधारणा र औपन्यासिक तत्त्वलाई आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सन्तुलित एवम् व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्नानुसार पाँच परिच्छेदमा संयोजन गरेर प्रस्तुत गरिएको छ :

पहिलो अनुच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : उपन्यासकार डायमनशमशेर राणाको संक्षिप्त जीवनी र उनका औपन्यासिक प्रवृत्ति

तेस्रो परिच्छेद : उपन्यास विश्लेषणका आधारहरू

चौथो परिच्छेद : औपन्यासिक तत्त्वहरूको आधारमा **अनीता** उपन्यासको विश्लेषण

पाँचौँ परिच्छेद : उपसंहार

सन्दर्भ सामग्री

# दोस्रो परिच्छेद

# डायमनशमशेर राणाको संक्षिप्त जीवनी र औपन्यासिक यात्रा

## २.१ जन्म तथा बाल्यकाल

डामनशमशेर राणाको जन्म विक्रम सम्वत् १९७५ असार २१ गते पाल्पा जिल्लाको तानसेन बजारको पिपलबोटमा बाबु बुधशमशेर ज.व.रा. र आमा मोहनकुमारीबाट भएको हो । डायमनशमशेर बाबु आमाका कान्छा सन्तान हुन् । उनका बाजे पाल्पाको बडाहाकिम हुँदा सबै परिवार पाल्पामा थियो । उनी जन्मेको छ महिनापछि उनका बुबा काठमाण्डौ आएका थिए र उनी पनि ल्याइएका थिए (भट्टराई,२०६५:१५) ।

## २.२ पारिवारिक पृष्ठभूमि

समृद्ध परिवारमा जन्मेका डायमनशमशेरको पारिवारिक पृष्ठभूमि हेर्दा राणा शासनको संस्थापक जङ्गबहादुर राणाका कान्छाभाई धीरशमशेरका सत्र भाई छोराहरूमध्ये शेरशमशेर पनि एक हुन् । शेरशमशेरका छोरा बुधशमशेर नै डायमनशमशेरका बुबा हुन् । शमशेर खलकका भएकाले जङ्गबहादुरको मृत्युपछि नेपाली राजनीतिमा उनका हजुरबुबाको धाक-रवाफ निकै बढ्न गयो । शासकवर्गका व्यक्ति भएकाले उनको समाजमा निकै मान-सम्मान पनि थियो । त्यही धाक-रवाफका कारण उनका हजूरबुबा सरकारी प्रशासनको उच्च ओहदासम्म पुगेको थिए । त्यसबेला उनले प्रशस्त धनसम्पत्ति कमाउने मौका पाएका थिए । उनको हजुरबुबाको निधनपछि उनका बुबा बुधशमशेर पनि बडाहाकिम भएर विभिन्न जिल्लाहरूमा गएका थिए । बुध शमशेरका चारवटी पत्नी थिए । तिनीहरू क्रमशः खगेन्द्र कुमारी, गजराज कुमारी, मोहन कुमारी र चन्द्र कुमारी हुन् । मोहनकुमारी डायमनशमशेरकी आमा हुन् । डायमनशमशेर राणाका दुई दाजुहरू र दुई दिदीहरू थिए (रेग्मी,२०५४:४३) । यसरी समुद्ध र सम्पन्न परिवारमा जन्मेका डायमनशमशेर राणाको परिस्थिति र बाध्यताले जीवनशैली भने साधारण देखिन्छ ।

## २.३ बाल्यकाल र शिक्षा

उपन्यासकार डायमनशमशेर राणाको बाल्यकाल सम्पन्न राणा परिवारमा जन्मेको कारण त्यति दुःखपूर्ण रहेन । उनी छ महिनाको हुँदा उनको बाबुको सरुवा काठमाण्डौंमा भएकोले उनको जन्मस्थानबाट उनलाई काठमाण्डौं ल्याइयो । त्यसबेला काठमाण्डौंको थापाथली दरबारमा उनीहरूको परिवारको बसोबास थियो । बाजे जर्नेल भएकोले पारिवारिक आयस्ता राम्रो थियो । खानपिन र रसरङ्गमा पारिवारिक चासो भए पनि पढ्ने पढाउने सन्दर्भमा भने खासै कसैको चासो थिएन । प्रारम्भिक दिनहरूमा उनी काठमाण्डौंमा भएर पनि उनको पढाई राम्रो चल्न सकेन । पछि उनको बुबा बुधशमशेरलाई वीरगञ्जको बडाहाकिम बनाइयो । त्यसपछि उनको परिवार फेरी वीरगञ्ज नै गएको पाइन्छ ।

तत्कालीन समयमा नेपालमा कुनै पनि विद्यालयहरू नभएकोले पढ्नको लागि भारतमा जानु पर्ने हुन्थ्यो र त्यसै समयमा भारतमा 'भारत छोडो' आन्दोलन सुरु भएको थियो । त्यहाँ पढ्न जाँदा गान्धीवादी शैलीमा खद्दरका कपडा लगाएर जानुपर्थ्यो तर यता राणापरिवारको लागि भने बेलायतबाट झिकाइएका सामान प्रयोग हुन्थे र खद्दरका कपडा लगाएर पढ्न जान डायमनशमशेरलाई सम्भव भएन (भट्टराई,२०६५:१२) । जसको कारणले उनको पढाइ अगाडि बढ्न सकेन ।

उनको परिवारको चन्द्रशमशेरको परिवारसँग राम्रो सम्बन्ध थियो । चन्द्रशमशेरका छोरा मदनशमशेर र डायमनशमशेर समकालीन थिए । मदनशमशेरलाई पढाउनको लागि कलकत्ताका प्रोफेसर अनिमेषचन्द्र रायलाई झिकाइएको थियो र डायमनलाई पनि पढ्ने मौका मिल्यो । चारवर्षपछि उनको बाबुको काठमाण्डौं सरुवा भयो र डायमनशमशेरलाई पनि काठमाण्डौको पाटन स्कुलमा भर्ना हुने अवसर मिलेको थियो । उनी नौ कक्षामा पढ्दै गर्दा उनको बुबाको फेरि सप्तरी जिल्लाको हनुमान नगरमा सरुवा भयो । त्यस ठाउँमा न त कुनै विद्यालय नै थियो न त उनको पढाइलाई अगाडी बढाउनको लागि कुनै शिक्षकको व्यवस्था नै भयो जसको कारण उनको पढाइमा अवरोध आयो । २/३ वर्ष त्यतिकै बितिसकेपछि उनको बुबाको फेरि काठमाण्डौंमा सरुवा भयो । काठमाण्डौं आएपछि उनको पढाइ पुनः सुरु भयो । पढाइ एस.एल.सी. सम्म पुग्यो र तत्कालीन समयमा नेपालमा एस. एल. सी परीक्षा दिने व्यवस्था थिएन । परीक्षा दिनको लागि भारतमा जानुपर्थ्यो । त्यस

समयमा भारतमा स्वतन्त्र आन्दोलन चर्किएकाले उनले परीक्षा दिन पाएनन् । त्यसै समयमा अर्थात १९९८ सालमा उनको बाबुको निधन भएकोले उनको औपचारिक शिक्षामा तगारो लाग्यो । उनको पढ्ने ईच्छा भएर पनि जागिर खानुपर्ने बाध्यता भयो र पल्टनमा जागिरे भए । अनौपचारिक रूपमा नै शिक्षा लिने निर्णय गरे ।

## २.४ व्रतबन्ध र विवाह

डायमनशमशेरको ब्रतबन्ध वि.स. १९९७ मा हिन्दू संस्कृति अनुसार बाइस वर्षको उमेरमा वनासरमा भएको हो । उनको ब्रतबन्ध भएको एक वर्षपछि १९९८ सालमा उनको बाबुको मृत्यु भएकोले घरव्यवहारको सम्पूर्ण जिम्मेवारी उनको काँधमा आइपऱ्यो । उनले आफ्नो घर गृहस्थी संचालनको लागि उनले २००० सालमा आफैले रोजेर पश्चिम १ नम्बर नुवाकोटका ढालविक्रम शाहकी छोरी बालिका शाहसँग विवाह गरेका थिए(शर्मा,२०४२:१२) । विवाह भएको दुई वर्षपछि उनको पहिलो सन्तान तीर्थेश्वरीको जन्म भयो । त्यसपछि खुस्वुशमशेर र रघुशमशेरको जन्म भयो । रघु र तीर्थेश्वरी आ-आफ्नो जीवन चलाइरहेका छन् भने उनको एक पुत्र खुस्वु बेलायतमा उच्च शिक्षा लिदैं गरेको समयमा त्यहीँ असामयिक मृत्यु भएको हो । त्यसपछि उनलाई पुत्रशोक परेको देखिन्छ(भट्टराई,२०६५:१२) । जीवनमा जस्तोसुकै उतारचडाव सामना गर्नुपरे पनि उनको दाम्पत्य जीवन भने सफल रहेको देखिन्छ ।

## २.५ आजीविका

जन्मदै जर्नेल-कर्णेल उपाधि पाउने राणा परिवारको तत्कालीन परिवेशमा जन्मिएका डायमनशमशेरलाई कुनै पनि आर्थिक समश्या परेका देखिदैन । १९९८ सालमा उनका पिताको देहान्त भएकोले आफ्ना बुबाको ठाउँमा सैनिक सेवामा प्रवेश गर्नुपर्ने आफ्नो पारिवारिक कर्तव्य ठानी उनी सैनिक सेवामा भर्ती भए । उनी सैनिक सेवामा हुँदा राणाशासनको भ्रष्ट र अत्याचारी क्रियाकलापबाट असन्तुष्ट भई सैनिक सेवामा बहाली रहेरै पनि श्री ५ त्रिभुवनलाई स्वदेश फर्काउने आन्दोलनमा भाग लिएकोले २००७ सालको माघतिर कोर्टमार्शलमा मृत्युदण्डको सजाय सुनाइयो तर २००७ सालको सशस्त्र क्रान्तिमा नेपाली काङ्ग्रेसले विजय प्राप्त गरेपछि उनले मृत्युदण्डको सजाय भने भोग्न परेन (रेग्मी,५४:४५) ।

राणाशासनको समयमा उनको तराईमा दुई हजार विघा जमीन थियो । त्यसबाट आउने ठूलो आम्दानीले गर्दा उनले त्यसबेला कुनै प्रकारको आर्थिक सङ्कटको सामना गर्नु परेन । नेपालमा प्रजातन्त्रको स्थापनापछि भूमिसुधार कार्यक्रम अन्तर्गत उनको सो जमीन 'क' वर्गको बिर्ता अन्तर्गत वर्गीकृत भएपछि बाह्र हजार क्षतिपूर्ति दिई सरकारले लियो । यसपछि भने उनलाई आर्थिक सङ्कटले घेर्न थाल्यो (शर्मा,२०४२:१३) । त्यसपछि आजीविकाको स्रोत भनेको काठमाण्डौंमा रहेको पुर्ख्यौली घर मात्र रह्यो । प्रजातन्त्रको बहालीपछि राणा शासनमा गुमेको नोकरीमा पुनर्वहाली गरिएको भएपनि उनलाई त्यो जागिरमा बस्न मन नभएपछि जागिर छाडिदिएको देखिन्छ । वि.स. २००६ मा प्रकाशित **वसन्ती** उपन्यासले उनलाई आर्थिक लाभ दिनको सट्टा नोक्सान नै पुऱ्याइरहेको थियो । त्यसैले उनलाई कलमले पेट धान्न कुनै मद्दत गरेन । वि.स. २०३० मा **सेतो बाघ** प्रकाशित भइसकेपछि उनलाई लेखनबाट सामान्य आम्दानी हुन थाल्यो । उनले **सेतो बाघ** पछि **सत्प्रयास, अनीता, धनको धब्बा, प्रतिवद्ध**, र **गृहप्रवेश** उपन्यासहरू लेखेका छन् । उनका यी विभिन्न उपन्यासहरूले पनि उनलाई सीमित आम्दानी दिन थाले । **सेतो बाघ** अङ्ग्रेजी भाषा लगायत फ्रान्सेली, जर्मनी, जापानिज जस्ता विविध भाषामा अनुवाद भएपछि भने राम्रोसँग आम्दानी भयो । यसरी डायमनशमशेरले आफ्नो लेखनलाई व्यवसाय बनाएर जीविका चलाएका हुन् ।

## २.६ व्यक्तित्व

उपन्यासकार डायमनशमशेर राणाको व्यक्तित्वलाई निम्न दुई बुँदामा राखेर अध्ययन गर्न सकिन्छ :

### २.६.१ डायमनशमशेर राणाको राजनीतिक व्यक्तित्व

डायमनशमशेर राणा वास्तवमा राजनीतिज्ञ होइनन् तर समयले उनलाई राजनीतिक क्षेत्रमा पुऱ्यायो । डायमनशमशेरमा केटाकेटी उमेर देखी नै विद्रोही स्वाभाव थियो । उनको घरमा ठूलाबडाले नोकरचाकरलाई सानो गल्तीमा घरबाट निकालेको, शारीरिक तथा मानसिक यातना दिएको देख्दा उनलाई दुःख लाग्थ्यो । उनले आफ्नै गुरु अनिमेषचन्द्र रायबाट भारतीय स्वतन्त्रता आन्दोलनबारे जानकारी पाउनका साथै उनैले दिने गरेका विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूबाट विश्व राजनीतिका कुराहरूबारे जानकारी पाएका

थिए । भारत स्वतन्त्र भएपछि राणाविरोधी पर्चा, पम्पलेट र केही भारतीय छापाहरू पनि हेर्थे । विस्तारै नजानिँदो पाराले राजनीतिक चेतना जागेको थियो (भट्टराई, २०६५:२१) । पछि उनको बाबुको देहान्तपछि उनी सैनिक सेवामा प्रवेश गरे । उनी आफू राणा परिवारका भएकोले र सैनिक सेवामा रहँदा त्यहाँभित्रबाट अझ राम्रोसँग राणाशासनलाई नियाल्ने मौका पाएकोले उनले त्यहाँभित्र निकै विकृति देखे । यूवा जोश भएका र अङ्ग-अङ्गमा देशभक्तिको भावना भरिएकाले राणाशासनभित्र रहेको विकृतिलाई देख्ता उनीभित्र विस्तारै राणाशासनप्रति वितृष्णा फैलन थाल्यो । परिणामतः उनको मन राणाशासनको विरोधमा बोल्ने जमातप्रति तानिन थाल्यो । राणाशासनको तत्कालीन समयमा विरोध गर्न सम्भव थिएन । त्यो पीडा पोख्न उनले कलम समातेका थिए तर २००६ सालमा नेपाली काङ्ग्रेसले सशस्त्र क्रान्तिको आह्वान गरेपछि उनी नेपाली काङ्ग्रेसप्रति सहानुभूति राख्न थाले । फलतः नेपाली काङ्ग्रेसको समर्थक बनेर २००७ सालमा नेपाली काङ्ग्रेको क्रियाशील सदस्य बने ।

२००७ सालमा श्री ५ त्रिभुवन जिन्दावाद ! भन्दै राणाविरोधी जुलुसमा भाग लिंदा उनी समातिए र सत्र दिनसम्म थुनामा राखिए (रेग्मी, २०५४:४६) । त्यस समयमा डायमनशमशेर सैन्य सेवाको व्यक्ति भएकोले विश्वासघाती भनेर फाँसी दिने निर्णय भएको थियो तर केही दिनभित्रै दिल्ली वार्तापछि राजा त्रिभुवनको फिर्ती भयो । पछि नेपाली काङ्ग्रेसले विजय प्राप्त गरी राणा काङ्ग्रेस सरकार बन्यो, सबै बन्दीहरू छुट्दा डायमनशमशेर पनि रिहा भए (रेग्मी,२०५४:४६) । उनी जागिरमा समेत बहाली भए ।

प्रजातन्त्रको स्थापनापछि उनी जागिर छाडेर पूर्ण रूपमा राजनीतिमा लागे र नेपाली काङ्ग्रेसको कार्यकारिणी सदस्य बने । उनलाई नेपाली काँग्रेसको पाटनको सभापति बनाइएको देखिन्छ । नेपालमा प्रजातन्त्रपछि उनी एक काँग्रेस कार्यकर्ताका रूपमा चिनिन थाले । २००७ सालदेखि २०१७ सालसम्म उनी साहित्यमा नभएर राजनीतिज्ञको रूपमा प्रतिष्ठित भए (शर्मा,२०४२:१६) । देशमा आमनिर्वाचन गराउनुपर्छ भनी नेपाली काङ्ग्रेसले वि.स.२०१४ मा गरेको भद्र अवज्ञा आन्दोलनमा उनी पूर्णरूपमा संलग्न रहे । त्यसबेला उनलाई पक्राउ गरी ३ घण्टासम्म प्रहरी हिरासतमा राखेर रिहा गरियो । वि.स. २०१५ मा नेपालमा प्रथम संसदीय निर्वाचनमा नेपाली काँग्रेसलाई विजयी बनाउने अभियानमा उनी लागेका थिए । नेपाली काङ्ग्रेसले निर्वाचनमा जितेर प्रथम जननिर्वाचित सरकार बनाउने अवसर पायो । त्यसको करिब १८ महिनापछि तत्कालीन राजा महेन्द्रले जननिर्वाचित

मन्त्रिमण्डल भङ्ग गरी मन्त्रिमण्डलका सदस्यहरू र नेपाली काङ्ग्रेस लगायत सबै राजनीतिक कार्यकर्तालाई गिरफ्तार गर्न लगाएका थिए । त्यस समयपछि निर्दलीय पञ्चायती व्यवस्थाको सुत्रपात भयो । यसै क्रममा डायमनशमशेर पनि पक्राउ परे । नख्खु जेलमा ६ वर्ष बिताएपछि २०२२ सालमा उनी रिहा भए । उनको अन्तर्मनमा संसदीय प्रजातन्त्र मात्र देशको कल्याणकारी शासन व्यवस्था हो भन्ने छाप परेकोले उनले पुनः त्यो कार्यलाई आफ्नो साहित्यको माध्यमबाट संसदीय व्यवस्थाको वकालत गरिरहे । त्यसैले उनले ऐतिहासिक उपन्यासको साथसाथै ऐतिहासिक पृष्ठभूमिमा आधारित सामाजिक राजनीतिक उपन्यासहरूको रचना गरे । वि.स.२०४६ को जनआन्दोलनमा उनी लेखकहरूद्धारा संचालन गरिएको सत्याग्रहमा भाग लिएको कारण आठ घण्टा प्रहरी हिरासतमा पनि बसे (रेग्मी, २०४६:४६) । विश्वेश्वरप्रसाद कोइरालाद्वारा अत्यन्त प्रभवित डायमनशमशेर राणाले संसदीय व्यवस्थाको स्थापना र पुनस्थापनाको लागि धेरै संघर्ष गरेको देखिन्छ । त्यसैले उनी साहित्यकार व्यक्तित्वका साथै एक सफल राजनीतिक व्यक्तित्व पनि हुन् ।

### २.६.२ डायमनशमशेर राणाको साहित्यिक व्यक्तित्व

उपन्यासकार राणाको औपन्यासिक शिक्षा प्राप्त गर्ने धोको अपूरो रहेपछि उनले विभिन्न लेखकहरूको पुस्तक अध्ययनमा समय लगाएको देखिन्छ । आफ्नै बङ्गाली गुरुका प्रभावमा परेर उनले लेख्न थालेको र प्रजातन्त्रबाट पनि प्रभावित भएर लेख्न थालेका हुन् । **वसन्ती** शिक्षककै प्रभावबाट लेखेको र **सेतो बाघ** जेलभित्र लेखेको उनले भनेको छन् (रेग्मी,२०५४:४६) । यसरी आफ्नो गुरुको प्रेरणाले साहित्य लेखनमा हौसला मिलेको थियो भने सेक्सपियर, वनार्ड शा, प्रेमचन्द्र, वाल्टर स्टक, वाइरन आदिका कृतिहरूको अध्ययनबाट उनमा पनि त्यस्तै कृति लेखेर प्रसिद्ध हुने चाहना बढेको देखिन्छ ।

तत्कालीन समयमा नेपाली साहित्यमा कविता विधाले केही उन्नति गरेको भए पनि उपन्यास र अन्य विधाले फस्टाउने मौका पाएका थिएनन् । अर्कोतर्फ डायमनशमशेरको मनमा राणा शासनप्रतिको वितृष्णा जागै थियो । त्यो वितृष्णालाई प्रतक्ष मौखिक अभिव्यक्ति दिन तत्कालीन परिवेशमा सम्भव नभए पछि उनले आफूले सुनेका, देखेका, भोगेका, कुराहरूलाई ऐतिहासिक उपन्यास लेखी व्यक्त गर्ने अठोट गरेर साहित्यिक बाटो अपनाएका थिए ।

उनी ऐतिहासिक लेखनमा लाग्नुको उद्देश्य क्रान्तिलाई सघाउनु थियो । राणातन्त्रका विरुद्ध बन्दुक उठाउन नसकेकोले उनले कलम उठाएका हुन् । **वसन्ती** उनको क्रान्तिमा सामेल भएको पहिलो अभिव्यक्ति हो । उनले २००३ सालमा **वसन्ती** उपन्यास लेखेर सिध्याए पनि प्रकाशन गर्न स्वीकृति नपाएकोले तीन वर्ष पछि मात्र आफ्नो लगानी र प्रयासमा प्रकाशित गरे (रेग्मी,२०५४:४६) । त्यस समयमा उपन्यास पढेर समालोचना गर्ने व्यक्ति पाईएको छैन । डायमनशमशेरले कसैलाई जुत्ता, कसैलाई कोट, कसैलाई पैसा, पैसा दिएर पढ्न लगाउँथे र आलोचन सुन्ने गरेका छन् (शर्मा, २०४२:२१) । यसरी त्यस समयमा उपन्यास प्रकाशनपछि काठमाडौँमा विक्रि भएन भने दार्जिलिङ्गमा केही मात्रामा विक्रि भयो । **वसन्ती**बाट उनी निराश भएर उपन्यास लेख्न छाडेर राजनीतितिर लागेका छन् । वि.स. २०१७ को राजनीतिक परिवर्तनपछि उनी ६ वर्षसम्म जेलमा थुनिए । उनीसँग थुनिएका मदनमणि दीक्षित, तारिणीप्रसाद कोइराला, के.आई. सिंह आदिको हौसलाबाट उनले पुनः उपन्यास लेख्न थाले । २०३० सालमा **सेतो बाघ** प्रकाशन भयो । मूल रूपमा यस समयदेखि नै डायमनशमशेर नेपाली साहित्य जगत्मा ऐतिहासिक उपन्यासकारको रूपमा चर्चित भए ।

उनको अन्तरात्मामा ध्वनित भइरहने संसदीय व्यवस्थाप्रतिको आस्था तथा आग्रहलाई साहित्य मार्फत अभिव्यक्ति दिने अठोट गरी उनले ऐतिहासिक पृष्ठभूमि भएका राजनैतिक सामाजिक उपन्यासहरूको रचना गर्न थाले । **सेतो बाघ**पछि उनको **प्रतिबद्ध** उपन्यास २०३४ सालमा प्रकाशित भयो । उनको यस उपन्यासले त्यति चर्चा पाउन सकेन । देशमा राजनीतिक परिवर्तनको लागि चलेको आन्दोलनको आगोले डायमनशमशेरलाई पनि छुन पुग्यो र त्यसलाई वाणी दिने तथा पञ्चायती व्यवस्थाको अन्तरतहमा रहेका विकृतिलाई उदाङ्गो बनाउने हेतुले उनले आफ्नो कलम चलाए र **सत्प्रयास, अनीता** जस्ता उपन्यासहरूको रचना गरे । २०४६ सालको प्रजातन्त्र प्राप्तिले उनलाई त्यस कार्यमा झन् उकास्यो र त्यसको प्रतिफल स्वरूप २०५१ सालमा **धनको धब्बा** प्रकाशित गरे । उनको सबैभन्दा पछिको उपन्यास **गृहप्रवेश** हो । यो खुल्ला र स्वतन्त्र रूपमा लेखिएको छ ।

उनको जम्मा सातवटा औपन्यासिक कृतिहरू प्रकाशित भएको पाइन्छ । उनको प्रमुख विधा उपन्यास नै हो, ती पनि ऐतिहासिक उपन्यास । ऐतिहासिक उपन्यास रचना

गर्ने काममा अहिलेसम्म हाम्रो नेपाली साहित्यमा डायमनशमशेर कै प्रभुत्व देखिन्छ ( रेग्मी,२०५४:५०) । त्यसैकारणले उनी बराबरको ऐतिहासिक उपन्यास आजसम्म कसैले पनि लेखेको पाइदैन र उनी नेपाली  ऐतिहासिक उपन्यास जगतका एक विशिष्ट व्यक्तित्व हुन् ।

## २.७ सम्मान तथा पुरस्कारहरू

डायमनशमशेर राणालाई विभिन्न संघ संस्थाहरूबाट मान सम्मान तथा पुरस्कार प्रदान गरिएका छन् , ती बुँदागत रूपमा यसप्रकार छन्

१. शुभ समूहद्वारा शुभ समूह पुरस्कार-२०४२
२. भारती खरेल स्मृति प्रतिष्ठानद्वाराभारती खरेल स्मृति पुरस्कार -२०५०
३. शुभ समूहद्वारा- सम्मान २०५४
४. राष्ट्रिय प्रतिभा पुरस्कार  २०५५
५. सर्वदा वाङ्मय प्रतिष्ठान २०५६
६. द रेयूकाई नेपाल पाटन साखाद्वारा  सम्मान पत्र -२०५७
७. गणेशमानसिंह अध्ययन प्रतिष्ठानद्वारा सम्मानपत्र–२०५७
८. सनातन धर्म समितिद्वारा-अभिनन्दनपत्र–२०५७
९. कलासाहित्य समाज सेवाद्वारा अभिनन्दनपत्र २०५७
१०. हाउस अफ राजकर्णिकार समूहद्वारा लाइफ टाइम अचिभमेन्ट–ई. १९९८
११. आह्वान समूह चावहिलद्वारा अभिनन्दन २०५७ साल ।

यी विभिन्न प्रकारका पुरस्कार तथा अभिनन्दनबाट डायमनशमशेर राणा सम्मानित भएका डायमनशमशेर राणाको वि.स. २०६७ फागुन २० गते निधन भएको पाइन्छ ।

## २.८ डायमनशमशेर राणाको औपन्यासिक यात्रा

नेपाली साहित्यका विविध विधाहरूमध्ये डायमनशमशेरले उपन्यासका क्षेत्रबाट प्रसिद्धि पाएका छन् । उनको प्रमुख साहित्यिक उपलब्धि नै उपन्यास हो । आधुनिक नेपाली उपन्यास परम्परामा सुरु भएको आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा पश्चात् ऐतिहासिक यथार्थवादी धाराको  सुत्रपात गर्ने प्रथम ऐतिहासिक उपन्यासकारका रूपमा डायमनशमशेरको नाम  आउँछ । हुन त टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुवँर राणा** (१९९९) ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास हुन् तर ती

उपन्यासमा शुष्क वर्णन मात्र भएको र तत्कालीन सामाजिक पृष्ठभूमि, सुक्ष्म यथार्थ एवम् औपन्यासिक कलाको अभाव भएकोले ऐतिहासिक यथार्थवादी धाराको सुरुवात डायमनशमशेरको **वसन्ती** (२००६) बाट भएको मानिन्छ (बराल र एटम,२०६६:१०४) । पहिलो ऐतिहासिक उपन्यास **वसन्ती** (२००६) लेखेका डायमनशमशेरको जम्मा सातवटा उपन्यासहरू छन् । **वसन्ती** देखि **गृहप्रवेश** (२०५९) सम्मको उनको लेखन यात्रालाई विभाजन गर्न त्यति सहज छैन । तर पनि उनको औपन्यासिक यात्रालाई यस अघि पनि केही अध्ययनकर्ताहरूले विभाजन गरेका छन् । जसलाई यसरी प्रस्तुत गरिएको छ –

कुसुम शर्माले "डायमनशमशेर राणाको जीवनी, व्यक्तिन्व २०४२" को शोधअध्ययनमा डायमनशमशेरको उपन्यासकारितालाई यसरी विभाजन गरेकी छिन् :

क) साहित्यिक थालनी वा प्रारम्भिक अवस्था– वि.स. २००६ देखि वि.स. २०१६ सम्म

ख) साहित्यिक यात्राको दोस्रो मोड– वि.स.२०१७ देखि हालसम्म

कुमुम शर्माको यो विभाजनको आधार प्रस्ट छैन । त्यसैगरी उनको यो अध्ययनको समय वि.स. २०४२ भएको कारण २०४२ सालपछि लेखिएका उपन्यासहरू यस अध्ययनमा समेटिएका छैन । त्यसैले यस विभाजनलाई पूर्णता मान्न सकिँदैन ।

"डायमनशमशेर राणाको ऐतिहासिक उपन्यास २०५४" शीर्षकको स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने क्रममा अर्का अध्ययनकर्ता भोलानाथ रेग्मीले डायमनशमशेर राणाको औपन्यासिक यात्रालाई यसरी विभाजन गरेका छन् :

(क) प्रथम चरण– प्रारम्भदेखि २०३० सालसम्म अर्थात् लेखकीय राजनीतिक आग्रहमुक्त काल

(ख) द्वितीय चरण– २०३१ सालदेखि हालसम्म अर्थात लेखकीय राजनीतिक आग्रहयुक्त काल दोस्रो चरणको पूर्वार्द्धकाल ( वि.स.२०३१– २०३८ सम्म)
दोस्रो चरणको उत्तरार्द्ध चरण (वि.स.२०३९ देखि हालसम्म)

रेग्मीको यस विभाजनमा हालसम्मको अर्थ २०५४ साल हो । उनको यस विभाजनमा डायमनशमशेरको अन्तिम उपन्यास **गृहप्रवेश** समेटिएको छैन । ४०५४

सालभन्दा अगाडि पनि उनको लेखनयात्रा अगाडि बढेकोले यस विभाजनलाई पूर्ण मान्न सकिदैंन ।

डायमनशमशेर राणाको ऐतिहासिक उपन्यासमा विद्यावारिधी तहको शोधपत्र तयार गर्ने क्रममा अर्का शोधार्थी टीकाराम पोखेलले **"डायमनशमशेर राणाको उपन्यासमा ऐतिहासिक तत्त्व"** शीर्षकको शोधपत्रमा डायमनशमशेर राणाको औपन्यासिक यात्राको विभाजन तीन भागमा गरेका छन् । प्राय : ऐतिहासिक विषयवस्तुको चिरफार र बहुदलीय प्रजातन्त्र (**वसन्ती** बाहेक) को वकालतमा नै रमाउने डायमनशमशेरको उपन्यासकारीता दलीय राजनैतिक व्यवस्थाको वकालतको सन्दर्भमा हेर्ने हो भने एउटै गतिमा अगाडी बढेको जस्तो देखिन्छ । तथापी केही सुक्ष्मगत प्रवृत्ति परिवर्तनका आधारमा यसरी विभाजन गरिएको छ –

(क) पहिलो चरण (वि.स. २००६ देखि वि.स. २०३०सम्म) लेखन आरम्भः

(ख) दोस्रो चरण (वि.स. २०३० देखि वि.स. २०५० सम्म) उर्वरकालः

(ग) अन्तिम चरण (वि.स.२०५१ देखि २०६७ सम्म) शिथिल अवस्थाः

पोखेलको यस विभाजनलाई पछिल्लो समयको र मान्य विभाजन मान्न सकिन्छ । यी चरणहरूको यस प्रकार वर्णन गरिएको छ :

**(क) पहिलो चरण ( वि.स.२००६ देखि २०३० सम्म) लेखन आरम्भः**

डायमनशमशेर राणाको साहित्य साधनाको केन्द्रबिन्दु उपन्यास क्षेत्र नै हो । उनले जुद्धशशमशेरको अधिनायकवादलाई हिटलरको माध्यमबाट गाली गरेर एउटा लेख लेखेका थिए जुन लेख शारदा पत्रिकामा प्रकाशित भएको थियो तर त्यो लेख अहिले प्राप्य पनि छैन (रेग्मी,२०५४:५८) । त्यस्तै उनले २००७ सालमा स्व. श्री ५ त्रिभुवनको भारतबाट फिर्तीसवारी हुँदा सुनाउन भनी एउटा कविता पनि लेखेका थिए तर त्यो कविता प्रकाशित हुन नपाउँदै हरायो (शर्मा,२०४२:२०) । उनका यी अप्राप्य लेखहरू बाहेक औपन्यासिक कृतिभन्दा अन्य साहित्यिक विधाहरूतर्फ कलम चलाएको देखिदैंन ।

प्रथम चरणको कृति **वसन्ती** उपन्यास हो । यस चरणमा उनले ऐतिहासिक उपन्यास लेखे । **वसन्ती** उपन्यास गगनसिंहको जीवनमा आधारित छ तर उपन्यासकी नायिका वसन्ती भने काल्पनिक पात्र हो । **वसन्ती**मा ऐतिहासिक घटनाक्रमको साथमा मनोरञ्जनात्मक

काल्पनिक घटनाको पनि रमाइलो प्रस्तुति भएको छ (रेग्मी,२०५४:५९) । **वसन्ती**मा इतिहासको रस नपाइने होइन, तापनि सस्तो काल्पनिकताले त्यसको सौन्दर्यलाई निकै खल्बल्याएको छ (शर्मा,२०४२:२२६) । प्रथम चरणको प्रथम उपन्यास **वसन्ती** लेखकीय राजनीतिक आग्रहबाट मुक्त छ तर यस उपन्यासमा उपन्यासकार त्यहाँको एक पात्र जङ्गबहादुरप्रति बढी नरम देखिन्छन् । त्यसको कारणको रूपमा **वसन्ती** उपन्यासको रचनाकालीन परिस्थिति र तत्कालीन राजनीतिको प्रभाव तथा लेखकको पारिवारिक पृष्ठभूमिलाई लिन सकिन्छ ।

औपचारिक शिक्षा पूरा गर्ने धोको अधुरो रहेपछि त्यसको क्षतिपूर्ति स्वरूप लेखनकार्य सुरुवात गरेका डायमनशमशेरले २००२ सालदेखि साहित्य सृजना गर्ने चाहना राखेका भए पनि उपन्यास लेखनको सुरुवात भने वि.स २००३ सालबाट गरेका हुन् । त्यही वर्ष उनले **वसन्ती** उपन्यास लेखेका हुन् । राणाशासनको समयमा नयाँ पुस्तक छापिनु एउटा अनौठो घटना मानिन्थ्यो । जङ्गबहादुरको उदयकथा साथै दरबारभित्रको ज्वलन्त उदाहरण भएको **वसन्ती** राणाइतर व्यक्तिले लेखेको भए छाप्न सम्भव थिएन (भट्टराई,२०६४:८२) । डायमनशमशेरले पनि धेरै झमेलासँग सामना गरेर त्यसलाई वि.स. २००६ मा प्रकाशन गरेको देखिन्छ । प्रकाशनपछि पाठकको अभाव भएको कारण उनी लेखनकार्यलाई छाडेर राजनीतितिर लागेका छन् । लामो समयसम्म कलम चलाएनन् । राजनीतिक कार्यकर्ताको रूपमा जेल परेको समयमा डायमनशमशेरले **सेतो बाघ** लेखेका भएपनि यो वि.स. २०३० सालमा मात्र प्रकाशन भएको देखिन्छ ।

### ख) दोस्रो चरण ( वि.सं.२०३० देखि २०५० सम्म ) उर्वरकालः

उपन्यासकार डायमनशमशेर राणका **सेतो बाघ** (२०३०) प्रकाशन भएपछि दोस्रो चरणको सुरुवात भएको हो । **सेतो बाघ** छ वर्षे जेलजीवनको समयावधिमा लेखिएको उपन्यास भएपनि वि.सं. २०३० मा प्रकाशन भएकोले यसलाई दोस्रो चरणको मान्नुपर्ने हुन्छ । लामो समयको अन्तरालपछि ऐतिहासिक उपन्यासको क्षेत्रमा डायमनशमशेर राणाको पुनः प्रवेश, वैचारिक यात्राको आरम्भ र कलात्मक उत्कर्षताको प्राप्ति जस्ता कारणले गर्दा **सेतो बाघ**को प्रकाशन डायमनशमशेर राणाको औपन्यासिक यात्राको मह□वपूर्ण बिन्दु हो (पोखेल,२०६५:१३०) । यहि बिन्दुदेखि **धनको धब्बा** प्रकाशनपूर्वको समय दोस्रो चरण हो ।

यस अवधिमा राणाका दुईवटा ऐतिहासिक उपन्यास र दुई वटा सामाजिक राजनैतिक उपन्यास प्रकाशित भएका छन् । यस अवधिमा उनको संसदीय व्यवस्थाप्रतिको मोह यति चरमतामा पुगेको छ कि बरू उनी आफूले उत्कृष्टता हासिल गरेको ऐतिहासिक विषयवस्तुलाई त्याग्न पुग्दछन् तर संसदीय व्यवस्थाको मानिलिउँ उपन्यासका फाँटमा उनी प्रवक्ता नै भइदिन्छन् । हुनसक्छ उनलाई संसदीय व्यवस्थाप्रतिको मोहले असाध्य गाँजेको तर इतिहासमा त्यसको पुष्ट्याइँ गर्ने विषयवस्तु नभेट्टाएर उनी **प्रतिबद्ध** (२०३४) जस्तो सामाजिक राजनैतिक विषयवस्तु अँगाल्न पुग्दछन् । प्रजातन्त्रको साहित्यिक घोषणापत्र झैँ लाग्ने **प्रतिबद्ध**ले उनको **सेतो बाघ**को सफलतालाई निरन्तरता भने दिन सक्तैन, त्यसैले उनी पुनः **सत्प्रयास** मा ऐतिहासिक विषयवस्तु मै फर्कन्छन् ।

**सत्प्रयास**मा ऐतिहासिक विषयवस्तु ग्रहण गरे पनि राणा संसदीय व्यवस्थाप्रतिको मोहलाई त्याग्न सक्तैनन् । **सत्प्रयास**लाई **सेतो बाघ**को द्वितीय खण्ड भनी चिनाउन खोज्नुले **सेतो बाघ**को सफलताप्रति राणा लोभिएको र **सत्प्रयास सेतो बाघ**भन्दा माथि उठ्न सक्तैन कि भनी अतालिएर राणा **सत्प्रयास**को सफलताका लागि **सेतो बाघ**को सफलतामाथि शरण परे झैँ लाग्दछ । **सेतो बाघ**को द्वितीय खण्ड **सत्प्रयास** हुनलाई त प्रथम खण्ड मानिएको **सेतो बाघ**कै कथाको निरन्तरता **सत्प्रयास**मा हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन । अनि **सेतो बाघ**को द्वितीय खण्ड भनिए पनि **सत्प्रयास**ले **सेतो बाघ**को झैँ सफलता हात पार्न पनि सकेन तथापि **प्रतिबद्ध**भन्दा चाहिँ **सत्प्रयास** निकै माथि उठेको छ (पोखेल,२०६५:१३०) । त्यसैले **सत्प्रयास**लाई डायमनशमशेरको मध्यम सफलता मान्न सकिन्छ ।

**सत्प्रयास** (२०३८) बाट ऐतिहासिक विषयवस्तुमा फर्के पनि तत्कालीन पञ्चायती व्यवस्थाको चरमता र त्यसको विरुद्धमा उठेका स्वरहरूले डायमनशमशेरलाई चुप लागेर बस्न दिएन । फलस्वरूप **अनीता** (२०४३) को जन्म हुन्छ । यदि **सत्प्रयास**लाई **सेतो बाघ**को द्वितीय खण्ड मान्ने हो भने उपन्यासमा उल्लेख नगरेको भए भए पनि **अनीता**लाई पनि **प्रतिबद्ध**को दोस्रो खण्ड भनिदिए हुन्छ । किनभने **सेतो बाघ** र **सत्प्रयास** राणाकालीन इतिहासमा देखिएको प्रजातान्त्रिक विचार राख्नेहरूको घाँटी थिचाइ हो भने **प्रतिबद्ध** र **अनीता** चाहिँ पञ्चायतकालीन राजनीतिक वातावरणमा संसदीय व्यवस्थावादी राजनैतिक कार्यकर्ताको जीवनसङ्घर्ष र तत्कालीन राजनीतिमा विद्यमान विसङ्गतिको जिउँदो तस्बीर हो (पोखेल,२०६५:१३०) । यस समयमा उनको धेरै उपन्यासहरू लेखिएको छ र उनको

लेखनयात्राको उर्वरकाल पनि यहि हो भन्न सकिन्छ ।

**ग) तेस्रो चरण ( वि.सं. २०५१ देखि २०६७ सम्म) शिथिल लेखनः**

डायमनशमशेर राणाको लेखनको तेस्रो चरणलाई शिथिल लेखन पनि भनिन्छ । यो समय उनको लागि उत्साहप्रद देखिदैंन । खासगरी बढ्दो उमेरसँगै उनको लेखनयात्रा पनि सुस्ताएको देखिन्छ । उनको पछिल्ला उपन्यासहरू त्यति सशक्त नदेखिएकाले पछिल्लो चरणलाई उनको लेखन यात्राको शिथिल कालका रूपमा चित्रण गर्नु उपयुक्त हुन्छ । यस चरणमा उनको **धनको धब्बा** र **गृहप्रवेश** दुईवटा उपन्यासहरू प्रकाशन भएका छन् ।

२०४६ सालको राजनैतिक परिवर्तनपछि राजनैतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिले राणाको दलीय व्यवस्थाप्रतिको आस्थामा पनि चोट पुऱ्याएको हुनसक्छ । त्यसैले **धनको धब्बा**मा राजनैतिक वैचारिकता भन्दा पनि राजनीतिक संरक्षणको खोल ओढेर भित्रभित्र तस्करी, घुसखोरी, कमिशनतन्त्र जस्ता विकृतिमा चुर्लुम्म डुबेकाहरूको काला कर्तुतहरूको उजागर गर्न उपन्यास उद्यत छ (पोखेल,२०६५:१३१) । **धनको धब्बा**मा आफ्नो राजनीतिक वैचारिकताबाट लेखक पूर्ण रूपमा मुक्त हुन नसकेका होलान् तर पनि उनको वैचारिक धरातलमा धब्बा भने लागेको छ । वैचारिकताका लागि वैचारिकता आएको झैँ लाग्ने यस उपन्यासमा वैचारिकता खाली देखाउने दाँत मात्र भएको छ ।

**धनको धब्बा**मा राणाले वैचारिक पक्षलाई छायाँमा पारी समाजमा देखा परेको विकृति र विसङ्गत पक्षलाई औपन्यासिक फूलबुट्टा भरेर प्रस्तुत गरेका छन् । तस्करी, अपराध, हत्या, रातारात धनी हुने आकाङ्क्षा बोक्नेहरूको जीवनलीला र त्यसबाट उत्पन्न परिस्थितिको तस्बीर उपन्यासमा खिचिएको छ तापनि यो उपन्यास उनका ऐतिहासिक उपन्यासहरूसँग तुलना हुनु त परै जाओस् यसले **प्रतिबद्ध** र **अनीता**ले प्राप्त गरेको सामान्य उपलब्धिलाई निरन्तरता दिन समेत सकेको छैन ।

ऐतिहासिक विषयवस्तुमा नै आफ्नो उपलब्धि देखेर डायमनशमशेर राणा **गृहप्रवेश** (२०५९) बाट पुनः ऐतिहासिक उपन्यासमा नै फर्कन्छन् । **सेतो बाघ**को झैँ नभए पनि **गृहप्रवेश**मा राणालाई केही सफलता हात लागेको छ । **धनको धब्बा**मा लागेको असफलताको धब्बालाई **गृहप्रवेश**ले केही हदसम्म भए पनि मेटाइदिएको छ तथापि यसमा पनि वैचारिकताका लागि वैचारिकता आएको महसुस हुन्छ । राणाको जीवन थाकेकोले हो

वा २०४६ सालपछि राजनैतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिले गर्दा समय नै थाकेको लागेर हो डायमनशमशेरको औपन्यासिकता पनि पछिल्लो चरणमा थाकेको देखिन्छ । जीवनको आरोहसँगै उनको लेखन आरोहतिर यात्रा गरेको र जीवनको अवरोहसँगै उनको लेखनमा पनि शिथिलता देखापरेको छ ।

## २.९ डायमनशमशेर राणाका उपन्यासहरूको वर्गीकरण

डायमनशमशेर राणाका हालसम्म प्रकाशित सातवटा उपन्यासहरूलाई विभिन्न आधारमा यसरी वर्गीकरण गर्न सकिन्छ ।

### (क) विषयवस्तुको स्रोतका आधारमा

(१) ऐतिहासिक विषयवस्तु भएका उपन्यास : **वसन्ती**, **सेतो बाघ**, **सत्प्रयास**, **गृहप्रवेश**

(२) ऐतिहासिक सामाजिक राजनैतिक उपन्यास : **प्रतिबद्ध, अनीता**, **धनको धब्बा**

### (ख) वैचारिक चिन्तनका आधारमा

(१) राजनैतिक वैचारिकता प्रवल भएका उपन्यास : **सेतो बाघ**, **सत्प्रयास**, **प्रतिबद्ध**, **अनीता**, **गृहप्रवेश**

(२) राजनैतिक वैचारिकता दुर्बल भएका उपन्यास : **धनको धब्बा**

(३) राजनैतिक वैचारिकताले स्पर्श नगरेको उपन्यास : **वसन्ती**

### (ग) कथानक संरचनाका आधारमा

(१) घटनाप्रधान उपन्यास : **प्रतिबद्ध, अनीता**, **धनको धब्बा**

(२) चरित्रप्रधान उपन्यास : **सत्प्रयास**, **गृहप्रवेश**

(३) घटना र चरित्रलाई समान मह□व दिइएका उपन्यास : **वसन्ती**, **सेतो बाघ**

उपन्यास वर्गीकरणका यी विभिन्न आधारमा हेर्दा डायमनशमशेरका ऐतिहासिक विषयवस्तु भएका तथा चरित्र र घटनालाई समान महत्त्व दिएका उपन्यासहरू नै बढी सफल देखिन्छन् । केही वैचारिक आग्रह बोकेका उपन्यास पनि त्यति सफल हुन नसक्नु तर वैचारिक आग्रह नभए पनि ऐतिहासिक उपन्यास **वसन्ती** सफल हुनुले उनको सफलताको मुख्य कारण वैचारिक चिन्तन नभई ऐतिहासिकता नै हो भन्ने प्रष्ट हुन्छ ।

## २.१० डायमनशमशेर राणाका औपन्यासिक प्रवृत्तिहरू

डायमनशमशेर राणा नेपाली औपन्यासिक क्षेत्रका स्थापित उपन्यासकार हुन् । उनले २००६ सालदेखि २०६७ सालसम्म जम्मा सात वटा उपन्यासहरू **वसन्ती, सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास, अनीता**, **धनको धब्बा** र **गृहप्रवेश** रचना गरेका छन् । ती सातवटा उपन्यासमध्ये **वसन्ती, सेतो बाघ** र **सत्प्रयास** ऐतिहासिक उपन्यास हुन् भने बाँकी चारवटा **प्रतिबद्ध, अनीता, धनको धब्बा** र **गृहप्रवेश** ऐतिहासिक पृष्ठभूमिमा रचिएका सामाजिक- राजनीतिक उपन्यास हुन् । यिनै उपन्यासहरूको आधारमा उनले वरण गरेका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्नुपर्ने हुन्छ । उनका औपन्यासिक प्रवृत्तिहरू यस प्रकारका छन् –

### क) ऐतिहासिकता

उपन्यासकार डायमनशमशेर राणा मूलतः ऐतिहासिक उपन्यासकार हुन् । उनले इतिहासबाट विषयवस्तु लिएर त्यसलाई आफ्नो कल्पनाले रङ्ग्याएर उपन्यासहरूको रचना गरेका छन् । कोतपर्वको पूर्वसन्ध्यादेखि २०४६ सालको जनआन्दोलनसम्मका प्रमुख ऐतिहासिक मोडहरूलाई लिएर उनले आफ्ना उपन्यास रचना गरेका छन् । उनको **वसन्ती**, **सेतो बाघ** र **सत्प्रयास** ऐतिहासिक उपन्यास हुन् ।

**वसन्ती** उपन्यासमा नेपालको इतिहासमा महत्त्व राख्ने जङ्गबहादुरको उदयकथासँग सम्बन्धित कथानक छ । जङ्गबहादुरको बढ्दो महत्त्वकांक्षा, शक्ति षडयन्त्र, तथा तिनबाट सिर्जना हुने आकर्षण लोभ र व्यक्तित्व निर्माणका घटनाहरू प्रस्तुत गरेर संकुचित लालसा र त्यसको प्रेरणाले कस्तो असर पार्छ भन्ने देखाउन **वसन्ती** सफल छ (बराल र एटम,२०६६:१३) । यसमा कल्पनाको अधिक प्रयोगका कारण ठाउँ ठाउँमा ऐतिहासिक सौन्दर्य खजमजिएको देखिए पनि त्यसले उपन्यासमा भने आकर्षण थपेको छ (लुइटेल,२०६९:१३२) । यस उपन्यासबाट समय र समाजको कालखण्ड बुझ्न अथवा इतिहासको पृष्ठभूमि र ऐतिहासिक सन्दर्भ बुझ्न सकिन्छ । यसमा जङ्गबहादुर राणाको उदयदेखि उसको रहस्यमय मृत्यु हुँदै १९४२ साल पर्वसम्मका विविध घटनालाई कथानकका रूपमा प्रस्तुत गर्ने क्रममा इतिहास सम्बद्ध दरबारीया षडयन्त्रका रोमाञ्चित र वीभत्सपूर्ण श्रृंखला प्रस्तुत गरिएको छ भने **सत्प्रयास** उपन्यासले शमशेरहरूको उदय र वीरशमशेर र देवशमशेरको शासनकालको

कथालाई समेटेको छ । प्रजातान्त्रिक चेतना र शासन व्यवस्थाले नै नेपाली जनताको र नेपाली भूमिको हित गर्छ, राणाशासन नेपाली जनताको लागि अभिषाप नै हो भन्ने विचारमा यो उपन्यास केन्द्रित छ (नेपाल,२०६५:१९५) ।

उनको **प्रतिबद्ध, अनीता, धनको धब्बा** र **गृहप्रवेश** मूलतः ऐतिहासिक उपन्यास नभए पनि त्यहाँ ऐतिहासिकताको आभास पाइन्छ । **प्रतिबद्ध** उपन्यासले २०१७ सालको राजनीतिक परिवर्तनपछिको करिब दुई दशकको इतिहासलाई आफ्नो विषयवस्तु बनाएको छ । इतिहासमा घट्न सक्ने, घटिरहेका र भइरहेका मानव कमजोरी, अपराध तथा विसङ्गति यस उपन्यासको कथ्य रहेको छ । मान्छेको प्रवृत्ति र कमजोरीलाई वर्णन गरिएको यस उपन्यासमा मानव नियती र मानवका दयनीयपनका घटना, त्यसका कार्यकारण तह र सामाजिक कुरूपताले त्यसलाई संरक्षण गर्न पुगेका घटनाहरू रहेका छन् । **अनीता** उपन्यासमा २००७ सालको क्रान्तिको सेरोफेरोको समय रहेको छ । राजनैतिक अधिकार प्राप्तिका लागि राणाशासनका विरुद्धमा हिंसात्मक वा अहिंसात्मक आन्दोलन गर्ने सन्दर्भ भएको यस उपन्यासमा ऐतिहासिक सन्दर्भभन्दा बढी राजनैतिक सन्दर्भको चित्रण पाइन्छ । आन्दोलनमा ज्यान गुमाउने योद्धाहरूको सट्टा अवसरवादीहरू माथी पुग्ने युगीन यथार्थमूलक सन्दर्भ यसमा वर्णन गरिएको छ । विदेश नीतिसँग सम्बन्धित कतिपय सन्दर्भहरू समेत प्रस्तुत गरिएको छ (लुइटेल,२०६९:१३३) । **धनको धब्बा** उपन्यास २०१७ सालदेखिको सामाजिक, राजनीतिक, साँस्कृतिक घटनामा आधारित भए पनि मुख्य रूपमा २०४६ सालको जनआन्दोलनमा केन्द्रित रहेको छ । यसमा सामाजिकता कै प्रवलता पाइन्छ । पञ्चायति व्यवस्थाको तानाशाही प्रवृत्तिलाई विविध सन्दर्भबाट प्रस्तुत गरिएको यस उपन्यासमा सामाजिक शोषण, दमन, अन्धविश्वास, गरिबी, अज्ञानता, आदिको चित्रण छ भने **गृहप्रवेश**मा एउटालाई सत्ताबाट च्युत गरेर अर्कालाई सत्ताहीन गराउँदै जाने सन्दर्भलाई प्रस्तुत गरिएको छ । उपन्यासमा षडयन्त्रमूलक ऐतिहासिक रराजनैतिक सन्दर्भको चित्रण छ ।

डायमनशमशेर राणालाई औपन्यासिक क्षेत्रमा सफलता दिलाउने प्रमुख श्रेय उनका ऐतिहासिक उपन्यासहरूलाई नै जान्छ । उनले इतिहासबाट भिन्न भएर कुनै पनि उपन्यासको रचना गरेका छैनन् । यसरी उनका उपन्यासहरूमा ऐतिहासिकता कतै प्रतिपाद्य विषयवस्तु बनेर आएको छ । तसर्थ ऐतिहाकिता उनका उपन्यास रचनाको मूल प्रवृत्ति हो ।

## ख)  संसदीय व्यवस्थाप्रतिको मोह

उपन्यासकार डायमनशमशेर राणाको उपन्यास रचनाको अर्को महत्त्वपूर्ण प्रवृत्ति संसदीय व्यवस्थाप्रतिको लेखकीय आग्रह हो । उनले **वसन्ती** उपन्यासमा प्रत्यक्षरूपमा कुनै सैद्धान्तिक आग्रह नराखे पनि परोक्षरूपमा आफ्नो लेखकीय दृष्टिकोण व्यक्त गरेका छन् । जसअनुरूप जनाधार विहीन शासनसत्ताको अन्तिम परिणति देशभक्त तथा इमान्दार व्यक्तिको रक्तपातपूर्ण अन्त्य हुन्छ भन्ने हो । **सेतो बाघ** उपन्यासमा सोमनाथ र देवशमशेरलाई माध्यम बनाएर उपन्यासकारले आफ्नो संसदीय व्यवस्थाप्रतिको आग्रह अभिव्यक्त गरेका छन् । उनले **सेतो बाघ** उपन्यासमा संसारमा संसदीय व्यवस्थाको कुनै पनि विकल्प छैन, निरङ्कुशताले अन्तिम अवस्थामा स्वयम् शासकवर्गकै विनाश गर्नु भन्ने कुरा देखाउन खोजेका छन् । उनका त्यसपछिका सम्पूर्ण उपन्यासमा संसदीय व्यवस्थालाई संसारको सर्वोत्कृष्ट व्यवस्थाको रूपमा चित्रण गरेका छन् ।

उनको **प्रतिबद्ध** उपन्यासमा तत्कालीन नेपाली समाज (पञ्चायती शासनकाल) प्रति विद्रोह गर्दै पञ्चायती शासनसँग सम्बद्ध व्यक्तिहरूलाई अयोग्य, दुष्चरित्र र अनैतिक व्यक्तिको रूपमा स्थापित गरिएको छ । त्यस्तै संसदीय व्यवस्थाप्रतिको आस्था राखिएको छ । संसदीय व्यवस्थालाई यस उपन्यासमा पनि संसारको सर्वोत्कृष्ट व्यवस्थाको रूपमा प्रमाणित गर्ने प्रयास गरिएको छ ।

उनको सत्प्रयास उपन्यासमा देवशमशेरको माध्यमबाट संसदीय व्यवस्थाको वकालत गरिएको छ । यस उपन्यासमा शासनसत्ता पूर्णरूपमा जनतामा केन्द्रित नरहँदा अस्थिरता उत्पन्न हुन्छ र सत्ता देशभक्तको हातबाट षडयन्त्रकारीहरूको हातमा जान्छ भन्ने देखाएर संसदीय व्यवस्थालाई उच्चतम महत्त्व दिइएको छ ।

**अनीता** उपन्यासमा अनीता मगर रमेश माझी र हरिबहादुर मगरको माध्यमबाट संसदीय व्यवस्थाको वकालत गरिएको छ । यस उपन्यासमा राणाशासनको अन्त्य गरेर संसदीय व्यवस्थाको सुत्रपात गर्न गरिएको २००७ सालको जनक्रान्तिपछि उत्पन्न अन्यौलको चित्रण गर्दै संसदीय चुनावको लागि सघंर्ष गर्ने प्रण गरिएको छ ।

**धनको धब्बा** उपन्यासमा पनि तत्कालीन पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य गर्दै संसदीय व्यवस्थाप्रति सद्भाव व्यक्त गरिएको छ । **धनको धब्बा**मा ईश्वरी रावल, दलबहादुर श्रेष्ठ तथा दोर्जे शेर्पाको माध्यमबाट संसदीय व्यवस्थाको वकालत गरिएको छ ।

यसरी उनका सबै उपन्यासहरूमा निरङ्कुश शासन शैलीप्रति विद्रोह गरिएको छ भने **वसन्ती** लाई छाडेर अन्य सबै उपन्यासहरूमा पत्यक्षरूपमा नै संसदीय व्यवस्थाप्रति आग्रह राखिएको छ । यस आग्रहले उपन्यासकारको उपन्यासकारितालाई खस्काएको छ । **सेतो बाघ**मा आएको आग्रह **प्रतिबद्ध, सत्प्रयास, अनीता, धनको धब्बा** र **गुहप्रवेश** मा जस्तो चर्को नभएकाले र यसले ऐतिहासिकता एवम् औपन्यासिकतालाई नखज्मज्याएकोले **सेतो बाघ** उपन्यास सफल बनेको छ । त्यसपछिका उपन्यासहरूमा आएको प्रत्यक्ष र चर्को संसदीय व्यवस्थाप्रतिको आग्रहले एकातिर उनको औपन्यासिक शिल्पमा ह्रास ल्याएको छ भने अर्कोतर्फ उपन्यासहरूलाई तुलनात्मक रूपमा असफल बनाएको छ (रेग्मी, २०६५:१२८) । समग्रमा भन्ने हो भने उपन्यासकार डायमनशमशेर राणाका उपन्यासमा आएको संसदीय व्यवस्थाप्रतिको लेखकीय आग्रहले उनको उपन्यासकारितालाई कमजोर बनाएको छ ।

### ग) प्रेमविषयक विषयवस्तुको प्रस्तुति

उपन्यासकार डायमनशमशेर राणाले आफ्ना सबै उपन्यासहरूमा प्रेम र रोमान्सलाई स्थान दिएको देखिन्छ । **वसन्ती** उपन्यासमा वसन्ती र गगनसिंहको प्रेमकथामा उपन्यासका सबैजसो घटना घुमेका छन् । **सेतो बाघ** उपन्यासमा श्री ५ जेठी शाहज्यादी र जगतजङ्गबीचको प्रेम चित्रण गरिएको छ भने **प्रतिबद्ध** उपन्यासमा दिलीप पराजुली र रूपादेवी श्रेष्ठ तथा शारदा र महेश परियारकाबीचको प्रेम पसङ्ग आएको छ । **सत्प्रयास** उपन्यासमा भने प्रेमको प्रसङ्ग अत्यन्त न्यूनरूपमा आएको छ । **अनीता** उपन्यासमा अनीता मगर र रमेश माझीको प्रेमकथा छ भने **धनको धब्बा**मा ईश्वरी रावल र दोर्जेबीचको, गोविन्द राउत र अञ्जनाबीचको तथा अञ्जना र दलबहादुर बीचको त्यस्तै **गृहप्रवेश**मा सामान्य रूपमा प्रेमकथाको वर्णन गरिएको छ ।

## घ) चरित्रगत प्रवृत्ति

उपन्यासकार डायमनशमशेर राणाका उपन्यासका चरित्रहरू गतिशील हुन्छन् । उनी सफल चरित्र चित्रण गर्छन् । डायमनशमशेर राणा मूलरूपमा ऐतिहासिक उपन्यासकार भएको हुनाले उनका ऐतिहासिक उपन्यासका धेरैजसो चरित्रहरू इतिहाससापेक्ष नै छन् । उनका उपन्यासमा कुनै कुनै पात्रहरूका चरित्र इतिहासमा भएभन्दा फरक पारेर उभ्याइएको पाइन्छ । **वसन्ती** उपन्यासको जङ्गबहादुर इतिहासमा भएभन्दा बढी उदार, निष्कलङ्क, बहादुर र विद्वान छन् । त्यस्तै **सेतो बाघ**को देवशमशेर र जगतजङ्ग पनि इतिहासमा उल्लेख भएभन्दा बढी उदार र सज्जन व्यक्तिको रूपमा चित्रित छन् । **सत्प्रयास**का देवशमशेर, खड्गशमशेर र मोतिराम भट्टको चरित्र चित्रणमा पनि स्वभाविकता छैन । उनीहरूलाई यथार्थभन्दा बढी आदर्श बनाइएको छ । उपन्यासकार पात्रको चरित्र चित्रणमा देखा पर्ने अतिरञ्जना ऐतिहासिक उपन्यासमा मात्र नभएर सामाजिक-राजनीतिक उपन्यासमा पनि देखा परेको छ । आफ्ना मुख पात्रलाई अत्यन्त आदर्श देखाउने र विरोधी भूमिकाका पात्रहरूलाई चारित्रिक दोष देखाउने काम उपन्यासकारबाट भएको छ । **प्रतिबद्ध** उपन्यासका दिलीप र ठूलीलाई साह्रै असल पात्र तथा भीमदेव, हिम्मतसिंह तथा महात्माजस्ता पात्रलाई अत्यन्त तल्लोस्तरका चरित्रका देखाउनु लेखकको यही अतिरञ्जनाको दोष हो । यो दोष **अनीता** उपन्यासमा पनि देखा परको छ र यस उपन्यासमा अनीता मगर, हरिबहादुर मगर र रमेश माझीलाई अत्यन्त आदर्श देखाइएको छ भने चन्द्रकान्तजस्ता पात्रलाई अत्यन्त निम्नस्तरको चरित्रका रूपमा देखाइएको छ ।

उपन्यासकारले आफ्नो उपन्यासमा बहुपात्रको सङ्गठन गरेका छन् । यसरी बढी पात्रहरूको सङ्गठन गर्दा पनि उपन्यासको कथानक भने बिग्रिएको छैन । पात्रको संयोजनमा उनको कुशलता देखा पर्छ ।

उपन्यासकारले आफ्ना सबै उपन्यासहरूमा एक वा सोभन्दा बढी मुखपात्रको चयन गरेका छन् । जसको माध्यमबाट उपन्यासमा उनले आफ्नो वैचारिक दर्शनको अभिव्यक्ति दिएका छन् । **वसन्ती** उपन्यासमा **वसन्ती**, **सेतो बाघ**मा सोमनाथ र देवशमशेर, **प्रतिबद्ध** मा दिलिप पराजुली पात्रहरू लेखकका मुखपात्र हुन् ।

## ङ)    भाषा- शैलीगत प्रवृत्ति

डायमनशमशेर राणाको भाषा कलात्मक छ । आवश्यक ठाउँमा उचित रूपमा उखान-टुक्काहरूको प्रयोग गर्नु, अनुकरणात्मक शब्दको यथेष्ट र स्वाभाविक प्रयोग गर्नु, काव्यमा झैं प्रकृतिको सुन्दर चित्रण गर्नु उनको भाषिक प्रयोगको प्रमुख विशेषता हो । यस बाहेक सुन्दर उपमाहरूको प्रयोगले उनका उपन्यास सजिएका छन् । चलनचल्तीमा नरहेका संस्कृतका तत्सम शब्दहरूको र आगन्तुक शब्दहरूको प्रयोगले भाषामा दुर्बोध्यता थपेको आभास हुन्छ । संस्कृतका श्लोकहरू तथा अङ्ग्रेजी उखान र सूक्तिहरूको प्रयोग पनि उनको भाषिक प्रयोगमा पाइने विशेषता हो । समग्रमा भन्दा उपन्यासकार डायमनशमशेर राणा भाषिक प्रयोगका दृष्टिले कुशल शिल्पी हुन् र उनलाई सफल उपन्यासकारको रूपमा स्थापित गराउने एउटा प्रमुख कारक तत्त्वका रूपमा उनको सुन्दर र कलात्मक भाषिक प्रयोगलाई लिन सकिन्छ ।

## निष्कर्ष

वि.स. १९७५ को असार २१ गते पाल्पा जिल्लाको तानसेन बजारमा जन्मिएका डायमनशमशेर राणा सम्पन्न परिवारका व्यक्ति हुन् । सुख सयलमा हुर्किएका राणाले औपचारिक रूपमा प्रवेशिका सम्मको अध्ययन गरेका छन् । उनले औपचारिक रूपमा आफूले सोचेजति अध्ययन गर्न नपाएपछि राणाले आफ्नो कलमद्वारा त्यो इच्छा पूरा गर्ने अभिप्रायले **वसन्ती** उपन्यास लेखेका हुन् । **वसन्ती** उपन्यासले सोचेजति उपलब्धि नभएपछि राणा राजनीतितिर प्रवेश गरेका छन् । राजनीतिकै क्रममा जेल परेको जेलजीवनमा लेखेको **सेतोबाघ** ले सफलता उनले अरू पाँच उपन्यासहरू लेखेर जम्मा सात उपन्यास बनाए । उनका अन्य उपन्यासहरूमा **प्रतिबद्ध, सत्प्रयास, अनीता, धनको धब्बा** र **गृहप्रवेश** हुन् । विषयवस्तुका आधारबाट हेर्दा उनको उपन्यास ऐतिहासिक र राजनैतिक सामाजिक देखिन्छन् । उनका यिनै सात उपन्यासहरूको आधारमा उनको औपन्यासिक यात्रालाई पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण गरेर चरण विभाजन गरिएको छ । पहिलो चरणका उपन्यासमा **वसन्ती** लाई राखिएको छ । दोस्रो चरणका उपन्यासहरूमा **सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास** र **अनीता** पर्दछन् । यी उपन्यासमध्ये **प्रतिबद्ध** र **अनीता** ऐतिहासिक पृष्ठभूमिका राजनैतिक सामाजिक उपन्यास हुन् भने **सेतो बाघ** र **सत्प्रयास** पूर्ण ऐतिहासिक उपन्यास

हुन् । तेस्रो चरणका उपन्यासमा **धनको धब्बा** र **गृहप्रवेश** पर्दछन् । यी दुबै राजनैतिक सामाजिक उपन्यास हुन् ।

डायमनशमशेर राणाका ऐतिहासिक उपन्यासमा त ऐतिहासिक विषय मूल विषयको रूपमा आएको छ भने राजनैतिक सामाजिक उपन्यासमा पनि राजनैतिक घटनाहरू इतिहासबाटै आएका छन् । यसरी ऐतिहासिक विषयवस्तुमा नै आधारित भएर उपन्यास रचना गरेको हुनाले डायमनशमशेर राणालाई ऐतिहासिक उपन्यासकार मानिन्छ ।

# तेस्रो परिच्छेद

# उपन्यास विश्लेषणका आधार

उपन्यास शब्द संस्कृतबाट नेपालीमा आएको तत्सम शब्द हो । शाब्दिक व्युत्पत्ति केलाउने हो भने उपन्यास शब्द अस् धातुमा उप र नि उपसर्ग तथा घञ् प्रत्यय लागेर बनेको देखिन्छ । अस धातुबाट राख्नु भन्ने अर्थबोध हुन्छ त्यसैले उपन्यासको अर्थ नजिक राख्नु भन्ने हुन्छ । संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण, प्रतिमुख सन्धिको एउटा भेद, प्रदर्शक वाक्य, आनन्द गराउने वाक्य र आख्यानको रूपमा पनि गरिएको पाइन्छ यति भएर पनि यी कुनै अर्थले अङ्ग्रेजी नोभल शब्दले दिने अर्थ प्रदान गर्न सकेको पाइदैंन । तसर्थ संस्कृतबाट लिइएको भएर पनि आज नेपालीमा उपन्यास शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अंग्रेजी नोभलसँग साइनो गाँसेको छ (बराल र एटम,२०६६:१) । यसरी नेपाली साहित्यमा प्रचलित उपन्यास शब्द अंग्रजी साहित्यको पर्याय बन्यो । आजको नेपाली साहित्यि परिवेशमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रूपमा सात्मसात गर्न सफल भएको छ ।

## ३.१ उपन्यासको परिभाषा

उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या, विश्लेषण तथा समालोचना हुन थालेको देखिन्छ । उपन्यासमा भएका विशेषताहरूलाई आधार बनाएर परिभाषा दिने क्रम विद्वानहरूबाट थालियो । ती विद्वानहरूले आफूभन्दा अगाडि र आफ्नो समयवाधिमा प्रकाशित भएको उपन्यासहरूको आधारमा यस विधालाई चिनाउन आ-आफ्ना तर्फबाट महत्त्वपूर्ण प्रयासहरू गरेका छन् । यसरी उपन्यासलाई विभिन्न विद्वानहरूले विभिन्न दृष्टिकोणबाट परिभाषित गरेका छन् । केही परिभाषा यस प्रकार छन् :

**द न्यु इन्साइक्लोपिडिया ब्रिटानिकाको** अनुसार– विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमबद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्त हुने आवश्यक लमाइ भएको तथा बनाइएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्य विधालाई उपन्यास भनिन्छ जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको सहयोगले प्रस्तुत गरिन्छ (सुवेदी, २०५३:८) ।

**न्यु इङ्गलिस डिक्सनरी**का अनुसार– बृहत आकार भएको अद्याख्यान अवथा वृतान्त जसअर्न्तगत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने, पात्र, चरित्र र कार्यको कथानकको आधारमा चित्रण गरिएको हुन्छ (सुवेदी,२०५३:८)।

**इ एम फोस्टर**का अनुसार – हालको जटिल एवम् सङ्कग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्धारा पीडित मानवजातिको एउटा प्रतिनीधिमूलक अभिव्यक्त नै उपन्यास हो (लुइटेल,२०६९:५)।

**कृष्णचन्द्र सिंह प्रधान**– उपन्यास जीवन जगतप्रति नै एक विहंगम दृष्टि हो, जससलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ ( प्रधान,२०६१:१)।

**राजेन्द्र सुवेदी** – पूर्वापर तारतम्य सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ (सुवेदी, २०५३:८)।

**कृष्णहरि बराल र नेत्र एटम** – मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रुपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाई भएको गद्यआख्यानलाई उपन्यास भनिन्छ (बराल र एटम, २०६६:३)।

**खगेन्द्रप्रसाद लुइटेल**– जीवनका विविध पक्षलाई विस्तृत आयाममा प्रस्तुत गरिएको गद्यआख्यानात्मक भाषिक संरचनालाई उपन्यास भनिन्छ (लुइटेल, २०६९:५)।

यी विभिन्न परिभाषाहरूको अध्ययनबाट के भन्न सकिन्छ भने, उपन्यास भनेको मानव जीवनको सम्पूर्ण घटनाहरूको अभिव्यक्ति गर्ने वृहत गद्य आख्याननात्मक रचना हो जसमा यथातथ्यको उद्घाटन मात्र नभएर कल्पनाको कलात्मक मिश्रण पनि भएको हुन्छ।

## ३.२ उपन्यासको वर्गीकरण

उपन्यास सिङ्गो जीवनको प्रस्तुति भएकोले जीवन जगत्सित सम्बद्ध कुनै पनि किसिमका घटनाहरूलाई उपन्यासको कथानक बनाइएको हुन्छ। जीवन र जगत्का विभिन्न पक्ष, समस्या तथा विचार, व्यवस्था, उद्देश्य आदिलाई उपन्यासको मध्यमबाट सजिलैसँग मूर्त रूप दिन सकिने हुनाले उपन्यासकारले यथार्थबाट विभिन्न विषयलाई रोजेर आफ्नो उपन्यासको कथानक निर्माण गरेको हुन्छ। जीवनका यस्ता विभिन्न पक्षहरूबाट कथानकको

निर्माण गर्न सकिने भएकोले विषयवस्तुको स्रोतको आधारमा उपन्यास विभिन्न किसिमका हुन्छन् । त्यसैले उपन्यासले ग्रहण गरेको विषयवस्तुको स्रोतको वर्गीकरण गर्न सकिन्छ । उपन्यासको रचना गर्दा उपन्यासकारले फरक-फरक शैली वा शिल्पको प्रयोग गरेको हुन्छ । यही शैलीगत विभिन्नताको आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ । यी बाहेक उपन्यासले अङ्गीकार गरेको विचारधारा वा प्रवृत्तिका आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ ।

आधुनिक साहित्यमा उपन्यास ज्यादै लोकप्रिय विधाको रूपमा स्थापित भइसकेको छ । यसलाई प्रस्तुत गर्ने शैलीमा प्रत्येक उपन्यासकारको आफ्नै वैशिष्ट्य रहेको हुन्छ । कथानकको चयन, उपन्यासको उद्देश्य तथा कथावस्तुको स्रोत पनि फरक-फरक हुन्छन् । तसर्थ यिनै कुराहरूलाई आधार मानेर मोटामोटी रूपमा उपन्यासको वर्गीकरण गर्नुपर्ने हुन्छ । उपन्यासको वर्गीकरण गर्ने  प्रमुख आधारहरूमा विषयवस्तु, धारा वा प्रवृत्ति, परिणति वा प्रभाव, आयाम, सङ्गठन आदि हुन सक्छन् (लुइटेल,२०६९:८) । यिनै विभिन्न आधारमा उपन्यासको वर्गीकरण गर्ने गरिएको छ ।

### ३.२.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

विषयवस्तु भनेको उपन्यासले ग्रहण गरेको विषय हो र विषयवस्तुबिना उपन्यासको निर्माण नहुने हँदा यो उपन्यासलाई अस्तित्त्व प्रदान गर्ने तत्त्व हो । उपन्यासले जुन स्रोतबाट विषय लिएको छ त्यस आधारमा गरिने उपन्यासको वर्गीकरणलाई विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण भनिन्छ । विषयवस्तुको आधारमा उपन्यासलाई निम्न तरिकाले विभाजन गरिन्छ :

**क) सामाजिक उपन्यास**

समाजसँग सम्बन्धित विषयवस्तुमा आधारित उपन्यासलाई सामाजिक उपन्यास भनिन्छ ।  सामाजिक उपन्यासको कथाको स्रोत समाज नै हो । समाजमा विद्यमान परम्परा, चालचलन, रीतिथिति, अन्याय, अत्याचार, दुराचार विकृति, दुख, सुख एवम् मानवीय पारिवारिक प्रेमप्रणय आर्थिक, राजनैतिक आदि कारणबाट उत्पन्न समस्या, यथार्थ, आदर्श, नीति आदिसँग समाजसँग कुनै न कुनै यथार्थ रूपले सम्बन्धित विषय वा घटनामा आधारित उपन्यास सामाजिक उपन्यास हो । यस्ता उपन्यासमा कथावस्तु, पात्र, परिवेश आदिको

प्रस्तुति समय सापेक्ष ढङ्गबाट गरिन्छ (लुइटेल,२६९:९) । सामाजिक उपन्यासमा समाजको सर्वाङ्ग चित्रण पनि हुन सक्छ र कुनै एक पक्षको मात्र पनि चित्रण हुन सक्छ । यस्ता उपन्यासहरूमा लैनसिंह वाङ्देलको **मुलुकबाहिर** उपन्यासलाई लिन सकिन्छ ।

### ख) ऐतिहासिक उपन्यास

इतिहासबाट विषयवस्तु ग्रहण गरेर लेखिएको उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । अतीतको कुनै समयावधि वा युगका घटना र व्यक्तिलाई लिएर त्यसलाई युगीन परिवेश अनुरूप तुल्याई पुनःर्सिजन गरिने काम ऐतिहासिक उपन्यासमा हुन्छ । ऐतिहासिक उपन्यास इतिहाससित सम्बन्धित हुन्छ, चाहे त्यो इतिहाससम्मत यथार्थ होस् चाहे ऐतिहासिक कालको कुनै व्यक्ति विशेषलाई प्रमुख पात्रको रूपमा प्रतिष्ठापित गरेर अथवा तत्कालीन वातावरणलाई स्थान दिएर स्वतन्त्ररूपमा लेखिएको होस् तर सबैलाई ऐतिहासिक उपन्यासको संज्ञा दिने गरिन्छ (प्रधान,२०६१:१२६) । ऐतिहासिक उपन्यासमा प्रयुक्त भाषा सकेसम्म युगाननुकुल, स्वाभाविक खालको हुन्छ । ऐतिहासिक उपन्यासमा घटना र सहभागीमध्ये कुनै एक वा दुबैलाई महत्त्व दिएर लेख्न सकिने हुँदा यो घटनाप्रधान र चरित्रप्रधान दुबै हुन सक्छ ( लुइटेल,२०६९:१०) । ऐतिहासिक उपन्यासमा इतिहासका कुनै पनि महत्त्वपूर्ण घटनाहरूलाई सजीवरूपमा प्रस्तुत गरिए तापनि यसप्रकारका उपन्यास र इतिहासबीच यथेष्ट अन्तर रहने गर्दछ । इतिहासकारले ऐतिहासिक घटनालाई यथार्थरूपमा चित्रण गर्दछ भने उपन्यासकारले ऐतिहासिक घटनाहरूको सत्याभास दिनको साथै आफ्नो कल्पना शक्तिद्वारा त्यसमा कलात्मकता प्रदान गर्दछ । इतिहासमा सत्य वा वास्तविकताको चित्रण गरिएको हुन्छ र यहाँ प्रमाणको आधारमा घटनाको पुष्टि गरिन्छ । ऐतिहासिक उपन्यासको यथार्थ लेखकीय कल्पनाले समेत प्रश्रय पाएको हुन्छ । ऐतिहासिक उपन्यास र इतिहासका बीचको सामन्जस्य र पार्थक्यलाई हेर्दा खास गरी इतिहासको वृत्तमा घटना र पात्र प्रामाणिक नै हुन्छन् । इतिहासमा वर्णित देश, काल, परिस्थिति, घटना र पात्रको नामप्रति इतिहासकार इमान्दारीपूर्वक सचेत रहेको हुन्छ भने ऐतिहासिक उपन्यासमा चाहिँ उपन्यासकारले घटना-प्रस्तुतिकरणका लागि मानवीय सत्यको उद्घाटन गर्न धृष्टता देखाएको हुन्छ । त्यसैले इतिहास तथ्यगत सत्यमा आधारित हुन्छ भने ऐतिहासिक उपन्यास चाहिँ सम्भावित सत्यमा आधारित हुन्छ (प्रधान,२०४०:६३) । यस्ता ऐतिहासिक उपन्यासहरूमा डायमनशमशेर राणाको **वसन्ती**, **सेतो बाघ** जस्ता उपन्यासहरू पर्दछन् ।

ग)	**साँस्कृतिक उपन्यास**

कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएको उपन्यासलाई साँस्कृतिक उपन्यास भनिन्छ (बराल र एटम,२०६६:४९) । यस्ता उपन्यासमा संस्कार, रीतिरिवाज, सहनसहन आदिको विस्तृत व्याख्या गरिएको हन्छ । विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**, मदनमणी दीक्षितको **माधवी** जस्ता उपन्यास साँस्कृतिक उपन्यास हुन् ।

घ)	**मनोवैज्ञानिक उपन्यास**

व्यक्ति मनको आन्तरिक यथार्थको उद्घाटन गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । यस्ता उपन्यासहरू फायडीय मनोविज्ञानमा आधारित हुन्छन् । यस्ता उपन्यासमा व्यक्तिको मानसिकताको चित्रण गर्दै मनोविकृतिका कारणहरूको खोजी गरिन्छ । मनमा विद्यमान कुण्ठा, अहम्, अतृप्त चाहना, नैराश्यता, असामान्य स्थिति आदिको चिरफार गरिन्छ (पोखेल, २०६५:५९) । यस्ता उपन्यासमा यौनलाई पनि निकै प्राथमिकतामा साथ उठाइएको हुन्छ । व्यक्ति चरित्रलाई प्राथमिकता दिइने हुँदा यस्ता उपन्यासमा आन्तरिक द्वन्द्व सवल रूपमा आएको हुन्छ । यस प्रकारका उपन्यासहरूमा गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल**, विजय मल्लको **अनुराधा** पर्दछन् ।

ङ)	**राजनैतिक उपन्यास**

कुनै राजनीतिसँग सम्बद्ध विषयवस्तुमा आधारित उपन्यासलाई राजैतिक उपन्यास भनिन्छ । राजनैतिक उपन्यासको विषयवस्तु, सामाजिक राजनीतिक र त्यसबाट उत्पन्न स्थिति हुन्छ । यस्ता उपन्यासमा समय विशेषमा भएको विभिन्न राजनैतिक घटना, आन्दोलन, विद्रोह साथै राजनैतिक व्यक्तित्वको पनि चित्रण पाइन्छ (लुइटेल,२०६९:१२) । यस्ता उपन्यासहरूमा डी.पी. अधिकारीको **आशमाया**, कृष्ण अविरलको **रक्तकुण्ड** पर्दछन् ।

च)	**आञ्चलिक उपन्यास**

कुनै पनि क्षेत्र विशेषलाई प्राथमिकता दिएर लेखिएका अथवा कुनै क्षेत्रीय विषयवस्तु भएका उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ (पोखेल,२०६५:६१) । यस्ता उपन्यासमा स्थानीयताको रङ्ग हुन्छ  र क्षेत्र विशेषका पात्र, घटना वा वातावरणको चित्र कोरिन्छ । शङ्कर कोइरालाको  **खैरिनीघाट**, हिरण्य भोजपुरेको **छिटेन** आदि यस प्रकारका उपन्यास हुन् ।

### छ) वैचारिक उपन्यास

कुनै विचार, चिन्तनसँग सम्बद्ध विषयवस्तुमा आधारित उपन्यासलाई वैचारिक उपन्यास भनिन्छ । विभिन्न व्यक्तिको विचारहरूद्वारा प्रतिपादित विचार वा चिन्तनलाई विषयवस्तु बनाएर वैचारिक उपन्यास लेखिन्छ । राजनैतिक भौतिक, आध्यात्मिक लगायत जुनसुकै वाद, सिद्धान्त वा विचारको प्रभावमा लेखिएको उपन्यासलाई वैचारिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा घटना र चरित्रकोभन्दा वैचारिक पक्ष प्रवल रूपमा आएको हुन्छ । यस्ता उपन्यासमा राजेश्वर देवकोटाको **आवर्तन** उपन्यासलाई लिन सकिन्छ ।

### ज) विज्ञान उपन्यास

विज्ञान जगत्का अनेक चमत्कार, उन्नति र उपलब्धिबाट कथा लिएर त्यसमा काल्पनिकता भरी लेखिएको उपन्यासलाई विज्ञान उपन्यास भनिन्छ । यस्ता उपन्यासहरू विकाशित यान्त्रिक सभ्यताको प्रस्तुतिद्वारा तार्किक वातावरण र पात्रहरूको क्रियाकलाप स्थापना गर्ने साथै भविष्यका मार्गदर्शक बन्दछन् (बराल र एटम,२०६६:५१) । यी उपन्यासमा वैज्ञानिक उन्नति र त्यसका सन्दर्भमा समाज र मानवको नवीन व्याख्या पनि गरिएको हुन्छ । यस्ता उपन्यासमा सरुभक्तको **अभिनवको आत्मकथा** पर्दछ ।

### झ) लोककथात्मक उपन्यास

प्रसिद्ध लोकथामा आधारित भएर लेखिएको उपन्यासलाई लोककथात्मक उपन्यास भनिन्छ । लोककथामा प्रचलित कथालाई यथावत् गरेर वा समाजसापेक्ष त्यसको नयाँ व्यवस्था गरी उपन्यासकारको कल्पना अनुरूप त्यसलाई चित्रण गरेर यस्ता उपन्यासको रचना गरिएको हुन्छ ।

## ३.२.२ कथानकको संरचनाका आधारमा उपन्यासको वर्गीकरण

कथानकले उपन्यासका जुन तत्त्वलाई बढी महत्त्व दिएको छ त्यसै आधारमा गरिने उपन्यासको वर्गीकरणलाई कथानकको संरचनाको आधारमा उपन्यासको वर्गीकण भनिन्छ । कथानकको संरचनाको आधारमा उपन्यासको वर्गीकरण निम्नानुसार गरिन्छ :

#### क) घटनाप्रधान उपन्यास

घटनाप्रधान उपन्यासमा घटना, प्रसङ्ग र अवस्थाको बाहुल्य रहन्छ र तिनैलाई केन्द्रीय महत्त्व दिएको हुन्छ । यस्ता उपन्यासमा कथानकको सङ्गठन व्यवस्था क्रमिक ढङ्गबाट गरिएको हुन्छ र तिनमा द्वन्द्वात्मकताले विशेष महत्त्व पाएको हुन्छ (लुइटेल,२०६९:३५) । घटनाप्रधान उपन्यासमा आश्चर्यमूलक, साहसिक, रोमाञ्चकारी, रहस्य एवम् अतिकाल्पनिक घटनाहरूको वर्णन पनि हुन्छ ।

#### ख) चरित्रप्रधान उपन्यास

कथानकभन्दा सहभागी वा पात्र व्यक्तिलाई महत्त्व दिएर लेखिएका उपन्यासलाई चरित्रप्रधान उपन्यास भनिन्छ (बराल र एटम,२०६६:४९ । यस प्रकारको उपन्यासमा कथानक र कार्यव्यापारले चरित्रलाई उद्घाटन गरिएको हुन्छ । चरित्रको सवलता हुने हुँदा चरित्रको मानसिकताको विश्लेषणमा महत्त्व दिइएको हुन्छ । मनोवैज्ञानिक उपन्यास प्रायः चरित्रप्रधान हुन्छन् । कतिपय सामाजिक उपन्यास पनि चरित्रप्रधान हुन्छ किनकि सामाजिक उपन्यासमा चरित्रचित्रणका माध्यमबाट विषयवस्तु वा बाह्य जगत्को चित्रण गरिएको हुन्छ । यस्ता उपन्यासमा लैनसिंह वाङ्देलको **माइतघर**, विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** जस्ता उपन्यास पर्दछन् ।

#### ग) परिवेशप्रधान उपन्यास

देश, काल र वातावरणलाई मुख्य विषय बनाएर लेखिएका उपन्यासलाई परिवेशप्रधान उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासमा ठाउँ र समय विशेषलाई महत्त्व दिएर त्यसैसँग सम्बद्ध घटनावलीको चित्रण गरिएको हुन्छ । उपन्यासमा सुखद् वातावरणको प्रस्तुतिमाथि विशेष जोड दिइन्छ (लुइटेल,२०६९:३५) । नयनराज पाण्डेको **उलार** शङ्कर कोइरालाको **खैरिनीघाट** यस प्रकारको उपन्यास हुन् ।

### ३.२.३ शैलीको आधारमा उपन्यासको वर्गीकरण

शैली भनेको आफ्नो प्रकारको लेखनकला वा ढङ्ग हो । शैलीले नै घटनालाई मिठास प्रदान गर्दछ । शैलीका आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गरिन्छ :

### क) **वर्णनात्मक उपन्यास**

वर्णनात्मक उपन्यासमा घटना सहभागी र परिवेश आदिको प्रस्तुति वर्णनात्मक ढङ्गबाट गरिन्छ । यस्ता उपन्यासमा उपन्यासकार आफैँले अथवा विभिन्न सहभागीका माध्यमबाट घटना, परिवेश, आदिको वर्णन गरिएको हुन्छ । यस्ता उपन्यासमा लैनसिंह वाङ्देलको **मुलुकबाहिर**, हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** जस्ता उपन्यास पर्दछन् ।

### ख) **आत्मकथात्मक उपन्यास**

घटना, परिवेश आदिको प्रस्तुति म पात्रका माध्यमबाट आत्मलाप वा आत्मकथात्मक ढाँचाबाट प्रस्तुत गरिएका उपन्यास आत्मकथात्मक उपन्यास हुन् । घटनाको वर्णनभन्दा चत्रिचित्रणमा जोड दिइने यस प्रकारका उपन्यासमा निजात्मक ढङ्गले आत्मकथात्मक अभिव्यक्ति पनि हुन्छ (लुइटेल,२०६९:३५) । यस्ता प्रकारका उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग हुन्छ । पारिजातको **शिरीषको फूल**, ध्रुवचन्द्र गौतमको **अलिखित** जस्ता उपन्यास यस प्रकारका उपन्यास हुन् ।

### ग) **संवादात्मक उपन्यास**

दुई वा दुईभन्दा बढी सहभागीको संवाद वा वार्तालापका माध्यमबाट घटना, परिवेश आदिको प्रस्तुति गरिएको उपन्यास भनिन्छ (लुइटेल,२०६९:३५) । संवाद वा वार्तालापका माध्यमबाट कथानकलाई अगाडि बढाइने हुँदा यस्ता उपन्यासलाई नाटकीय उपन्यास पनि भनिन्छ । यस प्रकारको उपन्यासमा घटना वा कार्यव्यापार र सहभागी प्रायः अभिन्न ढङ्गबाट प्रस्तुत गरिने हुँदा ती दुबैले एक अर्कामा प्रभावित बनाउने गर्दछ । यस प्रकारका उपन्यासमा अम्बालिकादेवीको **राजपुत रमणी** जस्ता उपन्यास पर्दछन् ।

### घ) **पत्रात्मक उपन्यास**

पत्र वा चिठ्ठीको माध्यमबाट कथावस्तु, सहभागी, परिवेश आदिको प्रस्तुति र विकास गरेर लेखिएको उपन्यासलाई पत्रात्मक उपन्यास भनिन्छ । पत्रकै माध्यमबाट कथानकलाई अगाडि बढाइने यस प्रकारको उपन्यासमा पत्र लेखकले आफ्नो व्यक्तिगत वा अन्य सहभागीको चरित्रचित्रण गरिएको हुन्छ । यस्ता उपन्यासमा पारिजातको **बोनी** लाई लिन सकिन्छ

### ङ) दैनिकीमूलक उपन्यास

लेखकले आफ्नो दैनिक जीवनमा घटेका घटनालाई दैनिकी वा डायरीका रूपमा लेखेर औपन्यासिक ढाँचा प्रदान गरिएको उपन्यासलाई दैनिकीमूलक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा लेखकको डायरीमा टिपिएका घटना प्रस्तुत हुने कथानक सङ्गठन क्रमिक वा श्रृंखलित नहुन पनि सक्छ । यस्ता उपन्यासमा पारिजातको **अन्तर्मुखी** लाई लिन सकिन्छ ।

## ३.२.४ धारा वा प्रवृत्तिको आधारमा उपन्यासको वर्गीकरण

उपन्यास विभिन्न धारा वा वादमा आधारित रहेर लेखिएको हुन्छ । उपन्यासमा कुन वाद वा सिद्धान्तलाई बढी महत्त्व दिएर लेखिएको छ त्यस आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ । कतिपय उपन्यासमा एकभन्दा बढी प्रवृत्ति पनि पाइने हुन्छ । त्यस्ता उपन्यासमा जुन प्रवृत्ति बढी महत्त्वपूर्ण हुन्छ  त्यसै आधारमा वर्गीकरण गरिन्छ । धाराको आधारमा उपन्यासको वर्गीकरण निम्नानुसार गरिन्छ :

### क) आदर्शवादी उपन्यास

असल कुरालाई लक्ष्य गरेर त्यसको प्राप्तीको लागि काम गरिएमा संसार सुन्दर र सुखद बन्छ भन्ने मान्यतालाई आदर्शवादी मान्यता भनिन्छ र सोही मान्यतालाई अनुशरण गरेर लेखिएको उपन्यासलाई आदर्शवादी उपन्यास भनिन्छ । यस्तो प्रकारको उपन्यासमा जीवनलाई खुसी, सुखी, शान्त र समृद्ध तुल्याउनलाई यथार्थभन्दा टाढा रहेर समाज एवम् त्यहाँ रहने अन्तरसम्बन्धलाई काल्पनिक रूपमा विकास गर्न खोजिएको हुन्छ । मानिसलाई सत्मार्गमा अग्रसर गराउने, नैतिक चारित्रिक सुधार गर्ने, आत्मविश्वासी र सदाचारी तुल्याउने उद्देश्यले आदर्शवादी उपन्यास लेखिएको हुन्छ । विष्णुचरण श्रेष्ठको **सुमती** यस प्रकारको उपन्यास हो ।

### ख) यथार्थवादी उपन्यास

समाजमा घट्न सक्ने वास्तविकतालाई आधार बनाएर लेखिएको उपन्यास यथार्थवादी उपन्यास हो । यस प्रकारका उपन्यासमा इतिहास, समाज, राजनीति, मनोविज्ञान लगायतका विषयवस्तुसँग सम्बद्ध घटनाको प्रस्तुति यथार्थ रूपमा गरिन्छ ।

### ग) स्वच्छन्दतावादी उपन्यास

उपन्यासकारको सहज अभिव्यक्ति भएको, भावनाको प्रधानता भएको, स्वच्छ भावुक, प्रवृत्ति भएको उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासमा नैतिकता, औपदेशिकता, आदर्शवादिता, प्रकृतिको मनोरम चित्रण पाइन्छ(लुइटेल,२०६६:२०) । रूपनारायण सिंहको **भ्रमर**, शिवकुमार राईको **डाकबङ्गला** यस प्रकारका उपन्यास हुन् ।

### घ) मनोविश्लेषणवादी उपन्यास

मानव मनको आन्तरिक विश्लेषण गरेर रचना गरिएको उपन्यास मनोविश्लेषणवादी उपन्यास हो । अचेतन मनले चेतन मनमा पारेको प्रभाव र त्यसबाट उद्घाटित हुने अनेकौं समस्याको प्रस्तुति यस्ता उपन्यासमा पाइन्छ । यस प्रकारका उपन्यासमा गोविन्द मल्ल गोठालेको **पल्लो घरको झ्याल** लाई लिन सकिन्छ ।

### ङ) प्रयोगवादी उपन्यास

चलनचल्तीभन्दा फरक ढङ्गले विशेष नवीनताका साथ लेखिएको उपन्यास प्रयोगवादी उपन्यास हो । नयाँ कथ्य, पद्धति र सम्भावनाको खोजी अनुकरणभन्दा अन्वेषणमा जोड, नवीनताप्रति आस्था यस्ता उपन्यासका वशेषता हुन् (पोखेल,२०६५:६८) । प्रयोगवादी उपन्यास पनि विभिन्न प्रकारका छन् । ती यस प्रकार छन् :

### अ) अस्तित्ववादी-विसङ्गतिवादी उपन्यास

विसङ्गतिका बीचबाट अस्तित्त्वको खोजी गर्ने ढङ्गबाट लेखिएका उपन्यासलाई अस्तित्त्ववादी-विसङ्गतिवादी उपन्यास भनिन्छ । मानव जीवनको अस्तित्त्व र विसङ्गतिलाई यस्तो उपन्यासले आधार बनाएको हुन्छ । यस्ता उपन्यासमा इन्द्रबहादुर राईको **आज रमिता छ**, ध्रुव चन्द्र गौतमको **डापी** लाई लिन सकिन्छ ।

### आ) प्रकृतवादी उपन्यास

मानिसलाई निम्न, हीन र पाशविक रूपमा चित्रण गरी लेखिएको उपन्यालाई प्रकृतवादी उपन्यास भनिन्छ । यस्ता उपन्यासमा वासना र इच्छाको स्वतन्त्र, नग्न, उद्दण्ड चित्रण गरिन्छ । घृणित भए पनि नग्न रूपमा मात्र मानिसको मौलिक रूप देखिने हुँदा

जस्तो छ त्यस्तै प्रस्तुत गर्ने काम यस प्रकारको उपन्यासमा हुन्छ (बराल र एटम,२०६६:५७) । ध्रुव चन्द्र गौतमको **उपसंहार वा चौथो अन्त्य** यस प्रकारको उपन्यास हो ।

### इ) अतियथार्थवादी उपन्यास

यथार्थलाई अतिक्रमण गरी आन्तरिक यथार्थ र नाङ्गो पक्षलाई महत्त्व दिएर लेखिएको उपन्यासलाई अतियथार्थवादी उपन्यास भनिन्छ । यस्ता उपन्यासमा मानवीय लुप्त क्षेत्रको खोजी गरिन्छ । यसले मानव मूल्य र मान्यताबाट मुक्ति चाहन्छ र आँशु लेखन र चेतनप्रवाह शैलीमा विश्वास राख्छ । साहित्यको सम्बन्ध अर्धचेतन मनसँग हुन्छ भन्ने मान्यता राख्नु, ईश्वरको अस्तित्त्वलाई अस्वीकार गर्नु, लेखनको मूल उद्देश्य परिर्तन हो भन्ने सोच्नु, स्वचालित लेखनमा विश्वास, भाषालाई भाँचकुच गर्नु यस प्रकारको उपन्यासको विशेषता हो (पोखेल,२०६५:७७) । लैनसिंह वाङदेलको **लङ्गडाको साथी** अर्जुन निरौलाको **घाम डुबेपछि** जस्ता उपन्यास यस प्रकारका उपन्यास हुन् ।

### ई) विनिर्माणवादी उपन्यास

परम्परालाई पुरै भत्काएर नितान्त नवीनताका साथ लेखिएको उपन्यासलाई विनिर्माणवादी उपन्यास भनिन्छ । विधाभञ्जन, विधामिश्रण आदि कृति पनि यसै वर्गमा पर्दछन् । यस्ता उपन्यासमा साहित्यको परम्परित दृष्टिकोणलाई उल्टाएर नयाँ दृष्टिकोण प्रस्तुत गर्नु पाठकभन्दा बढी पाठ र त्यसको पठनतर्फ ध्यानाकर्षण गराउनु, विषय वा व्यक्तिको महत्त्व घटाई पठनको महत्त्व बढाउनु, नियमबद्धतालाई अस्वीकार गर्नु यस प्रकारको उपन्यासको विशेषता हुन् ।  कृष्ण धारावासी र ध्रुव चद्र गौतमका केही उपन्यास यस प्रकारका छन् ।

### च) नारीवादी उपन्यास

समाजमा नारीहरूले भोग्नुपर्ने सामाजिक, राजनैतिक, व्यवहारिक एवम् मानसिक भेदभाव र त्यसबाट उत्पन्न हुने पीडा र तीनको मुक्ति चाहेर लेखिएको उपन्यासहरू नारीवादी उपन्यास हुन् । यस्ता उपन्यासमा नारीका यौन लगायत अन्य स्तन्त्रताको

शङ्खघोष गरिएको हुन्छ (बराल र एटम,२०६६:५८) । यस प्रकारका उपन्यासमा पद्मावती सिंहको **समानान्तर आकाश**, भाषा भण्डारीको **सम्झौता** लाई लिन सकिन्छ ।

### ३.३.५ आयामका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासको आयाम भन्नाले आकारलाई बुझाउँछ । आयामका आधारमा उपन्यासलाई बृहत र लघु गरी दुई भागमा वर्गीकरण गरिन्छ ।

**क) बृहत् उपन्यास**

ठूलो आकारमा लेखिएको उपन्यासलाई बृहत उपन्यास भनिन्छ । यस खालका उपन्यासमा एउटै कथालाई सविस्तार वर्णन गरेर कृतिलाई ठूलो आकारको बनाइएको हुन्छ । यस्ता उपन्यासमा भवानी भिक्षुको **आगत**, मदनमणि दीक्षितको **माधवी** पर्दछन् ।

**ख) लघु उपन्यास**

साना आकार भएका उपन्यासलाई लघु उपन्यास भनिन्छ । यस्ता उपन्यासहरू सामान्यतया ५० देखि ६० पृष्ठसम्मका हुन्छन् (पोखेल,२०६५:६७) । यस्ता उपन्यासलाई उपन्यासिका पनि भनिन्छ । पारिजातको **उलार** यस प्रकारका उपन्यासमा पर्दछ ।

### ३.३.६ परिणति वा प्रभावको आधारमा उपन्यासको वर्गीकरण

परिणति भन्नाले उपन्यासको समापनलाई बुझाउँछ । उपन्यासबाटै त्यसको समग्र प्रभाव निर्धारण हुन्छ । यस आधारमा उपन्यासलाई सुखान्त र दुखान्त गरी दुई भागमा वर्गीकरण गरिन्छ ।

**क) सुखान्त उपन्यास**

सुखद परिणति भएको उपन्यासलाई सुखान्त उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासमा सुखद घटनावलीको माध्यमबाट उपन्यासलाई समापन गरिएको हुन्छ ।

### ख) दुखान्त उपन्यास

दुःखद परिणति भएको उपन्यासलाई दुःखद उपन्यास भनिन्छ । यस्ता उपन्यासमा त्रास र करुणा जागृत हुने गरी दुःखद घटनावलीका माध्यमबाट उपन्यासलाई समापन गरिन्छ ।

यसरी उपन्यासलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

## ३.४ उपन्यासका तत्त्वहरू

कुनै पनि साहित्यिक विधाको कृतिको निर्माण  हुनको लागि निश्चित अवयवको मेल हुनुपर्दछ । हरेक कृतिलाई सिङ्गो रूपमा आकृति दिने काम त्यसमा अन्तर्निहित अङ्गले गरेको हुन्छ । प्रत्येक कृति स्वयम्मा एउटा संरचना हो र यसको निर्माण विभिन्न अवयवहरूको मेलबाट हुन्छ । उपन्यास पनि एउटा विशिष्ट संरचना भएकोले यसलाई निर्माण गर्ने आफ्नै विभिन्न अवयव छन् । उपन्यासको निर्माण गर्ने विभिन्न अवयवलाई नै उपन्यासको तत्त्व भनिन्छ  । उपन्यास निर्माण हुन केही तत्त्वहरू अनिवार्य देखिन्छन् तर ती तत्त्वहरू यति नै हुन् भनेर किटान गर्नमा विभिन्न विद्वानहरूको मत एक हुन सकेको छैन । यसरी मत एक हुन नसके पनि अधिकांश विद्वानहरूले कथानक, चरित्रचित्रण, परिवेश, उद्देश्य, भाषालाई प्रमुख तत्त्व मान्दै आएको पाइन्छ । यी तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

### ३.४.१ कथानक

कथानक भनेको आख्यानात्मक कृतिमा पाठकलाई ध्यानाकर्षण गर्न तथा रुचि जन्माउन चयन गरिएको घटनावलीहरूको अन्तःसम्बन्ध हो । यसले उपन्यासको घटना, स्थिति, अवस्था वा प्रसङ्गहरूको योजनालाई बुझाउँछ (लुइटेल,२०६९:४०) । पात्रहरूको गतिविधि र क्रियाकलापबाट उत्पन्न हुने विविध घटनाहरूको सङ्गठित रूपमा नै कथावस्तुको संरचना तयार हुन्छ । विभिन्न गतिविधि र क्रियाकलापहरूमा अस्तव्यस्तरूपमा छरिएका घटनाहरूलाई कथावस्तुले पारस्परिक सम्बद्धता र सार्थकता दिन्छ । कार्य र कारणका शृङ्खलामा कथावस्तुका घटनाहरू बाँधिएका हुन्छन् । कथावस्तुमा कारण, कार्य र प्रतक्ष्य वा अप्रत्यक्षरूपमा परिणाम अभिव्यक्त भई घटनाहरूले गति र सङ्गति प्राप्त गर्दछन् ।

कथावस्तुमा विभिन्न घटना र क्रियाकलापहरूको शृङखलात्मक, कलात्मक र प्रभावात्मक गठन र गुम्फन हुन्छ ।

कथानक निर्माणको लागि घटनावलीहरूको आवश्यकता पर्दछ । घटनाहरू प्राप्त गर्ने कथानकका स्रोत हुन् । ती स्रोतहरू इतिहास, पुराण, मनोभावना आदि हुन सक्छन् । यसरी स्रोतगत विविधताका आधारमा कथानक पनि अनेक प्रकारका छन् । कथानक पूर्ण हुनको लागि यसका आवश्यक भाग र तिनका विकासात्मक अवस्थाहरूको संयोजन हुनुपर्दछ । यसरी निर्माण भएको कथानकको आंगिक विकास आदि, मध्य र अन्त्यको समुचित विन्यासमा भएको हुन्छ । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**आदिभाग**

कथानकको प्रारम्भिक वा सुरुको अंशलाई आदि भाग भनिन्छ । यस भागको विकास चिनारी र संघर्षविकास गरी दुई अवस्थाबाट भएको हुन्छ ।

चिनारी : उपन्यासको प्रमुख पात्र, स्थान, घटना, तथा समयको परिचय गराएर सम्भावित समस्या र परिस्थितिको सङ्केत गरिएको भाग चिनारी भाग हो ।

संघर्षविकास : चिनारी पछि उपन्यासमा आकस्मिक घटना वा परिस्थितिको कारण नयाँ समस्या पैदा भएर सहयोगी परिस्थिति आदिको बिचमा हुने संघर्षको थालनीलाई संघर्षविकास भनिन्छ ।

**मध्यभाग**

आदि भागभन्दा पछि र अन्त्य भागभन्दा अघिको भागलाई मध्यभाग भनिन्छ । यस भागको विकास अनेक सङ्कटावस्थाहरू पार गर्दै चरमसम्म पुग्छ । पहिलो सङ्कटावस्था सकिने बित्तिकै अनेक सङ्कटावस्थाहरू पैदा हुदै जान्छन् । यस क्रममा अनेक समस्या आउनको साथै चारित्रिक परिवर्तन पनि देखा पर्दै जान्छ र सङ्कटास्थासँगै कथानक पनि विकसित हुँदै जान्छ ।

**अन्त्यभाग**

कथानकको अन्तिम सङ्कटावस्था वा चरम व्यवस्थापछिको बाँकी अंशलाई अन्त्य अवस्था भनिन्छ । यो कथानकको समापन भाग हो । यसको विकास दुई अवस्थामा हुन्छ । संघर्षह्रास र उपसंहार ।

संघर्षह्रास : उपन्यासमा छिन्नभिन्न भएर विस्तारित प्रसङ्गहरू एकत्रित हुने तथा द्वन्द्व शिथिल हुने अवस्थालाई संघर्षह्रास भनिन्छ । संघर्ष समाप्त हुने यस अवस्थापछि उपन्यासको कथानक समापनतिर जान्छ ।

उपसंहार : विस्तारित समस्याको पुरै समाधान भएर परिणाम वा फलप्राप्तिको स्थितिलाई उपसंहार भनिन्छ । उपसंहारमा समग्र उपन्यासकै निष्कर्ष प्रस्तुत गरिन्छ (लुइटेल,२०६६:४२) ।

यसरी रहने आदि देखि अन्त्यसम्मका घटनावलीहरूको संयोजनको अवस्थालाई कथानक ढाँचा पनि भनिन्छ । कथानक ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारका हुन्छन् । रैखिक ढाँचामा कथानक क्रमबद्ध रूपमा सिधा रेखामा अगाडि बढ्दै वर्तमानबाट भविष्यतिर यात्रा गर्दछ भने वृत्ताकारीय ढाँचामा कथानकका अङ्गहरू सरल रेखामा अगाडि नबढेर पूर्वदीप्तिका माध्यमबाट क्रमबद्धतामा विचलन हुने गर्दछ(बराल र एटम,२०६६:२५) । यसरी कथानकले उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ ।

वर्तमान समयमा उपन्यास रचना गर्दा उपन्यासकारहरूले शृंखलात्मक कथावस्तु नलिएर विशृङ्खलित वा अन्तिम फलप्राप्ति प्राप्त नभई टुङ्गिने खालको कथावस्तु लिएको पनि पाइन्छ । समग्रमा उपन्यासको कथावस्तुलाई विभिन्न दृष्टिकोणबाट निम्नानुसार विभाजन गरिएको पाइन्छ :

### ३.४.१.१ गठनका दृष्टिले कथानकको वर्गीकरण

गठनका दृष्टिले कथानकलाई दुई भागमा विभाजन गरिएको पाइन्छ –

**क)  विन्यस्त कथानक**

कार्य र कारणको शृंखलामा आवद्ध कथावस्तु नै विन्यस्त कथानक हो । अनिवार्य र अविभाज्य रूपमा रहेका घटनाहरूको सुनियोजित रूपलाई विन्यस्त कथानकको रूपमा लिन सकिन्छ । यसरी उपन्यासमा समावेश गरिएका सम्पूर्ण घटना, प्रसङ्ग र क्रियाकलापहरू मूल कथा र कथ्यसँग सार्थकरूपमा आवद्ध भएमा त्यो विन्यास कथावस्तु बन्दछ । मूल कथावस्तुलाई सहयोग गर्न नै यस्ता घटना र प्रसङ्गहरू उपन्यासमा आएको हुन्छ ।

**ख)  शिथिल कथानक**

उपन्यासमा प्रयुक्त अत्याधिक घटना, पात्र र प्रसङ्ग एक-अर्कोसँग असम्बन्धित भएमा त्यो शिथिल कथावस्तु बन्दछ । उपन्यासमा प्रयुक्त विभिन्न पात्र, घटना, सन्दर्भ वा क्रियाकलापहरू मूल कथासँग असम्बन्धित र मूल कथाको लागि अनुपयुक्त अनावश्यक भई तथा उपन्यासको गठन वा संरचनाको सुदृढीकरणको लागि खासै सहयोगी नबनेमा त्यस्तो कथानकलाई शिथिल मानिन्छ ।

**३.४.१.२ कथात□वका दृष्टिले कथानकको वर्गीकरण**

कथात□वका दृष्टिले कथानकलाई दुई भागमा विभाजन गरिएको पाइन्छ :

**क)  प्रधान कथावस्तु**

उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रवाहित भइरहने मूल कथा प्रधान कथावस्तु हो । यही मूल कथा नै उपन्यासको आधारभूत कथावस्तु हो । यसको वरिपरि अन्य कथावस्तहरू पनि रहन्छन् । प्रधान कथावस्तुमा केन्द्रित रहेर अन्य कथावस्तुहरू आएका हुन्छन् । उपन्यासले देखाउन खोजेको उद्देश्य वा मुख्य विषयवस्तु यही प्रधान कथावस्तुमा निर्भर रहेको हुन्छ ।

**ख)  उप-कथावस्तु**

उपन्यासको बीच-बीचमा आउने र मूल कथावस्तुसँग सम्बन्धित रहने छोटा-छोटा कथाहरूलाई उप-कथावस्तु भनिन्छ । उपन्यासमा आएका यस्ता उपकथावस्तुले एकातिर मूल कथावस्तुलाई गतिशील बनाउँछन् भने अर्कातिर उपन्यासका मूल पात्रको चरित्रमा

प्रकाश पार्न मद्दत पुऱ्याउँछन् । त्यसैले उपन्यासमा आएका उप-कथावस्तु उपन्यासको मूल कथावस्तु र मूल चरित्रका सहायक र साधकको रूपमा प्रस्तुत भएका हुन्छन् ।

### ३.४.१.३ प्रस्तुतिका दृष्टिले उपन्यासको वर्गीकरण

प्रस्तुतिका दृष्टिले उपन्यासको कथावस्तुलाई निम्न चार भेदमा वर्गीकरण गर्न सकिन्छ :

**क) कथात्मक प्रस्तुतियुक्त कथावस्तु**

उपन्यासकारले कथावाचकको रूपमा तटस्थ रही उपन्यासका सम्पूर्ण घटना र कथाको वर्णन गरेमा त्यस्तो कथावस्तु कथात्मक कथावस्तु हुन्छ । यसमा उपन्यासकारले सरसर्ती कथाको वर्णन गर्ने भएकोले यस्ता कथावस्तुलाई वर्णनात्मक कथावस्तु पनि भन्न सकिन्छ । यसमा उपन्यासकारले आफू तटस्थ रहेर कथावस्तुको वर्णन र विश्लेषण गरिरहेको हुन्छ ।

**ख) आत्मकथात्मक प्रस्तुतियुक्त कथावस्तु**

आत्मकथात्मक कथावस्तुको प्रस्तुतिमा उपन्यासका प्रमुख पात्रले आफ्नो जीवकालमा घटेका घटनालाई वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले अभिव्यक्ति दिइरहेका हुन्छन् । ती प्रमुख पात्रको वर्णनमा उपन्यासमा घटित सम्पूर्ण घटना, पात्र र कथावस्तु केन्द्रित रहेका हुन्छन् । उपन्यासका पात्र आफै वर्णनकर्ता पनि भएकोले यसमा अन्य प्रस्तुतिमा भन्दा बढी स्वाभाविकता, विश्वसनीयता र मनोविश्लेषणको प्रयोग गर्ने आवश्यक परिस्थिति र परिवेशको सृजना हुन्छ ।

**ग) पत्रात्मक प्रस्तुतियुक्त कथावस्तु**

विभिन्न पात्र तथा कागजातहरूलाई परिच्छेदको रूपमा प्रयोग गरी उपन्यासका विभिन्न पात्रहरूले एक- अर्कालाई प्रेषण गरेका पात्रहरूको माध्यमबाट कथानकको निर्माण गर्ने प्रक्रिया यस अन्तर्गत अपनाइन्छ । यसमा उपन्यासको एक पात्रले अर्को पात्रलाई पठाएका पत्रहरू परिच्छेदको रूपमा समावेश गरिएको हुन्छ ।

### घ) दैनन्दिनी प्रस्तुतियुक्त कथावस्तु

दैनन्दिनी प्रस्तुतिमा उपन्यासको कथावस्तु संरचना हुँदा पात्रहरूको जीवनमा घटेका घटनाहरूलाई दैनिकीको रूपमा प्रस्तुत गरिएको हुन्छ । अन्य प्रस्तुतिहरूमा भन्दा यसमा उपन्यासका चरित्रहरू कम हुन्छन् । पात्रहरूको जीवनका महत्त्वपूर्ण दिनहरूलाई दैनिकीको रूपमा प्रयोग गरेर उपन्यासको रचना गर्ने यो विधि बढी कठिन देखा पर्छ ।

यी बाहेक उपन्यासको कथावस्तुलाई घटनाप्रधान, चरिरत्रप्रधान, वातावरणप्रधान, त्यस्तै विषयका आधारमा साहसिक, रोमाञ्चकारी, ऐतिहासिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, प्रेमविषयक आदि विभिन्न तरिकाले पनि विभाजन गर्न सकिन्छ ।

## ३.४.२ पात्र/सहभागी/चरित्र

उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानवीय वा मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले गरिने हुन्छ । सामान्यतयाः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ (बराल र एटम,२०६६:२६) । उपन्यासमा सहभागीको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छ । पात्र कथानकमा आबद्ध हुन्छन् र तिनैले कथानकलाई गतिशील तुल्याउँछन् । कृतिमा पात्रको सहभागिता वक्ता, स्रोता, सम्बोधक-सम्बोधित, प्रापक-प्रेषक आदि हुन्छ । परिस्थिति अनुसार यिनको भूमिकामा परिवर्तन आउन सक्छ (लुइटेल,२०६९:४५) । उपन्यासमा पात्रको सर्वाधिक महत्त्व रहने हुँदा यिनको संलग्नताको प्रकार पनि धेरै हुन्छ । उपन्यासमा संलग्न पात्रहरू विभिन्न आधारमा विभाजन गरिन्छ । ती यस प्रकार छन् :

### क) लिङ्गका आधारमा पात्रको विभाजन

लिङ्ग व्यक्ति वा पात्रको शारीरिक जात छुट्याउने आधार हो । यस आधारबाट हेर्दा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् । आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूको पुलिङ्ग र स्त्रीलिङ्गी नामाकरणका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग वर्गमा विभाजन गर्न सकिन्छ ।

## ख) भूमिकाका आधारमा पात्रहरूको विभाजन

आख्यानात्मक कृतिमा सबै पात्रले उत्तिकै महत्त्वपूर्ण कार्य गर्दैनन् । कार्यमूल्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गका हुन्छन् ।

### प्रमुख पात्र

उपन्यासमा प्रयुक्त मूल-कथासँग सम्बन्धित मूल पात्रहरूलाई प्रमुख पात्रको रूपमा लिन सकिन्छ । यस अन्तर्गत उपन्यासका नायक-नायिक, प्रतिनायक-प्रतिनायिका तथा मूल कथामा केन्द्रीय भूमिका भएका अन्य पात्रहरूलाई लिन सकिन्छ । उपन्यासमा बढी मह□वको कार्य गर्ने र सवैभन्दा बढी आउने पात्रलाई प्रमुख पात्र भनिन्छ ।

### सहायक पात्र

उपन्यासमा प्रमुख पात्रहरूबाहेक अन्य पात्रहरू जसले प्रमुख पात्रलाई सहयोग गर्ने गर्दछन् ती पात्रहरू सहायक पात्र हुन् । मूल कथानकलाई गति प्रदान गर्न आएको सहायक कथा साथै छोटा-छोटा प्रसङ्गमा यस्ता सहायक पात्रहरू आउछन् ।

### गौण पात्र

उपन्यासमा ज्यादै कम महत्त्व भएका अथवा खास भूमिका नभएका पात्र गौण पात्र हुन् । यस्ता पात्रहरू छोटा-छोटा प्रसङ्ग र प्रसङ्गसँगै उनीहरूको भूमिका पनि समाप्त हुन्छ ।

## ग) प्रवृत्तिका आधारमा पात्र

पात्रका सकारात्मक र नकारात्मक व्यवहार एवम् प्रवृत्तिका आधारमा पात्रलाई विभाजन गर्न सकिन्छ यस आधारमा पात्र अनुकूल र प्रतिकुल गरी जम्मा दुई प्रकारका हुन्छन् :

### अनुकूल पात्र

सकारात्मक गुण भएको, सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल पात्र हो ।

**प्रतिकूल पात्र**

नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने नकारात्मक वा प्रतिकूल पात्र हो ।

**घ) स्वभावका आधारमा पात्र**

आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरू कोही बदलिँदो स्थिति अनुसार बदलिने स्वाभावका हुन्छन् र कोही चाहिँ बदिलिँदो स्थितिमा पनि नबदलिने स्वाभावका हुन्छन् । यस आधारमा पनि पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् ।

**गतिशील पात्र**

उपन्यासका विभिन्न गतिविधिहरूमा सक्रिय भूमिका भएका र क्रियाशील पात्रहरूलाई गतिशील पात्र भनिन्छ । यस्ता पात्रहरूमा स्थिरता नपाइने हुँदा यिनीहरूलाई परिवृत्त चरित्रको रूपमा लिइन्छ ।

**स्थिर पात्र**

उपन्यासका विभिन्न घटना र क्रियाकलापमा कुनै जीवन्त भूमिका नभएका र त्यस्ता घटना र क्रियाकलापले प्रतक्ष्यरूपका कुनै असर नपार्ने अपरिवर्तनशील पात्रहरूलाई स्थिर पात्रअन्तर्गत राखिन्छ । यस्ता पात्रहरूलाई  समस्थ चरित्रको रूपमा लिने गरेको पनि पाइन्छ ।

**ङ) चरित्रका दृष्टिले उपन्यासको पात्रको वर्गीकरण**

आख्यानात्मक कृतिमा प्रयुक्त पात्रले आफ्नो मात्र वा अरूको जीवनको पनि प्रतिनिधित्व गर्ने चेतनाका आधारमा वर्गगत र व्यक्तिगत गरी पात्रहरू दुई वर्गका हुन्छन् ।

**व्यक्तिगत पात्र**

व्यक्तिको वैयक्तिक भावना र संवेदनालाई आश्रय दिएर उसको अदम्य इच्छा र आकाङ्क्षा प्रतिबिम्बित हुने गरी व्यक्तिलाई प्रधानता दिएर उपन्यासको रचना गरिएमा उपन्यासका त्यस्ता पात्रलाई व्यक्तिगत पात्र भनिन्छ ।

**वर्गीय पात्र**

वर्गगत भावनाको प्रधानता भएका र निश्चित वर्गीय सुख-दुःख, कठिनाई र समस्या आदिको अभिव्यक्ति दिने पात्रहरू वर्गीय पात्र हुन् । वर्गगत पात्र भएका उपन्यासहरूमा वर्गीय स्वार्थले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**च) आसन्नताका आधारमा पात्र**

आख्यानात्मक कृतिमा कोही वर्णन मात्र गरिएका पात्रहरू हुन्छन् भने कोही स्वयम् उपस्थित भई कार्य गर्ने पात्रहरू पनि हुन्छन् । कृतिको कथानकमा हुने पात्रको उपस्थिति नै आसन्नता हो । यस आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्चिय पात्र गरी दुई प्रकारका हुन्छन् ।

**नेपथ्य पात्र**

नेपथ्य पात्र उपन्यासमा कार्यव्यापारमा प्रतक्ष रूपले संलग्न हुदैन । कथायिता वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य पात्र हो ।

**मञ्चीय पात्र**

उपन्यासमा  उपस्थित भएर कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चिय पात्र हो ।

**छ) आवद्धताको आधारमा पात्र**

उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आवद्धता भनिन्छ । कथानकमा बाँधिने र नबाँधिने आधारमा पनि पात्रहरू बद्ध र मुक्त गरी दुई वर्गका हुन्छन् ।

**बद्ध पात्र**

उपन्यासको विभिन्न सन्दर्भ र प्रसङ्गमा आवद्ध भएर वा बाँधिएर आउने  पात्रलाई बद्ध पात्र भनिन्छ ।

**मुक्त पात्र**

उपन्यासको प्रसङ्गमा नबाँधिई स्वतन्त्र रूपमा पनि सार्थक हुने पात्रलाई मुक्त पात्र भनिन्छ । यसरी उपन्यासमा पात्रहरू लिङ्ग, कार्य, स्वभाव, चरित्र, आसन्नता , आवद्धता आदिको आधारमा पात्रहरू धेरै प्रकारका हुन्छन् । प्रत्येक उपन्यासमा सबै प्रकारका पात्रहरू अनिवार्य नभए पनि कुनै न कुनै प्रकारको पात्र अनिवार्य हुन्छ । त्यसैले यो उपन्यासको अनिवार्य तत्त्व हो ।

**३.४.३ परिवेश**

उपन्यासमा पात्रले कार्यव्यापार सम्पन्न गर्ने तथा घटना घट्ने स्थान , समय र वातावरणलाई परिवेश भनिन्छ । पात्रले कार्य गर्ने समय, स्थान, र वातावरण बुझाउने परिवेश अन्तर्गत समयविशेष वा स्थानविशेषको रीतिस्थिति, चालचलन आचार-व्यवहार, रहनसहन, वेशभुषा आदि पनि पर्दछन् ( लुइटेल,२०६९:५०) । कुनै कार्य हुनका लागि उपर्युक्त मानिएको स्थल कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो ( सुवेदी,२०५३:५२) । परिवेश एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । आख्यानात्मक कृतिमा पात्रहरूको कार्य गर्ने वा घटना घट्ने निश्चित स्थान र समयलाई देशकाल भनिन्छ । देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । परिवेश अन्तर्गत देशकाल र वातावरण पर्दछन् ।

**स्थान**

उपन्यासमा कार्यव्यापार सम्पन्न गर्ने ठाउँलाई स्थान वा देश भनिन्छ । जुनसुकै उपन्यासमा पनि सामान्य वा विशिष्ट वा कुनै न कुनै रूपमा स्थान आएको हुन्छ ।

**समय**

उपन्यासमा कार्यव्यापार सम्पन्न भएको काललाई समय भनिन्छ । उपन्यासमा कुनै स्थानको सन्दर्भ मिल्ने कुनै निश्चित समयवृत्तको जीवनगाथा प्रकट गरिएको हुन्छ (बराल र एटम,२०६६:३३) । हरेक उपन्यासमा समय आएको हुन्छ ।

**वातावरण**

उपन्यासमा वर्णित सुखद वा दुखद परिस्थिति कार्यव्यापारबाट उत्पन्न हुने भावनाको परितृप्ति वातावरण हो । वातारण, स्थान तथा समयभन्दा सूक्ष्म हुन्छ । वातावरण देशकालभन्दा सूक्ष्म हुने हुँदा यसको सम्बन्ध पात्रको भावनाको क्रियाकलापसँग हुन्छ । मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा भाव वातावरणलाई भाव पनि भनिन्छ ।

**३.४.४ उद्देश्य**

जुन प्रयोजनका लागि उपन्यास लेखिएको हुन्छ त्यही प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको सृजना उद्देश्यमूलक ढङ्गले गरिन्छ । उद्देश्यबिना सिर्जना गरिएको कृति सार्थक हुँदैन । उपन्यासको उद्देश्य उपदेश दिनु, मनोरञ्जन गर्नु, आनन्द दिनु आदि हुन् । आधुनिक उपन्यास भने यथार्थको प्रकट गर्नु लेखिन्छ (लुइटेल,२०६६:५१) । जुन रूपले भए पनि उपन्यासमा उद्देश्य अनिवार्य हुने हुँदा यो उपन्यासको एउटा मुख्य तत्त्व हो ।

**३.४.५ दृष्टिविन्दु**

कुनै पनि आख्यानात्मक कृतिभित्र कथावाचक कुन ठाउँमा बसेर कथा भनिरहेको छ भनी हेर्नुलाई दृष्टिविन्दु भनिन्छ । उपन्यासमा कथायिताले कथावाचनको लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसले कसरी कथा भनिएको छ र कसले कथा भनेको छ भन्ने कुरालाई बुझाउँछ (बराल र एटम,२०६६:५१) । कतै कथायिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्ण कुरा ओकल्ने छुट पाएको हुन्छ । यस आधारमा दृष्टिविन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् ।

**आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु**

प्रथम पुरुष भएको आख्यानात्मक कृतिमा कथायिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि संलग्न गरेको हुन्छ । यसलाई आन्तरिक दृष्टिबिन्दु भनिन्छ । आख्यानमा पात्र प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ (श्रेष्ठ,२०६०:१२) । यसमा कथयिताले चाहेको जुसुकै कुरा म को रूपमा व्यक्त भएको हुन्छ । पात्रको कार्यको आधारमा यसलाई केन्द्रीय र परिधीय गरी दुई वर्गमा विभाजन गरिएको छ । केन्द्रीय दृष्टिविन्दुमा स्वयम्

उपन्यासकार वा अरू कुनै पात्र म को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत गरिएको हुन्छ भने परिधीय दृष्टिविन्दुमा उपन्यासको कथायिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रहरू भन्दा अलिकति टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ । यसरी प्रथम पुरुष दृष्टिविन्दुमा मुख्य वा सहायक जुन भूमिका लिएर भए पनि कथायिता म पात्रका रूपमा उपस्थित हुन्छ ।

### बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु

तृतीय पुरुष दृष्टिविन्दुमा कथाबाचक कृतिभित्र नरहेर कृतिबाहिर रहन्छ । उ, त्यो, तिनी, उनी वा कुनै पात्रको नामबाट कथा भनिएमा त्यो तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ (लुइटेल,२०६९:५३) । तृतीय पुरुष भएको आख्यानात्मक कृतिमा कथयिता सम्पूर्ण कुराको ज्ञाता हुन्छ र घटनास्थलभन्दा बाहिर रहेर अरूको बारेमा टिप्पणी गर्दछ । उपन्यासमा कथायिताको अधिकारको बारेमा बाह्य दृष्टिविन्दुलाई सर्वज्ञ, सीमित र वस्तुगत गरी विभाजन गरिएको छ । उपन्यासमा पात्र र घटनाका कुरालाई सर्वज्ञ झैं बनेर जानकारी दिने दृष्टिविन्दु सर्वज्ञ दृष्टिविन्दु हो । यसमा समाख्यातालाई पात्रको भावना, विचार, अनुभूति, उद्देश्य र मूल्याङ्कन गर्ने अधिकार प्राप्त हुन्छ (लुइटेल,२०६९:५३) । सर्वज्ञ दृष्टिविन्दु पनि हस्तक्षेपी वा अन्तर्बेधी र अहस्तक्षेपी वा निर्बैयक्तिक गरी दूई प्रकारका हुन्छन् । हस्तक्षेपी दृष्टिविन्दु भएका उपन्यासमा मूल रूपमा लेखकले मात्र वर्णन गर्दछ भने अहस्तक्षेपी दृष्टिविन्दु भएका उपन्यासमा लेखकले नाटकीय संवादको उपस्थिति गराएर आफू टाढा बस्दछ ।

सीमित दृष्टिविन्दु भएको उपन्यासमा चाँहि समाख्याताले आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँदछ र सीमित पक्षबाट मात्रै कुनै कुराको चर्चा गर्दछ । यस्तो दृष्टिबिन्दुमा कथायिताले आफूपछि लागेको चरित्रले के देख्छ, के सुन्छ, त्यो सबै बताउँछ । वस्तुगत दृष्टिविन्दु भएको उपन्यासमा समाख्याता कुनै पनि पात्रको मनभित्र प्रवेश नगरी आफ्ना सामु घटित घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्दछ । बस्तुगत दृष्टिविन्दुमा समाख्याता सहभागीको मानसिकताबाट टाढा रहन्छ ।

### ३.४.६ भाषा

समाजका मानिसहरूबीच विचार विनिमय गर्ने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । यही भाषाका माध्यमबाट नै साहित्यको सृजना हुने गर्दछ । भाषा भनेको विचारको तत्कालीक यथार्थ हो । उपन्यास भाषाद्वारा मुर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने विधा भएकोले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुबै भाषाको प्रयोग आवश्यकता अनुसार हुने गर्दछ (बराल र एटम,२०६६:३९) । भाषा कथ्य विषयलाई पाठकसामू प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने सामग्री हो यसले गर्दा कुनै पनि कृतिमा प्रयोग भएको भाषिक क्षमतालाई विभिन्न आधारमा हेर्न सकिन्छः

**शब्द चयन**

भाषाको न्यूनतम सार्थक एकाइको छनौटलाई शब्द चयन भनिन्छ । एउटै कुरा जनाउनका लागि पनि प्रयोक्ताले आफ्नो रुचि अनुसार भाषामा पाइने उस्तै विकल्पहरूको एउटा  विशिष्ट छनौट गर्न सक्छ । यसले गर्दा ती प्रयुक्त शब्दहरूले भिन्नै अर्थ बोकेका पनि हुन सक्छन् । कृतिमा तत्सम्, आगन्तुक, झर्रा आदि के  कस्ता शब्दहरूको छनोट भएको छ भनी हेर्नु नै शाब्दिक चयन अन्तर्गत पर्दछ । कुनै पनि कृतिको रचना गर्दा के कस्ता शब्दहरूको चयनबाट गरिएको छ भनी हेरेर पनि भाषामा भएको सरलता र जटिलता छुट्याउन सकिन्छ ।

**शैली**

कुनै पनि साहित्यिक कृति लेखिने तरिका वा लेखकले आफ्नो भाव वा विचारलाई पाठकसामू अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई शैली भनिन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो (लुइटेल,२०६९:५७) । उपन्यास साहित्यिक कृति भएकाले यसको संरचनामा साहित्यिक र भाषिक शैली हुन्छन् । साहित्यिक शैली विधागत उपकरणको प्रयोग र अभिव्यक्तिमा देखिन्छ भने भाषिक शैली भाषाको प्रयोग र त्यसको अभिव्यक्तिमा देखा पर्दछ । अतः रचनाको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा,२०५९:३) । यसरी भाषामा वर्णनात्मक,

विवरणात्मक, संवादात्मक, पत्रात्मक, कवितात्मक आदि विभिन्न प्रकारको शैली देखिन पुग्छ । यसरी कृतिमा के कस्तो शैलीको प्रयोग भएको छ भनी हेर्न सकिन्छ ।

**प्रतीक र बिम्ब**

कुनै वस्तु वा घटनालाई सङ्केतित गर्ने शब्द वा पदसमुहको लागि प्रतीक शब्दको प्रयोग गरिन्छ । यसले एक वा अनेक वस्तुलाई सङ्केत गर्दछ । साहित्यमा प्रतीकले कुनै अमूर्त चिजलाई प्रतिनिधित्व गर्ने मूर्त चिजलाई जनाउँछ । त्यस्तै भाषाका माध्यमबाट मष्तिक्समा पर्ने कुनै पनि बस्तुको छाँयालाई बिम्ब भनिन्छ । बिम्बले अमूर्तलाई मूर्तता दिन अमूर्तता कै प्रयोग गर्दछ । प्रतीकमा झैं वस्तुको सहयोग लिदैंन (बराल र एटम,२०६६:४२) । बिम्बले नै भाषा र कथ्यलाई एकाकार गर्दछ । यसरी प्रतीक र बिम्बका माध्यमबाट पनि कृतिमा प्रयुक्त भाषालाई हेर्न सकिन्छ ।

**निष्कर्ष**

उपन्यास शब्द 'अस' धातुमा 'उप' र 'नि उपसर्ग एवम् 'घञ्' (अ) प्रत्यय लागेर बनेको शब्द हो । जसको अर्थ नजिक राख्नु वा आनन्द गराउने वाक्यका रूपमा प्रयोग भएको पाइन्छ । नेपालीमा प्रयुक्त उपन्यास शब्दलाई अङ्ग्रेजीमा 'नोभल' भन्ने गरिन्छ । तसर्थ संस्कृतबाट लिएको उपन्यास शब्दले 'नोभल' शब्दले अर्थ प्रदान गर्न नसकेकाले आफ्ना पुराना अर्थसँग सम्बन्ध विच्छेद गरेर हाल अङ्ग्रेजी 'नोभल' शब्दसँग साइनो गाँसेको पाइन्छ । पाश्चात्य साहित्यमा 'नोभल' अर्थात उपन्यास शब्दको जन्म अठारौं शताब्दीमा भएर विश्वका अनेक मुलुकका साथै नेपालमा पनि एक चर्चित साहित्यिक विधाका रूपमा विकसित हुँदै आएको छ । यसरी उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाका माध्यमबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । उपन्यास भनेको मानव जीवनकै सम्पूर्ण घटनाहरूको अभिव्यक्ति गर्ने बृहत् गद्य आख्यानात्मक रचना हो, जसमा यथातथ्यको उद्घाटन मात्र नभएर कल्पनाको कलात्मक मिश्रण पनि भएको हुन्छ । कुनै पनि वस्तुले पूर्ण संरचना प्राप्त गर्नका लागि विभिन्न संरचनात्मक घटकहरूको समायोजन गरे जस्तै उपन्यास निर्माणका लागि पनि विभिन्न संरचनात्मक घटकहरूको आवश्यकता पर्दछ, जसलाई उपन्यासका तत्त्व भनिन्छ । उपन्यासका तत्त्वहरू यति नै हुन भनेर किटान गर्ने क्रममा विद्वान्हरूको मत एउटै हुन

नसके तापनि अधिकांशले कथानक, पात्र, उद्देश्य, दृष्टिबिन्दु, परिवेश र भाषालाई यसका तत्त्व मान्दै आएका छन् । यिनै तत्त्वहरूको कलात्मक र समन्वयात्मक मिश्रणबाट उपन्यासले आफ्नो पूर्ण संरचना प्राप्त गरेको हुन्छ । यिनै तत्त्वहरूको आधारमा उपन्यासको अध्ययन गर्दा सहज, सरल र स्पष्ट हुने देखिन्छ ।

# चौथो परिच्छेद

# औपन्यासिक तत्त्वका आधारमा अनीता उपन्यासको अध्ययन

## ४. विषय प्रवेश

**अनीता** उपन्यास डायमनशमशेर राणाको पाँचौ उपन्यास हो । वि.स. २०४३ मा नेपाली साहित्यिक सञ्चयिका दार्जिलिङ्गबाट पहिलो पटक प्रकाशित भएको यो उपन्यास २०४६ सालबाट साझा प्रकाशन पुल्चोकले प्रकाशन गर्दै आएको छ । **अनीता** उपन्यास सोह्र अनुच्छेद र एक उपसंहार गरी जम्मा सत्र अनुच्छेदमा विभाजित भएको छ । एक सय सङ्चालिस पृष्ठ रहेको यस उपन्यासमा सबैभन्दा सानो परिच्छेद तीन पृष्ठको तेस्रो अनुच्छेद रहेको छ र सबैभन्दा ठूलो परिच्छेद दशौं परिच्छेद एक्काइस पृष्ठको रहेको छ । नेपाली साहित्यको फाँटमा आजसम्म देखापरेका उपन्यासहरूमध्ये यो पनि एक सफल र लोकप्रिय उपन्यास बन्न सफल भएको छ । यस उपन्यासलाई औपन्यासिक तत्त्वको आधारमा निम्नानुसार अध्ययन गरिएको छ ।

## ४.१ कथानक

**अनीता** उपन्यासको मूलमा राजनीतिक विषयवस्तु रहेको छ । यस उपन्यासको कथानक रैखिक ढाँचामा रहेको छ । कथानकको सुरुवात भारतको पटनामा विश्वेश्वरप्रसाद कोइराला, सुवर्णशमशेर राणा आदि नेताहरू मिलेर राणाविरोधी आन्दोलनको विषयमा छलफल गरेबाट भएको छ । त्यस छलफलमा विश्वेश्वरप्रसाद कोइरालाले अहिंसात्मक आन्दोलनको प्रस्ताव अगाडि सारेका छन् भने सुवर्णसशमशेर राणाले अहिंसाको भाषा तानाशाहले बुझेको इतिहास छैन (अनिताः २) भन्दै हिंसात्मक आन्दोलनको प्रस्ताव राखेको छन् । प्रस्तावसँगै सुवर्णशमशेरले आन्दोलनको तयारीमा लागेका छन् र मुक्ति सेनाको तयार पनि गरेका छन् । उनले तय गरेको मुक्ति सेनामा हरिबहादुर मगर सामेल भएको छ । मुक्तिसेनाको तालिम सकेर हरिबहादुरले काठमाण्डौंमा आएर भूमिगत रूपमा राजनीति गर्न थालेको छ । उसको राजनीतिक पार्टीमा रमेश माझी, अनीता मगर जस्ता पात्रहरू सहभागी भएका छन् । अनीता मगर, हरिबहादुर मगर र रमेश माझी यी तीन जना पात्रहरूसँग सम्बद्ध सम्पूर्ण घटना यस उपन्यासको प्रमुख कथावस्तु हो ।

हरिबहादुरको नेतृत्वमा राजनीति सुरु भए पछि कथानकको आदि भाग सुरु हुन्छ । चन्द्रकात दाहालले षडयन्त्र रचेर राणाविरोधी आन्दोलनमा लागेकी अनीतालाई सम्पत्तिको लोभ देखाएर दरबार पसाउन खोज्नु, अनीताको बाबु आइते र अनीता दुबैले चन्द्रकान्तको कुरा नमान्नु, उनीहरूको विवाद हुनु, विवादले ठूलो रूप लिनु, गाउँलेहरू भेला हुनु, त्यस भेलामा अनीताले राजनीतिक भाषण गर्नु जसको कारण आइतेलाई प्रहरीले पक्रनु, अनीताचाहिँ अध्यक्ष मानिकलाल देउजाको सहयोगले राति नै घरबाट भाग्न सफल हुनु सम्मको घटना आदि भागमा राखिएको छ ।

प्रस्तुत उपन्यासको मध्य भाग अन्तर्गतका घटनाहरूमा प्रहरीबाट उम्कन सफल भएकी अनीताले कतै पनि लुक्ने ठाउँ नपाउनु र राजनीतिक गुफा इटुमबहालमा नै गएर राजनीतिमा पुनः सक्रिय भएर क्रान्तिलाई सघाउनु, त्यस ठाउँबाट रमेश माभ्कीसँग टाढा हुन अनीता मामाघर दार्जिलिङ्ग जानु, तर साथमा रमेश माभ्कीलाई पनि पार्टीबाट पठाइनु, अनीता र रमेश माभ्की एउटै घरमा बस्नु, मामाघरमा पनि अनीता विरुद्ध केही मानिसहरूले नारा लगाउँदा अनीताले राजनीतिक भाषण गर्नु, प्रहरीले घरबाट ननिस्कने नजरबन्दी वारेन्टपत्र दिनु, हरिबहादुरको पत्र आउनु, उसले भने अनुसार अनीता श्यामकृष्ण धर्मशालामा जानु तर त्यही रात वीरगञ्जको युद्धमा परेर हरिबहादुर घाइते हुनु, अनीता घाइतेहरूको स्याहारमा खटिएकी र हरिबहादुरको उपचारको क्रममा डाक्टरले श्रीमतीको आवश्यकता बताएपछि अनीतासँग विवाह भएको छ ।

उपन्यासको अन्त्य भागका घटनाहरूमा युद्ध पछाडि काँग्रेस-राणाको सरकार बन्नु, पार्टीमा आपसी मनमोटाव हुनु, पार्टी विभाजन हुनु, पार्टी विभाजन भएपछि हरिबहादुरले पाउँदै आएको आर्थिक भत्ता काटिनु, हरिबहादुर र अनीता वीरगञ्जबाट काठमाण्डौं आउनु, काठमाण्डौंमा उनीहरूको जनआन्दोलनका साथीहरू ठूला-ठूला पदमा पुगेका तर कुनै पनि साथीले उनीहरूलाई वास्ता नगर्नु, हरिबहादुर बिरामी हुनु र मृत्यु हुनुसम्मको घटना अन्त्य भाग हो । उपन्यासको उपसंहारमा रमेश माभ्कीले विधवा अनीतालाई पत्नीको रूपमा स्वीकार गरेर आगामी चुनावको लागि ती दुबै सत्याग्राही बनेका छन् ।

यस उपन्यासको कथानकमा द्वन्द्वको प्रयोग पर्याप्त भएको देखिन्छ । मूलतः बाह्य द्वन्द्वमा केन्द्रीत यस उपन्यासका क्रियाकलापहरूमा पात्रको आन्तरिक द्वन्द्व पनि सामान्य रूपमा रहेको छ । बाह्य द्वन्द्वका रूपमा राणाशासक र आन्दोलनकारी बीचको द्वन्द्व, अनीता

र चन्द्रकान्तबीचको द्वन्द्व आएको छ । अनीतालाई समाजले राजनीतिमा लागेको सहेको छैन तर ऊ समाजको भनाई नसुनेर राजनीतिमा लाग्नु पनि बाह्य द्वन्द्व हो । उपन्यासको कथानकमा आन्तरिक द्वन्द्व पनि प्रयोग भएको छ । अनीता मगरको चेतन मन हरिबहादरुसँग विवाह गर्ने र रमेशमाझीबाट टाढा हुन चाहन्छ तर उसको अवचेतन मन भने रमेश माझीप्रति आकर्षित भइरहन्छ र उसलाई नै खोजिरहन्छ । त्यस्तै रमेश माझीको चेतन मनले पनि अर्काकी डोला अनीतालाई प्रेम गर्नु पाप हो भन्ने सम्झन्छ तर उसको अवचेतन मन अनीतासँग विवाह गर्न चाहन्छ । अन्तमा अवचेतन मनले जितेको छ । यसरी यी दुई पात्रको मनमा आन्तरिक द्वन्द्व सृजना भएको छ । उपन्यासमा बाह्य र आन्तरिक द्वन्द्व दुबै प्रकारको द्वन्द्व प्रयोग भएको छ ।

कथानकको घटनाहरू एकपछि अर्को गर्दै श्रृंखलित साथै कुतुहलमय बनेर आएका छन् । मानिकलाल देउजा र पूर्ण खवास पशुपतिको बनकालीमा बहादुरशमशेरको हत्या गर्न लुकेर बसेका छन् । मानिकलाल देउजाले पूर्ण खवासलाई बहादुरशमशेर तिनै हुन् भन्दै चिनाई दिएर “लु हान्नुस” (पृ. ३) भनेपछि अब के होला ?, बहादुरशमशेर कसरी मर्ला ? ऊ मात्रै मर्ने हो कि उसकी रानी पनि मर्ने हो ? जस्ता जिज्ञासा पाठकको मनमा उत्पन्न हुन्छ । त्यस्तै अनीता र हरिबहादुर वीरगञ्जबाट काठमाण्डौ आउँदा गोतामथोकको जङ्गलमा बाघ गर्जेर उनीहरूमाथी आक्रमण गरेको, अनीता गुडुल्किएर बस्दा पोथ्रापोथ्रीभित्र मासु चपाएको र हाड चपाएको कट्याक-कुटुक आवाज आउँदा (पृ.१३२) बाघले कसलाई खायो होला ? जिउँदै खायो कि मार्‍यो होला ? जस्ता कुतुहलता पाठकको मनमा उत्पन्न हुन्छ । यसरी उपन्यासमा कुतुहलता आएको छ ।

कथानकको कुनै कुनै ठाउँमा पूर्वदीप्ति प्रणालीको प्रयोग भएको छ । आइतेले राणाशासनको सास्ती खपेको, पद्मशमशेरले संविधान घोषणा गरेर जनतालाई अधिकार दिएको र मोहनशमशेर लगायत अन्य भाइहरूले मन नपराएको र पद्मशमशेर भारत भएको कथा, पूर्वदीप्तिको रूपमा आएको छ । यस प्रकारका पूर्वदीप्तिहरू उपन्यासमा पाइए पनि कथानकले समयक्रमको गतिसँगै वर्तमानबाट भविष्यतिर यात्रा गरेको हुँदा कथानकको ढाँचा रैखिक रहेको छ । मूल कथानक हरिबहादुर, अनीता र रमेश माझीसँग सम्बद्ध छ । मुख्य कथानकको साथै अन्य स-साना उपकथाहरू पनि आएका छन् । आइतेको कथा, सुवर्णशमशेरको कथा, पद्मशमशेर तथा मोहनशमशेरका कथा, हरिबहादुरको ब्रिटिस-गोर्खामा

रहँदाको कथा उपकथाको रूपमा आएको छ । यस्ता उपकथा तथा प्रसङ्गहरू यस उपन्यासमा प्रशस्त आएका छन् ।

यस उपन्यासमा राजनीतिसँगै अनीता मगर र रमेश माझीको बीचको प्रेम पनि समानान्तर रूपमा अगाडि बढेको छ । राजनीतिमा प्रवेश गर्दा पहिलो पटक भेट भएको रमेश माझीलाई उसले सपनामा देखेकी हुन्छे र उसले त्यही पहिला देखेको सपनालाई कल्पेर बसेकी छे । आफ्नो विवाह हरिबहादुरसँग हुने पक्का भइसकेको कारणले गर्दा रमेश माझीबाट टाढा हुन राजनीतिक दलमा अब कहिले पनि नजाने निर्णय गरेकी छे तर प्रहरीले उसलाई पक्रने भएपछि फेरी त्यहाँ जान बाध्य भएको देखिन्छ । मामाघर जाँदा पनि उसको साथमा रमेशसँगै गएपछि भने ऊ प्रति अनीताको सोच परिवर्तन भएको छ । अन्तमा हरिबहादुरसँग विवाह भए पनि श्रीमान्को मृत्यु भएपछि अनीताको प्रेम रमेश माझीसँग विवाह भएर सफल भएको छ । यो उपन्यास दुई प्रेमीहरूको मिलन भएर सुखान्तमा टुङ्गिएको छ ।

कथानकको स्रोत राजनीति रहेको छ । राणाशासनको अन्त्य गराउन कसरी आन्दोलनको सुरुवात गर्ने, कस्तो प्रकारको आन्दोलन गर्ने, हिंसात्मक कि अहिंसात्मक, जस्ता विषयमा नेताहरूले गरेको छलफल, राजनीतिक कार्यकर्ताहरूले देशको विभिन्न स्थानहरूमा भूमिगत रूपमा रहेर गरेको राजनैतिक गतिविधि, देशमा प्रजातन्त्र आएको, प्रजातन्त्र आएपछि काँग्रेस पार्टीको नाममा गाउँका बाठा मानिसहरूले गाउँलेहरूलाई भ्रममा पारेको, राणा काँग्रेस मिलेर सरकार चलाएको, पार्टी विभाजन भएका राजनीतिक सन्दर्भहरू यस उपन्यासमा आएका छन् । त्यसैगरी उपन्यासमा उपन्यासकारको वैयक्तिक राजनीतिक आग्रह पनि आएको छ । उपन्यासकारको आफ्नो संसदीय व्यवस्थाप्रतिको मोह मुख्य पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यी प्रसङ्गहरू उपन्यासका कथानकमा आएका राजनीतिक प्रसङ्गहरू हुन् ।

यस उपन्यासमा काल्पनिक अतिरञ्जनाले अत्यन्त धेरै स्थान पाएको छ । सुरुमा अशिक्षित र केही कुराको ज्ञान नभएको हरिबहादुर आफ्नो विवाहको लागि खर्च माग्न सुवर्णकहाँ गएको हुन्छ । पछि सुवर्णशमशेर र उनका क्रान्तिकारी साथीहरूसँगको सामान्य कुराकानीकै भरमा ऊ विद्वान् र सैद्धान्तिक ज्ञानले परिपूर्ण व्यक्तिका रूपमा देखा परेको छ । भूमिगत गुफामा भएको शीतल निवासको तस्वीर घरको झ्यालबाट काल्पनिक हात बाहिर

निस्केर उपस्थित सबै व्यक्तिहरूसँग हात मिलाएको छ (पृ.१९) । त्यस्तै आइते मगरका छोरा-छोरी टुल्की र गोपालले बाघझैं गर्जेर सामान लुट्न खोज्दा अनीता, हरिबहादुर र भरियाले साँच्चिकै बाघ सम्झनु र आक्रमणकारीले उनीहरूको खाना खाँदा बाघले मान्छेको हाड टोकेको सम्झनु तथा सभ्य समाजका मान्छेहरू पनि गुफामा बसेको देखाउनु (पृ.१३२), काल्पनिक अतिरञ्जनाका उदाहरण हुन् ।

उपन्यासमा इतिहासमा घटेका वास्तविक घटनाहरू पनि आएका छन । १९९० सालमा राणा परिवारभित्र वर्ग विभाजन भएको र सी वर्गमा पर्ने राणाहरूलाई काठमाण्डौंबाट निकालिएको (पृ.८), सुवर्ण पनि सी वर्गमा परेका र उनी कलकत्तामा बसेर राणाविरोधी आन्दोलनमा लागेको, पद्मशमशेरले नेपाल र नेपालीका कल्याण गर्न २००४ सालमा संविधान घोषणा गरेको, जसको कारण उनले विदेसिनु परेको, उनी विदेसिँदा प्रशस्त सम्पत्ति लगेको (पृ.२०), सुवर्णशमशेरले नेपाली डोमेक्रेटिभ काँग्रेस पार्टीको स्थापना गरेको र यसको कार्यलय कलकत्तामा रहेको, पद्मशमशेरपछि मोहनशमशेर प्रधानमन्त्री भएको र मोहनशमशेरको पालामा जनआन्दोलन भएर प्रजातन्त्र आएको सन्दर्भहरू ऐतिहासिक हुन् । विश्वेश्वरप्रसाद कोइराला साथै अन्य नेताहरू भएर आन्दोलनको तयारी गरेको, अन्य नेताहरूभन्दा सुवर्णशमशेर आर्थिक रूपमा सवल रहेकोले सैन्य तयारीमा लागेको जनआन्दोलनमा राजा त्रिभुवनले सघाएको, त्रिभुवन दिल्ली गएको, वी.पी. र सुवर्णशमशेरको दुवै पार्टीको प्रतिनीधिहरूको सम्मेलनले एउटै पार्टी बनाएको र नेपाली काँग्रेस नाम राखेको, यसको मुखपत्र नेपाल पुकार रहेको (यादव,२०४७:२८४), मुक्तिसेनाले सुवर्णशमशेर लगायत अन्य व्यक्तिको नेतृ[illegible]वमा वीरगञ्जमाथी आक्रमण गरेको र थीरबम मल्ल सोही जनआन्दोलनमा घाइते भएर रक्सौलको डङ्कन मिसिनरी अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको , जनआन्दोलनपछि नेपाली राणा काँग्रेसको संयुक्त सरकार बनेको घटनाहरू सत्य हुन् (यादव,२०४७:२८९) । त्यसैले यो उपन्यासमा इतिहास पनि छ ।

## ४.२ पात्र

**अनीता** उपन्यास बहुपात्रीय उपन्यास हो । यस उपन्यासमा थुप्रै पात्रहरूको जमघट भएको छ । यो उपन्यास ऐतिहासिक पृष्ठभूमिमा रचना भएको कारणले केही पात्र ऐतिहासिक छन् । राजनैतिक सन्दर्भ अनुकूल पात्रहरूको भूमिका स्वाभाविक देखिन्छ ।

उपन्यासका पात्रहरूमा अनीता मगर, हरिबहादुर मगर, रमेश माझी, चन्द्रकान्त दाहाल, सुवर्णशमशेर राणा, विश्वेश्वरप्रसाद कोइराला, पद्मशमशेर राणा, आइते मगर, मोहनशमशेर राणा, सुशीला कोइराला, विमला दाहाल, मखन घर्ती, जगजीवनराम, सुर्यप्रसाद उपाध्याय, टङ्कप्रसाद उपाध्याय, बहादुर शमशेर राणा, केशरशमशेर राणा, विधानचन्द्र राय, जवाहरलाल नेहरू, कंसाकार, चैतु चौधरी, एन.डी, प्रधान, गोपालशमशेर, मातृकाप्रसाद कोइराला, सुवास बोस, थिरबम मल्ल, महेशविक्रम शाह, राजा त्रिभुवन, महात्मा गान्धी, याक्थुम्बा, चम्जुङ्ग, कालचा दाई, सरदार पटेल, खड्गमान सिंह, गणेशमान सिंह, सुर्ती र उसको श्रीमान, कालचा, रुद्रमान, अनीताकी आमा, बहिनी, गोपाल, टुल्की जस्ता पात्रहरू रहेका छन् । यस उपन्यासाक पात्रहरूलाई विभिन्न आधारमा यहा विष्लेषण गरिएको छ ।

लिङ्गका आधारमा उपन्यासमा महिला र पुरुष पात्र रहेका छन् । महिला पात्रहरूमा अनीता मगर, विमला दाहाल, मखन घर्ती, अनीताकी आमा, अनीताकी फुपू, बहिनी, सुर्ती, माइजू, सुशीला कोइराला, जङ्गबहादुरकी रानी रखवाल्नी, सुवर्णकी रानी छन् । पुरुष पात्रहरूमा हरिबहादुर मगर, सुवर्णशमशेर राणा, विश्वेश्वरप्रसाद कोइराला, चन्द्रकान्त दाहाल, पद्मशमशेर राणा, मोहनशमशेर राणा, कंसाकार, विधानचन्द्र राय, सुवास बोस, थिरबम मल्ल, मातृका प्रसाद, गोपालशमशेर, बहादुर शमशेर, महेशविक्रम शाह, गणेशमान सिंह, महात्मा गान्धि, गोपालशमशेर, मातृकाप्रसाद कोइराला, खड्गमान सिंह, आदि । तत्कालीन समयमा पुरुष पात्रको तुलनामा महिला पात्रको राजनीतिमा कम उपस्थिति भएकोले हुन सक्छ यस उपन्यासमा महिला पात्रको उपस्थिति पुरुषको तुलनामा थोरै रहेको देखिन्छ ।

कार्यका आधारमा उपन्यासको पात्रहरूको वर्गीकरण गर्दा प्रमुख पात्रहरूमा अनीता मगर, हरिबहादुर मगर, रमेश माझी, सुवर्णशमशशेर पर्दछन् भने सहायक पात्रहरूमा मखन घर्ती, पूर्ण खवास, चन्द्रकान्त दाहाल, अनीताको मामा-माइजू हुन् भने पण्डित बाजे, विमला, चैतु चौधरी, सुशीला कोइराला, खड्ग बहादुर सिंह, गोपाल, गणेशमान सिंह, एन.डीं प्रधान, याक्थुम्बा, चेम्जुङ्ग, अनीताकी आमा, फुपू, मखकी आमा, दाजु, महेशविक्रम, खड्गबहादुर सिंह,गौण पात्रहरू हुन् ।

आसन्नताको आधारमा यस उपन्यासका पात्रहरूलाई हेर्दा मञ्चीय पात्रहरूमा अनीता मगर, हरिबहादुर मगर, पुर्ण खवास, सुवर्णशमशेर, विश्वेश्वरप्रसाद, आइते मगर,

चन्द्रकान्त, कंसाकार, थीरबम मल्ल, जगजीवनराम आदि पर्दछन् भने अनीताकी आमा, वि.पी.को भाई, महात्मा गान्धी, जवाहरलाल नेहरू, जगजीवन राय, आदि पात्रहरू नेपथ्य पात्रअन्तर्गत पर्दछन् ।

प्रवृत्तिको आधारमा यस उपन्यासका पात्रहरूलाई हेर्दा अनुकूल पात्र अन्तर्गत अनीता मगर, हरिबहादुर मगर, सुवर्णशमशेर राणा, विश्वेश्वरप्रसाद कोइराला, थीरबम मल्ल, रमेश माझी, जवाहरलाल नेहरू, महात्मा गान्धी, कंसाकार, पूर्ण खवास आदि पर्दछन् भने प्रतिकुल पात्रअन्तर्गत चन्द्रकान्त दाहाल, बहादुर शमशेर, मोहन शमशेर, अनीताकी फुपू आदि पर्दछन् ।

स्वाभावका आधारमा यस उपन्यासका पात्रहरूलाई हेर्दा गतिशील पात्र अनीता मगर, हरिबहादुर मगर, रमेश माझी आदि पर्दछन् । स्थिर पात्रहरूमा अनीताकी फुपू, विमला, सुर्ती पर्दछन् ।

उपन्यासमा इतिहासमा नामाङ्कित पात्रहरू पनि रहेका छन् । सुवर्णशमशेर राणा, विश्वेश्रप्रसाद कोइराला, सुशीला कोइराला, मातृकाप्रसाद कोइराला, महावीर शमशेर, पद्मशमशेर, मोहनशमशेर, गोपालशमशेर, कंसकार, थीरबम मल्ल, बहादुरशमशेर, गणेशमान सिंह, टंकप्रसाद आचार्य, श्री ५ त्रिभुवन, के.आई. सिंह, महेशविक्रम शाह, महात्मा गान्धी जस्ता पात्रहरू ऐतिहासिक पात्र हुन् ।

**अनीता** उपन्यासमा धेरै पात्रहरू आए पनि ती पात्रहरूको घटना वर्णन गर्ने क्रममा नाम मात्र उल्लेख भएको छ । नाम मात्र उल्लेख भएकाले ती पात्रहरूको मूल्याङ्कन गरिएको छैन । कतिपय पात्रहरू घटना सम्झने वा कसैसँग केही भन्ने क्रममा अगाडि आएका छन् । यहाँ उपन्यास प्रमुख पात्रहरूको परिचय यसरी दिइएको छ ।

### ४.२.१ अनीता मगर

**अनीता** उपन्यासमा अनीता मगर उपन्यासकी नायिका हो । ऊ उपन्यासको आदि भागदेखि अन्त्य भागसम्म निरन्तर चित्रित भएकी छ । अनीताको बारेमा लेखकको भनाई छ, “अनीता नारी साँच्चिकै स्वास्नीमानिस हो । नाम उसको के हो थाहा छैन । मैले त एउटा नाम दिएँ । मान्छे चाहिँ मैले देखेकै पात्र हो” (ज्ञवाली,२०६५:१३४) । लेखकको यस भनाइबाट अनीता काल्पनिक नाम भएपनि वास्तविक पात्र हो भन्ने बुझिन्छ । अनीता

उपन्यासकी केन्द्रिय पात्र हो । अनीता हरिबहादुरकी हुनेवाला दुलही हो उसको हरिबहादुरसँग विवाहको कुरो छिनिसकेको छ भने रमेश माझीको प्रेमीकाको रूपमा र एउटा असल क्रान्तिकारी महिला नेताको रूपमा देखिएकी छ । उसको घर काठमाण्डौं हो तर उसले मामाघर दार्जिलिङ्गमा बसेर अङ्ग्रेजी शिक्षा लिएकी छे भने संस्कृत शिक्षाको पनि जानकारी रहेको देखिन्छ । ऊ गणतान्त्रिक मुलुकमा हुर्केकी हुनाले नेपाललाई पनि उतैको गणतान्त्रिक दृष्टिले हेर्छे । उसले आफ्नो घर काठमाण्डौमा पढाउने काम गरेर बाबुलाई घर व्यवहारमा सहयोग गरेकी छे । नेपालको हरेक सरकारी गतिविधिप्रति उसको चित्त बुझिरहेको देखिदैन । नेपालको सरकारी कामकाजमा हुने ज्याजदीको आलोचना गर्छे, उसलाई उसका गाउँलेहरूले उत्ताउली, भँडुवाई, दुराचारी समेत भनेका छन् । जसले जे भने पनि कसैको कुरा नसुनेर साथीको सहायताले अनीता आफ्नो दुलाहाले राजनीति गरेको मन पराउँछ कि पराउँदैन भन्दै डराउँदै राजनीतिमा प्रवेश गरेकी छे । उसको विवाह हुने दुलाहा उसकै दलको नेता हुन्छ तर नाम परिवर्तन गरेको कारणले अनीताले उक्त कुराको पत्तो पाएकी हुन्न ।

उसलाई राजनीतिमा लागेको मन नपराउनेहरूले दरबारमा पसाउने कोशिश गरेका छन् तर उसले मानेकी छैन । उक्त व्यक्तिसँग विवाद भएको र विवाद हुँदा गाउँका मानिस पनि भेला भएका हुन्छन् त्यही भीडमा उसले राजनीतिक भाषण गर्छे, उसले भनेकी छे, “गाउँ नै गाउँले भरिएको देश हो यो नेपाल । यस्तो मलुकमा गाउँलेहरूले राजनीतिमा चाख नलिए नेपाल कसरी सप्रिन्छ ? सबै गाउँलेहरूले राजनीतिमा भाग लिनुपर्छ । नलिई हुदैन । त्यसमा नेपालको प्रगति छ । नेपालीको सुख, अन्नत शान्ति ....” (पृ.५४) । यसरी अनीताले भाषण गरेपछि गाउँले सबै जना त्यहाँबाट भागेका छन् भने त्यही भाषण गरेको कारण अनीताको बाबु आइते मगरलाई प्रहरीले पक्राउ गरेको छ । अनीता भने पार्टीको अदक्ष्यले सुचना दिएकोले राति नै घरबाट भने भाग्न सफल भएकी छ । घरबाट रातिको समयमा पार्टी अदक्ष्यको सहायताले भाग्न सफल भएकी अनीताले लुक्नको लागी भनेर साथीको घर सितापाइलामा गएकी छ तर उसकी फुपूले हाम्री नानि त सरकारी सहचरी हो भन्दै हल्ला गरेपछि उसलाई कसैले पनि साथ दिदैँनन् । त्यसपछि पहिला पनि रमेशको आकर्षणको कारण इटुमबहाल नजाने निर्णय गरेर आएकी अनीता पुनः त्यहीँ नै जान बाध्य भएकी छे । उसले त्यहाँ गएर राजनीतिक पार्टीलाई सहयोग गरेकी छे ।

उसले राजनीतिभित्र महिला समानताको कुरो उठाएकी छ । गरिब किसानहरूलाई अधिकारप्रति सचेत तुल्याएकी छ । त्यहाँ पनि रमेश माझीप्रति उसको मन आकर्षित भइरहने भएकोले त्यहाँबाट टाढा हुन उसले मावल जाने इच्छा प्रकट गर्छे । विदेशी हाल र पार्टीको सहायताल ऊ आफ्नो मामाघर दार्जिलिङ्ग जान त पाउँछे तर महिला एक्लै यात्रा गर्न गाह्रो हुने समश्या देखिएकोले गर्दा पार्टीले उसलाई रमेश माझीको साथमा पठाउँछ । जसको कारणले ऊ मामाघर जान लागेकी हो त्यही व्यक्ति नै आफ्नो साथी भएर आउँदा उ छक्क परेकी छ । केही दिनमा उनीहरू मामाघर दार्जिलिङ्गमा पुग्छन् । त्यहाँ पनि केही व्यक्तिहरूले अनीता विरोधी नारा लगाउँछन् र उसले पनि त्यसको विरोधमा राजनीतिक भाषण गर्छे जसको कारण प्रहरी आएर अनीता र उसको साथमा आएको साथीलाई घरबाट बाहिर निस्कन नपाउने गरी नजरबन्दीको वारेन्ट पत्र दिन्छ । त्यसपछि अनीता रमेश एउटै घरमा बस्न बाध्य भए । एउटै घरमा बस्ने, अनी मामा-माइजूले मन्दिर पठाउँदा पनि सँगै पठाउने, खाना पनि सँगै दिने, सँगै बस्ने भएपछि उनीहरूको आपसमा माया बस्छ । अनीताको मनमा आफ्नो अन्तै विवाह हुन लागेकोले अरू केटासँग आकर्षित हुन पाप सम्झन्छे । तर रमेशसँग समय बित्न लागेकोले उ प्रति आकर्षित अझ बढी हुन्छे । अन्तमा उनीहरू आपसमा विवाह गर्ने निर्णयमा पुग्छन् । उता हरिबहादुरले पनि विवाहका लागि आउनु भन्ने चिट्ठी पठाएको हुन्छ र अनीताले पनि त्यसको जवाफ पठाएकी छे । तर मामामाइजूले मन नपराएको केटासँग विवाह नगर्ने भन्दै रमेशसँग विवाह गर्न मञ्जूर भएकी अनीता हरिबहादुरलाई भेट्ने र विवाह रद्द गर्ने मनसायले हरिबहादुरले बोलाएको स्थान रक्सौलको श्यामकृष्ण धर्मशालामा जान्छे । तर त्यही दिन वीरगञ्जमा राणा पक्ष र राजनीतिक कार्यकर्ताकाबीचमा युद्ध हुन्छ । युद्धका घाइतेहरूको स्याहार गर्न पार्टीले अनीतालाई खटाउँछ । हरिबहादुरको उपचारको क्रममा डाक्टरले उसको उपचार गर्न श्रीमतीको आवश्यकता बताएको र अनीताले नचाहेरै पनि हरिबहादुरसँग अस्पतालमा नै उसको विवाह भएको छ । यसरी उसको नचाहेर नै विवाह बन्धन जोडिएको छ । उपचारपछि पनि उसको लोग्ने अपाङ्ग भएर बाँच्छ । कति कारुणिक छ उसको जीवन । उनीहरूलाई आर्थिक समस्या पर्छ । वीरगन्जमा बसेका उनीहरूको परिवार धान्न गाह्रो पर्छ । श्रीमान्को स्याहार गर्न भाई-बहिनीलाई लगाएर आफू पढाउने काम गर्ने उद्देश्य लिएर अपाङ्ग श्रीमानलाई बोकाएर माइतघरमा आउँछे । तर नक्कली काँग्रेसले उसको माइतीघरमा आगो लगाइदिएर भाइबहिनीहरूलाई पनि गाउँबाट खेदेको हुन्छ । बास बस्नको लागि

समेत ठाउँ पाउँदिन र ओडारमा बास बसेकी छ । माइतघरमा पुग्दा नक्कली काङ्ग्रेस बनिएकाहरूले उसलाई आधा रातमा ओछ्यान छाड्डेर हिड्ने आइमाईलाई यस गाउँमा बस्न नदिने, उसको हातको पानी नचलाउने कुरा गर्दा उसले म रण्डी नै भएछु । तिमीहरूलाई के खाँचो ? जाओ उजुर गर्न । मैले जे भन्नुपर्ने हो, अदालतमा बयान दिउँला भनेर चुनैती दिएकी छ ।

अनीताका जनआन्दोलनका साथीहरू सबै ठुलाठुला पदमा पुगेका हुन्छन् तर कसैले पनि उसलाई वास्ता गर्दैनन् । आफ्नो श्रीमान् त्यही बेला विमार पर्छ र वीरअस्पतालमा उपचारको क्रममा मृत्यु हुन्छ । त्यसपछि विधवा भएकी अनीतालाई उसको प्रेमी रमेशले पत्नीको रूपमा स्वीकार गरेको छ । अनीता पनि उसँगै आगामी चुनावको लागी सत्याग्रही बनेकी छे ।

उसले आफ्नो सम्पूर्ण जीवन राजनीतिमा नै विताएकी छे । तत्कालीन समयको महिला भएर पनि शिक्षित, साहसिली, क्षममतावान्, जुझारु देखिएकी छे । नचाहेरै उसको विवाह हरिबहादुरसँग भएको छ । वैवाहिक जीवनमा पनि रत्तिभर सुख पाएकी छैन । आफ्नो पति विवाह भएको समयदेखी नै अपाङ्ग भएको छ । त्यही अपाङ्ग पतिको स्याहार सुसारमा समय बिताउँछे । आर्थिक सङ्कट परेपछि बासको खोजीमा माइत जाँदा उसको माइती घर नै आफ्नै पार्टीका नक्कली कार्यकर्ताले जलाइदिएको छ र उसको भाइबहिनी बस्ने ओडारमा पतिलाई लगेर बसेकी छे । आफ्नो पति उचित उपचारको अभावमा मर्छ । राजनीतिमा जीवन सुम्पे पनि उसले केही पाएकी छैन, न त उसले शाारिरिक सुख पाएकी छे, न त मानसिक सन्तुष्टि पाएकी छ, न त आर्थिक सुख नै । नारी भएर उसले जुन काम गरेकी छे त्यो उदाहरणीय छ (ज्ञवाली,२०६५:१४४) । जनतालाई सुख र अधिकार दिलाउन राजनीतिमा लागेकी अनीताले आफ्नो घर- परिवार लगायत आफन्त सबै गुमाएकी छ । जीवनमा दुःख मात्र भोगेकी अनीता विधवा भएपछि आफ्नो प्रेमीसँग गए पनि आगामी चुनावको लागी सत्याग्राही भएकी छे । कुनै पनि सुख सुविधा भोग गर्न पाएकी छैन भने ऊ जुन उद्देश्य लिएर राजनीतिमा प्रवेश गरेकी थिई त्यो पूरा भएको छैन ।

उसको भूमिका उपन्यासमा त्याग र तपस्यामा केन्द्रित रहेको छ । उसले नेपालको प्रजातन्त्रको लागि ठूलो योगदान गरेकी छ । उसले आफ्नो जीवन पूर्ण रूपमा समर्पण गरेकी छ ।

### ४.२.२ हरिबहादुर मगर

हरिबहादुर उपन्यासको मुख्य पात्र हो । उसले राणाविरोधी आन्दोलनको क्रान्तिमा सम्पूर्ण जीवन सुम्पेको छ । सुवर्णशमशेर काठमाण्डौबाट धपाइँदा हरिबहादुरको बाबु खोसुवा खालीमा परेको र बाबुको उक्त स्थानमा हरिबहादुरलाई जागिर दिने नेपाल सरकारको निर्णयलाई उसले लात मारेको छ । त्यसपछि समय-समयमा हरिबहादुर कलकत्ता जाने, सुवर्णशमशेरसँग भेटघाट गर्ने गरेको छ । दोस्रो विश्वयुद्धको अन्त्यतिर हरिबहादुर ब्रिटिस-गोर्खा सेनामा भर्ती भएर देश परदेश घुमेको पात्रको रूपमा देखिएको छ । उसको घर स्याङ्जा हो र उसको विवाह हुने टुङ्गो भएको छ । घरमा विवाहको तयारी हुँदै गरेको समयमा सुवर्णशमशेरको समाचार पाउँछ । विवाह खर्च पनि माग्छु अनी भेट पनि गर्छु भनेर हरिबहादुर कलकत्ता सुवर्णको निवासतिर लाग्छ । हरिबहादुर त्यहाँ पुग्दा सुवर्णले राणाविरोधी आन्दोलनको तयारी गर्दै गरेको र सुवर्ण काममा व्यस्त भएको कारण हरिबहादुरले भेट्न सकेको छैन । भेट गर्नको लागि केही दिन पर्खेको छ । त्यतिबेलाको खाली समयमा त्यहाँको राजनीतिक माहोल बुझ्ने अवसर पाएको छ । त्यहाँका केही राजनीतिक कार्यकर्ताहरूसँग उसको भेट भएको छ र तिनै राजनीतिक कार्यकर्ताहरूसँग हेलमेल हुँदै जाँदा उनीहरूको राजनीतिक विचारले हरिबहादुर प्रभावित हुन पुगेको छ र सुवर्णले तय गरेको राजनीतिक दलको मुक्ति सेनामा भर्ती भएको छ । आफ्नो नाम परिवर्तन गरेर कलकत्ताबाट काठमाण्डौंमा आएको हरिबहादुरले भूमिगत रूपमा राजनीति गरेको छ । उसले काठमाण्डौमा राजनीतिक दल गठन गरेको छ । पार्टीको अध्यक्ष भएर पार्टीको सम्पूर्ण काम गरेको छ ।

उसले विदेशी नेताहरूसँग पनि सम्बन्ध गाँसेको छ । उसले काठमाडौं लगायत देशका विभिन्न ठाउँहरूमा राजनीतिक कार्यक्रमहरू गर्दै जनतालाई राजनीतिको बारेमा ज्ञान दिने, प्रजातन्त्रको बारेमा, अधिकारको बारेमा जानकारी दिएको छ । राजनीतिक आन्दोलनको क्रममा वीरगन्जको युद्धमा आइतेसँग खुकुरी हानाहान हुँदा हरिबहादुर घाइते भएको छ । उसको उपचारको क्रममा डाक्टरले श्रीमतीको आवश्यकता बताएपछि घाइतेको स्याहारमा खटिएकी अनीतासँग उसको विवाह भएको छ । उपचारपछि पनि ऊ पूर्ण रूपमा स्वस्थ हुन सक्दैन, जीवनभर अपाङ्ग भएर बाँचेको छ ।

जनआन्दोलन पछाडि उसको पार्टी सरकारमा गएको भए पनि पार्टीका नेताहरूबीच आपसी मनमोटाव भएर पार्टी विभाजन भएको छ । पार्टी विभाजन भएपछि उसले पाउँदै आएको आर्थिक भत्ता काटिएको छ । वीरगञ्जमा कोठा भाडा लिएर बसेको हरिबहादुरको परिवारमा अर्थिक समस्या उत्पन्न भएपछि ऊ भरियामार्फत बोकिएर काठमाण्डौ आएको छ । काठमाण्डौंमा उसका आन्दोलनका साथीहरू ठूलाठूला पदमा रहेको तर कसैले पनि वास्ता नगरेपछि अनीताको भाईबहिनीले बास बस्ने जङ्गलको ओडारमा बास बसेको छ । आफूले राजनीति गरेको थलो इटुमबहालमा पुग्छ त्यहाँका कृषकले पनि वास्ता नगरेपछि दुःखी बनेको छ । त्यतिकैमा ऊ बिरामी परेको छ । बिरामी भएर अस्पतालमा पनि उसको चिन्ता देशप्रति रहेको छ । आफूलाई भेट्न आएका साथीहरूसँग क्रान्ति स्वपना पूरा होला ?, अब नेपालको स्थिति कस्तो होला ? भनेर देशप्रति नै चिन्तित देखिएको छ । देशको चिन्ता गर्दागर्दै उपचारको क्रममा वीरअस्पतालमा उसको मृत्यु भएको छ । यस घटनाबाट के कुरा स्पस्ट हुन्छ भने वास्तवमा जनयुद्धमा जीवन अर्पण गर्ने वास्तविक योद्धा युद्ध समाप्त भएपछि अर्थात उद्देश्यप्राप्ति पछि उसको पहिचान भिरेर जान्छ र अवसरवादी, चाकडीबाज र चुकलीबाजहरूले भरपुर फाइदा उठाउने गर्दछन् । हरिबहादुरको दयनीय स्थिति र शोचनीय स्थिति यसै कुराको सूचक हो (राकेस,२०६५:१०७) । उसले देशको राजनीतिमा आफ्नो जीउज्यान दिएको छ तर उसले मर्ने बेलामा उपचार समेत पाएको छैन भने उसको राजनीतिक उद्देश्य पनि पूरा भएको छैन । उपन्यासमा उसको उपस्थिति एक देशभक्त कार्यकर्ताको रूपमा देखिएको छ ।

### ४.२.३ रमेश माझी

रमेश माझी उपन्यासको सहायक पात्र हो । ऊ पढेलेखेको शिक्षित, सुन्दर, सिलस्वभाव राम्रो भएको व्यक्तिको रूपमा देखिएको छ । काठमाण्डौंमा मानिकलाल देउजाले शुरुवात गरेको राजनीतिक दलमा ऊ सामेल भएर राणाविरोधी आन्दोलनमा लागेको छ । पार्टीको सचिव पद सम्हालेर क्रान्तिलाई सघाउने काम गरेको छ । उसले गरिब किसानहरूलाई क्रान्तिको बारेमा जानकारी दिँदै, अधिकार र हक-हितका कुराहरू अगाडी सारेको छ । उसले राणाशासनको अन्त्यपछि जनताले पाउने अधिकारको बारेमा जनतालाई जाकारी दिदैं भनेको छ, "जसको जोत उसको पोत प्रथा लागु भएमा किसानले खेतलाई आफ्नो निजि सम्पत्ति ठान्छ, बढी मिहिनेत गर्छ । बढी परिश्रम गरेपछि एकातिर उब्जनी

बढी हुन्छ भने बाली बुझाउने टन्टा पनि हुँदैन । यसरी किसान स्वतः धनी हुन थाल्छन् ।" (पृ. ७६)

रमेश माझी आफ्नै पार्टीकी कार्यकर्ता अनीता मगरको प्रेमीको रूपमा देखिएको छ । आफू जीवनभर विवाह नगरी बस्ने कुरा आफ्ना साथीहरूसँग बताउँछ । पार्टी अध्यक्षले अनीतालाई दार्जिलिङ्ग पुऱ्याउन रमेशलाई पठाएको छ । अनीताको मामाघर दार्जिलिङ्गमा पुगेपछि त्यहाँको प्रहरीले नजरबन्दी वारेन्टपत्र दिन्छ र रमेश पनि त्यही दार्जिलिङ्गमा बस्न बाध्य भएको छ । अनीताको मामामाइजूले पनि उसलाई आफ्नो भान्जीको लागि सुहाउँदो केटा भनेर हरेक काम अनीतासँगै लगाएका छन् । जसको कारण रमेश अनीताप्रति आकर्षित भएको छ । उसको जीवनभर विवाह नगरी बस्छु भन्ने रमेशको विचारमा परिवर्तन आएर अनीता जस्ती राम्री केटी पाए विवाह गर्छु भनेको छ । राजनीतिमा आएको उथलपुथलको कारणले अनीतासँग उसको विवाह हुन पाउँदैन । वीरगन्जको आन्दोलनपछि ऊ पनि युद्धका घाइतेको उपचारमा खटिन्छ । घाइतेको उपचारको क्रममा उसले बाध्यतावश आफ्नी प्रेमिकालाई पनि हरिबहादुरको उपचारको लागि उसैसँग विवाह गरिदिएको छ । तर हरिबहादुरको हातले सिंदुर लगाउन नसकेकोले उसले अनीतालाई सिंदुर लगाइदिएको छ । त्यसपछि उसलाई भैरहवा काँग्रेस कार्यलयमा हाजिर हुने आदेश आएपछि उ भैरहवा जान्छ । लामो समयसम्म ऊ भैरहवामा नै काममा व्यस्त हुन्छ र आफ्नी प्रेमिका विधवा भएपछि तिमी मेरै हौ भनी अनीतालाई पत्नीको रूपमा स्वीकार गरेको छ । यसरी उसको प्रेमले उपन्यासमा सफलता पाएको छ । रमेशले एउटा विधवा नारीलाई विवाह गरेर समाजलाई चुनौती दिएको छ । असल प्रेमी र एक कुशल राजनीति कार्यकर्ताको रूपमा रमेश माझीको चरित्र चित्रण गरिएको छ ।

### ४.२.४ सुवर्णशमशेर राणा

सुवर्णशमशेर राणा २००७ सालको राणाशासक विरोधी आन्दोलनको योजनाकर्ताका रूपमा उपन्यासमा देखिएका छन् । उनैको योजना अनुसार मुक्ति सेना तय भएको छ । सैन्य हातहतियार देश-विदेशबाट झिकाइएको छ । १९९० सालमा राणा परिवार भित्र कुलश्रेणी विभाजन भएको र सी वर्गमा पर्ने राणाहरू काठमाडौंबाट धपाइँदा सुवर्णशमशेर पनि काठमाडौंबाट धपाइका छन् । काठमाडौंबाट धपाइए पछि उनी शरणार्थीको रूपमा भारतको कलकत्तामा बसेका छन् । उनी त्यहाँ बसे पनि उनमा अभिजात वर्गीय

सम्पन्नताको रौनक देखिन्छ । उनी आफू राणा भएर पनि राणाविरोधी आन्दोलनमा लागेका छन् । भारतको पटनामा भएको नेपाली नेताहरूको गोप्य छलफलमा उनले हिंसात्मक आन्दोलनको प्रस्ताव राखेर मुक्ति सेना तयार गर्नुको साथै राजनीतिक पार्टीको स्थापना गरेका छन् । उनले राणाविराधी आन्दोलन गर्न भारतका तत्कालीन प्रधानमन्त्रि जवाहरलाल नेहरूको सहयोग पाएका छन् । भारतकै मन्त्री जगजीवन रायले भने राणाविरोधि आन्दोलन नगर्ने चेतावनी दिए पनि वास्ता नगरी आन्दोलनमा सक्रिय भएका छन् । कंसकारसँग मिलेर उनले फौजी सामानहरू संकलन गरेका छन् । उनी उपन्यासमा आर्थिक रूपमा सवल व्यक्तिका रूपमा देखिएका छन् । जनआन्दोनपछी उनी पार्टीको कोषाध्यक्ष बनेका छन् भने उनी इतिहासमा पनि सम्पन्न व्यक्तिको रूपमा नै चिनिन्छन् । जनआन्दोलनपछि उनी अर्थमन्त्री बनेका छन् ( यादव,२०४७:२९०) ।

### ४.२.५ विश्वेश्वरप्रसाद कोइराला

विश्वेश्वरप्रसाद कोइराला राणाविरोधी आन्दोलनका सक्रिय नेता हुन् । उनले भारतको पटनामा नेपाली नेताहरूको गोप्य छलफलमा सुवर्णशमशेरको काटमार, वध, हत्या प्रस्तावलाई अस्वीकार गरेर शान्तिपूर्ण आन्दोलनको प्रस्ताव अगाडि सारेका छन् । आफ्नो यही शान्तिपूर्ण आन्दोलनको विचारलाई जनतासामु पुऱ्याउने क्रममा नेपालका तराई, पहाड भ्रमण गरेका छन् । जनताका घर घरमा पुगेर उनले जनतालाई क्रान्ति तथा अधिकारको बारेमा जानकारी दिएका छन् । जनआन्दोलनको बारेमा सचेत गराएका छन् । उनले जनतालाई सचेत गराउने क्रममा भनेका छन् "हामी प्रजातान्त्रिक अधिकार चाहन्छौं । त्यसको लागि जुलुस निकालेर आफ्नो माग सरकारको कानमा पुऱ्याउनुपऱ्यो । खुलेआम शान्तिपूर्ण, संघर्ष चलाउनुपर्छ । लुकेर कानाखुसी गरेको भरमा अधिकार पाइदैन । आफ्नो जन्मसिद्ध अधिकारको लागि डराउनु हुन्न । जनचेतनाको भेलमा जुनसुकै सरकारले पनि नझुकी सुख छैन ।"(पृ.२) यसरी जनतालाई अधिकारको बारेमा सचेत गराउने क्रममा उनलाई प्रहरीले पक्रेर यातना दिएको छ । जेलमा पनि राजनैतिक बन्दीहरूप्रति गरिएको नराम्रो व्यवहारले गर्दा उनी आमरण अनसन बसेका छन् । यसरी उनी राणाशासन विरोधी आन्दोलनका एक सशक्त नेताको रूपमा देखिएका छन् । आन्दोलनपछि पनि उनी गृहमन्त्री बनेका छन् (यादव,२०४७:२९०) ।

### ४.२.६ आइते मगर

आइते मगर यस उपन्यासकी नायिका अनीता मगरको बाबु हो । काठमाडौंको गोतामथोकमा घर भएको आइतेले राणा सरकारको सेनाको हवल्दार पदमा जागिर खाएर आफ्नो परिवार चलाएको  देखिन्छ ।  उसका अनीता बाहेक अरू साना साना दुई छोरा छोरी छन् । अनीताको विवाहको टुङ्गो भइसकेको छ । छोरीको विवाहको लागि विदा माग्न जाँदा उसले हाकिमबाट राणाविरोधि पर्चा बाँडेको आरोपमा सास्ती भोगेको छ तर उसलाई आफ्नो देशमा हुँदै गरेको जनआन्दोलनको बारेमा केही पनि थाहा हुँदैन । राणाशासन भित्रको ज्याजतीपूर्ण दु:ख, पीडाहरू उसले धेरै भोगेको छ । यसरी राणाशासनलाई नजिकबाट बुझेको आइतेले पद, सम्मान, धनसम्पत्तिको लोभ देखाएर छोरीलाई दरबार पसाउने चन्द्रकान्तको कुरालाई ठाडै अस्वीकार गरेको छ । विना कसूर प्रहरीको यातना खाएको छ ।

वीरगञ्जमा भएको युद्धमा राणासरकारको पक्षबाट उसलाई लड्न पठाइएको हुन्छ । त्यस युद्धमा उसको हुनेवाला ज्वाँई हरिबहादुरसँग रातभरि लडेको छ तर उसलाई त्यो कुराको पत्तो हुदैन । त्यही रातको युद्धमा खुकुरी हानाहान भएर ऊ घाइते हुन्छ  र उपचारको क्रममा वीरगन्ज नजीकको डङ्कन मिसिनरी अस्पतालमा उसको मृत्यु भएको छ ।

### ४.२.७ चन्द्रकान्त दाहाल

चन्द्रकान्त दाहाल यस उपन्यासको प्रतिकुल पात्र हो । राणाशासकको दरबारमा दशा निवारण गर्ने, साइत जुराउने पण्डितको रूपमा परिचित रहेको छ । सामन्ती र अवसरवादी प्रवृत्ति भएको देखिने चन्द्रकान्त अनीताकी साथी विमलाको बाबु हो । उसले मोहनशमशेर राणासँग मिलेर जनआन्दोलन दबाउने धेरै प्रयास गरेको छ ।  मोहनशमशेरकै आदेश अनुसार ऊ सुवर्णकहाँ नक्कली भक्त बनेर क्रान्तिको विषयमा बुझ्न गएको छ । अनीता राजनीतिमा लागेकी र उसको विवाह पनि राजनीतिमा लागेको केटासँग हुने थाहा पाएर अनीतालाई धनसम्पत्ति साथै उसको बाबु आइतेको पद बढ्ने लोभ देखाएर दरबार पसाउन खोजेको छ । उसले अनीतालाई दरबार पसाउने अनि आइतेलाई सुवर्णशमशेरको हत्या गर्न लगाएर हत्याको आरोप हरिबहादुरलाई लगाएर जेल हाल्ने अनी त्यसको बदलामा राणा सरकारबाट आफूले धनसम्पत्ति पाउने षड्यन्त्र रचेको हुन्छ तर त्यस षडयन्त्रमा आइते र अनीता सहमत नभएपछि ऊ पनि सफल हुन सकेको छैन ।

वीरगन्जको युद्धपछि उसले आफुलाई काँग्रेसको ठूलो नेता हुँ भनेर घोषणा गरेर नामधारी काँग्रेसको जन्म गराएको छ । उसले आइते मगर राणाको पिट्ठु हो भन्दै वीरगञ्को युद्धमा उसले काँग्रेसको नेता काट्यो भनेर आरोप लगाएको छ । काटिने नेता आफ्नो साथी हरिबहादुर आफ्नो हितैषी साथी भएको, उसँगै राजनीति गतिविधि गरेको भन्दै बिलौना गाएको छ । नेपाली काङ्ग्रेस जीन्दावाद ! राणाशासन मुर्दावाद ! भन्दै ढोंगी भाव देखाउँदै आइतेको घरमा आगो लगाइदिएर उसका घरका मसिना बालबच्चाहरूलाई घरबाट निकालेर जङ्गलवासी बनाएको छ । आफ्नै हातले राणासरकारलाई सखाप पारेको भन्दै गाउँलहरूलाई झुटो प्रचार गरेको छ । यसरी चन्द्रकान्त उपन्यासमा एक अवसरवादी पात्रको रूपमा देखिएको छ ।

### ४.२.८ मखन घर्ती

मखन घर्ती उपन्यासमा सहायक पात्रको रूपमा देखिएकी छ । ऊ अनीताकी सहसाठी हो । अनीतालाई सबभन्दा पहिला उसले राजनीतिक गर्न अग्रसर गरेकी छ । उसको परिवार राणाविरोधी छ । उसको दाजूलाई राणाविरोधी आन्दोलनमा सक्रिय भएको आरोपमा जेलमा थुनिएको छ र मखन पनि लुकीछिपी आन्दोलनमा सहभागी भएकी छ । उसको भूमिका भनेको उपन्यासकी नायिका अनीतालाई सघाउने देखिएको छ । व्यक्तिगत कामदेखि राजनीतिक कामसम्म पनि उसले अनीतालाई सहयोग गरेकी छे ।

### ४.२.९ जवाहरलाल नेहरू

जवाहरलाल नेहरू तत्कालीन समयका भारतीय प्रधानमन्त्री हुन् । उनी नेपालमा भएको राणाविरोधी आन्दोलनका समर्थकका रूपमा उपन्यासमा आएका छन् । आफ्नै मन्त्रीहरू राणाको पक्षमा देखिए पनि उनी भने राणा विरोधी आन्दोलनमा लागेका कार्यकर्ताहरूको सहयोगमा लागेका छन् । उनले “संसारको जुनसुकै कुनामा पनि प्रजातन्त्रको लागि संघर्ष हुन्छ भने त्यस मौलिक हक मागको निम्ति गरिने सामुहिक विद्रोहमा भारतको समर्थन हुनेछ ।”(पृ.३२) भन्दै नेपालका राणा शासकहरूलाई चुनौतीको भाषा प्रयोग गरेको देखिन्छ । उनी ऐतिहासिक पात्र हुन् । उनको नेपालप्रतिको विचार इतिहासमा पनि सकारात्मक देखिन्छ । उपन्यासमा उनको भूमिका नेपालको राजनीतिक आन्दोलनलाई सहयोग गर्ने देखिएको छ ।

### ४.२.१० जगनीवनराम

जगजीवनराम तत्कालीन दिल्लीको मन्त्री हो । उसले नेपालमा हुँदै गरेको राजनीतिक आन्दोलनलाई दबाउन चाहेको छ । उ राणासरकारको सहयोगी व्यक्तिको रूपमा आएको छ । उसले आन्दोलनमा लागेका सुवर्णशमशेरलाई आन्दोलन नगरेर राणासरकारसँग मिल्ने आग्रह गरेको छ । उसले भनेको छ, "ज्यानमारा काममा हामी स्वीकृति दिन्छौ ? असम्भव । भारतभूमिबाट हाम्रो मित्रराष्ट्र नेपालका विरुद्ध फौजी आक्रमण हुन गएमा हाम्रो  बदनाम हुदैन । तपाईहरूलाई हामीले उचालेको जस्तो पर्न जान्छ । पल्टन जमाउने काम विलकुल नगर्नुहोला । (पृ.१७) यसरी उसले सुवर्णलाई आन्दोलनमा रोक लगाएको छ । उसले अंग्रेजको शासनकालमा जस्तो नेपाली शारणार्थीलाई भारतमा राजनीतिक क्रियाकलाप गर्नबाट रोक लगाएको स्थितिमा राख्न खोजेको छ ।

### ४.२.११ थीरबम मल्ल

थीरबम मल्ल सुवर्णशमशेर राणाका भान्जाको रूपमा रहेका छन् । सुवर्णको राणाविरोधी आन्दोलनमा सक्रिय भएर लागेका छन् । उनले हरिबहादुरलाई नेपाललाई प्रजातान्त्रिक बनाउनका लागि लड्न छाडेर विवाह गर्न नजाने सल्लाह दिएका छन् । क्रान्तिको महत्त्वबारे बुझाएका छन् । जनआन्दोलनपछि उनी वीरगञ्जको युद्धमा  घाइते भएका  र रक्सौलको मिसिनरी डङ्कन अस्पतालमा उपचार हुँदाहुँदै निधन भएको छ ।

### ४.२.१२ पद्मशमशेर

पद्मशमशेर उपन्यासमा तत्कालीन समयका राणा प्रधानमन्त्रीको रूपमा रहेको देखिन्छ । उनले भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको प्रभावका कारण नेपालमा प्रजातन्त्र ल्याउन चाहेको देखिएको छ । उनी अरू राणाशासकको तुलनामा जनताको लागि केही उदार रहेको देखिन्छ । उनले नै २००४ सालमा नेपालमा संविधान ल्याएका छन् । उनी इतिहासमा पनि जनताको लागि उदार रहेको देखिन्छ । जनताको लागि उदार भएको कारणले उनलाई अरू भाइभतिजाले नराम्रो देखेका छन् । सोही कारण उनी भारतमा विदेसिनु परेको छ ।

### ४.२.१३ मोहनशमशेर राणा

मोहनशमशेर राणाहरूको अन्तिम शासक हो । पद्मशमशेरपछि प्रधानमन्त्री भएको छ । उसले जनआन्दोलनलाई दवाउन खोजेको भएपनि सकेको छैन । उसकै पालामा जनआन्दोलन भएको छ । राणा काँग्रेसको मिलिजुली सरकार बनेको छ ।

### ४.२.१४ राजगोपालचारी

राजगोपालचारी भारतमा ब्रिटिस सरकार हटिसकेपछिको तत्कालीन नवोदित भारतमा राष्ट्रपतिको स्थानमा नियुक्त भएका छन् । उनी नेपाल र भारतको मित्रता अङ्ग्रेजकै पालाको जस्तो राख्ने, राणाशाहीलाई बिग्रन दिनु हुन्न भन्ने विचारका छन् ।

### ४.२.१५ कंसकार

कंशकार उपन्यासमा जनआन्दोलनमा लागेको व्यक्तिको रूपमा देखिएको छ । सुवर्ण निवासमा बसोबास गर्ने कंसकार विचारशक्ति प्रचुर मात्रामा भएको व्यक्तिको रूपमा देखिएका छन् । उनले शुवर्णशमशेरको सहयोगीको रूपमा रहेर क्रान्तिमा सहयोग गरेको देखिएको छ । सुवर्णसँग मिलेर फौजी सामानको सङ्कलन र जोगावटमा लागेका छन् ।

उपन्यासमा चर्चा गरिएको बाहेक पनि थुप्रै राणाहरू लगायत अन्य पात्रहरू समावेश गरिएको छ । ती पात्रहरू कुनै पात्रले घटनाको व्याख्या गर्ने क्रममा कुराकानीको क्रममा आएको हुनाले यहाँ तिनीहरूको मूल्याङ्कन गर्न सम्भव छैन । पात्र प्रयोगका दुष्टिले **अनीता** उपन्यास बहुपात्रीय उपन्यास हो । **अनीता** उपन्यासमा रहेका पात्रलाई यसरी वर्गीकरण गरेर प्रस्तुत गरिएको छ :

**पात्र वर्गीकरण तालिका**

| क.स. | आधार पात्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | अनीता मगर | स्त्री | प्रमुख | अनुकूल | गतिशील | प्रतिनीधि | मञ्चीय | बद्ध |
| २ | हरिबहादुर मगर | पुरुष | प्रमुख | अनुकूल | गतिशील | | मञ्चीय | बद्ध |
| ३ | रमेश माझी | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ४ | सुवर्णशमशेर राणा | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ५ | चन्द्रकान्त दाहाल | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ६ | आइते मगर | पुरुष | सहायक | तटस्थ | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ७ | विश्वेश्वरप्रसाद कोइराला | पुरुष | प्रमुख | अनुकुल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८ | मखन घर्ती | स्त्री | गौण | अनुकुल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| ९ | जवाहरलाल नेहरू | पुरुष | सहायक | अनुकुल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १० | जगजीवनराय | पुरुष | सहायक | प्रतिकुल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ११ | मोहनशमशेर | पुरुष | गौण | प्रतिकुल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १२ | पद्मशमशेर | पुरुष | गौण | अनुकुल | स्थिर | व्यक्तिगत | | |

यसरी उपन्यासका पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरेर देखाइएको छ ।

## ४.३ परिवेश

नेपाली परिवेश नै **अनीता** उपन्यासको मूल परिवेश हो । यस उपन्यासमा तत्कालीन नेपाली समाजका राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिक जगतका विविध पक्षमाथी प्रकाश पारिएको छ । २००६ सालदेखि २०१४ सालसम्मको करिब सात बर्षको समयावधि यस उपन्यासमा समेटिएको छ । यस उपन्यासका घटनाहरू नेपाल र भारतका विभिन्न ठाउँहरूमा घटित भएका छन् ।

नेपालका काठमाण्डौं वरपरका ठाउँहरू ज्ञानेश्वर तथा इटुमबहालमा राजनीतिक कार्यकर्ताहरूको भूमिगत गुफा रहेको छ । अनीताको घर गोतामथोक साथै ऊ राती भाग्ने क्रममा विभिन्न प्रकारका जङ्गली झाडी, नर्कटघारी, सिस्नोझाङ्गहरूको चित्रण गरिएको छ । गोतामथोक र सितापाइलाको पानीघाट एउटै भएको कुरा लगायत काठमाण्डौंका मन्दिरहरूको चित्रण दरबारको वर्णन, पशुपतिको वनकाली, दक्षिणकाली, कुलेखानी, महाराजगञ्ज, शितलनिवास, इन्द्रचोक जस्ता ठाउँहरूको वर्णन गरिएको छ । भैरहवा, वीरगञ्ज, विराटनगर, खोटाङ्ग, ओखलढुङ्गा, भोजपूर, धनकुटा, नेपालगञ्ज, सिराहा, गौर जस्ता नेपाली ठाउँहरूको चित्रण गरिएको छ । उपन्यासमा राजनीतिक कार्यकर्ताहरूले भारतका विभिन्न स्थानहरूमा पनि आफ्ना कार्यक्रमहरू सञ्चानलन गरेका छन् । त्यहाँका विभिन्न ठाउँहरूमा पनि उपन्यासका घटनाहरू घट्न गएको छ । अनीता पढेको ठाउँ उसको मामाघर दार्जिलिङ्ग र त्यहाँको हरियाली पाखाभित्ता, मनोरम चियावगानको चित्रण भएको छ । नेपाली नेताहरू राणाविरोधी आन्दोलनको गोप्य बैठक बस्ने क्रममा भारतको पटनाको चित्रण गरिएको छ । सुवर्णशमशेर राणाको निवास कलकत्ता, हरिबहादुरले सुवर्णलाई कलकत्ता भेट्न जाँदा त्यहाँको हावडा जक्सन, क्यामक स्ट्रेट जस्ता ठाउँहरूको वर्णन साथै सवारी साधनको भिडभाडमा हावडा पुलको चित्रण गरिएको छ । रक्सौल र त्यस ठाउँ वरपरको श्यामकृष्ण धर्मशाला, नटराज होटल, डङ्कन मिसिनरी अस्पताल, उत्तरवैरगनीया, उत्तरविहार प्रान्त, चिटगावो वन्दरगाह, दिल्ली जस्ता ठाउँहरू पनि यस उपन्यासमा चित्रित भएका छन् ।

नेपाल र भारत यी विभिन्न स्थानहरूलगायत **अनीता** उपन्यासमा जापान, लंका, बर्मा, चीन, अमेरिका, इटाली, इजरायल, टर्की, पश्चिम जर्मन, रसिया, पाकिस्थान, अफ्रिका जस्ता देशहरूको पनि उल्लेख गरिएको छ तर विस्तृत रूपमा चर्चा भने गरिएको छैन । **अनीता** उपन्यासमा राणाकालीन नेपाली समाजको राम्रोसँग चित्रण गरिएको छ । यसले राणाकालीन र राणाशासन पछिको समाजलाई पाठकसामू उभ्याएको छ । उपन्यासको गतिक्रममा देखापर्दै जाने विविध पात्रहरूको रहनसहन, बोलीचाली, जीवनभोगाई र तिनका यावत् क्रियाकलापले उपन्यासलाई अगाडि बढाउदै लैजाने क्रममा सामाजिक परिवेश उद्घाटन भएको छ । उपन्यासमा समाजको आर्थिक, शैक्षिक, राजनीतिक, साँस्कृतिक पक्षको चित्रण भएको छ । राणाकालीन समयमा राणाशासकहरूले जनतालाई दिएको सास्ती पीडा उपन्यासमा चित्रण भएको छ । राणाशासक मोहनशमशेरले नेपाली जनतालाई अन्धकारमा

नै राख्न चाहेको छ । श्री ३ पद्मशमशेरले २००४ सालको संविधान घोषणा गरेको कारण मोहनशमशेर लगायत अन्य भाईहरूले उनलाई राजिनामा दिनुपर्ने बाध्यताको सृजना गराएकोबाट यो कुरा थाहा हुन्छ । राणाहरूको विरोध गर्न नहुने समाज छ । उनीहरूको विरोधमा बोल्नु अपराध मानिएको छ, उनीहरूको चाकरी गरेमा, स्तुतिगान गाएमा, धनसम्पत्ति, मान सम्मान पाउने, उनीहरूलाई सिधा नजरले हेर्न नहुने प्रसङ्गहरू आएका छन् । राणा खानदानको सुवर्णशमशेरलाई राजनीतिक कार्यकर्ताले 'तपाइँ' भनेको सुन्दा हरिबहादुर छक्क परेको छ यसबाट राणा परिवारका सदस्यहरूको लागि उच्च आदरार्थी शब्दको प्रयोग गरिनुपर्ने कुराको जानकारी पाइन्छ । सर्वसाधरण जनताको नाममा मंगलवाची शब्द श्री को प्रयोग गरेमा कानुन लाग्ने समयको चित्रण यहाँ आएको छ । सर्वसाधरण जनताले राणाहरूलाई गर्नु पर्ने सत्कार, राणाशासकले सर्वसाधरण जनतालाई गर्ने व्यवहार अथवा उनीहरूले दिने सास्ती पनि संस्कारको रूपमा पहिलेदेखि रहिआएको छ । यो कुरा पृ.४८ मा छोरीको विवाहको लागि विदा माग्न भनेर गएको आइतेलाई जर्नेल मोहनशमशेरले राणाविरोधी पर्चा बाँडेको शंकामा तरबारले घाँटी छिमल्न खोज्दै साले पाजी भनेर गाली गरेको अनी आइतेले काटिनको लागि तरबारको मुनि घाँटी थाप्दै "प्रभु ! साँच्चिकै मर्का परेर विदा माग्न आएको हुँ । जीउ-धन सरकारको हो । काट्नै पर्छ भने पनि सेवक तयार छु, धर्मऔतार !" भनिएको सन्दर्भबाट स्पस्ट भएको छ ।

राणाशासनको दमनबाट उन्मुक्त हुनका लागि जनताहरू आन्दोलनमा सक्रिय भएका छन् । आन्दोलनपछि पनि नेपाली समाजमा केही पनि सुधार भएको छैन । झन विकृति देखिएको छ । काँग्रेसको नाममा नक्कली नेताहरूले सोझा सिधा जनतालाई गाउँबाट उठिवास गराएका छन् । किसानका छोराछोरी भोकै रहेको समाजको चित्रण यस उपन्यासमा भएको छ ।

तत्कालीन समयमा तन्त्र मन्त्र, टुना मुना, धामी झाक्री बोक्सी जस्ता अन्धविश्वास रहेको कुरा उपन्यासमा प्रस्तुत छ । देवताको पुजा गर्ने, देवी भाकल गर्ने, व्रत बस्ने चलन राणाहरूको दरबारदेखि जनताको घरदैलोसम्म रहेको देखिन्छ । राणा परिवारमा पण्डितद्वारा साइत जुराउने, दशा निवारण गर्ने चलन रहेको देखिन्छ । विवाह कार्य गर्दा केटा र केटीको जात मात्र मिलेर नहुने, उनीहरूको ज्योतिषशास्त्र अनुसार चिना मिलाउने, नाम हेराउने, साइत जुराउने जस्ता संस्कार समाजमा रहेको छ । अनीताको घरमा उसको विहेडालो

पर्खिरहेको स्थिति  र हरिबहादुरको घरमा विवाहको लागि रक्सी पार्ने काम हुँदै गरेको प्रसङ्गबाट समाजमा रहेको जातिय संस्कार चित्रण भएको छ ।

प्रस्तुत उपन्यासमा चन्द्रकान्तले अनीतालाई दरबार पसाउने कुरा गरेको सन्दर्भबाट गाउँका चेलीलाई दरबारमा पसाउने र दरबारबाट सम्पत्ति, मान पद्वी, जग्गा जमीन, पाउँने चलन रहेको देखिन्छ । उपन्यासमा बालविवाहको पनि चित्रण गरिएको छ । अनीताकी साथी विमलाको सानै उमेरमा विवाह भएको र उसको अकालमै मृत्यु भएको प्रसङ्ग आएको छ ।

उपन्यासले समाजमा जातीय विभेद रहेको कुरालाई पनि प्रस्तुत गरेको छ । उदाहरणको रूपमा अनीताको घरमा आएको चन्द्रकान्तलाई अनीताले बाजेलाई चिया टक्राऊँ भनेर हात जोड्दा प्रचलनको चरण-स्पर्स छोडेर हात जोडेको चन्द्रकान्तले मन नपराउनु, अनि चियाको प्रस्तावलाई अनेपाली ठानेर नाक खुम्च्याउँदै धत् राम ! राम ! (पृ. ५२) भनेको छ । यहाँ मतवालीको घरमा तागाधारीले खाएमा जात जाने कुरा प्रस्ट हुन्छ भने अभिवादन गर्दा पनि खुट्टामा ढोग गर्ने चलनको चित्रण भएको छ । अनीतालाई माइतघर जाँदा गाउँका मानिसले "अनीता डुमसित गएकी हो कि च्यामेपाडेसित....। अब अनीताको हातको पानी यस गाउँमा चल्दैन । हामीलाई यहाँ बिटोल्न पाइदैन" (पृ.१३७) भनेका छन् । यसरी समाजमा जातीय भेदभाव रहेको देखिन्छ । त्यस्तैगरी संस्कृतका श्लोकहरू पनि ब्राह्मण वर्गमा मात्र सिमित रहेको कुरा  अनीताले गीताको श्लोक भनेको सुनेर चन्द्रकान्तले दुवै कान हातले थुनेको सन्दर्भबाट प्रस्ट हुन्छ ।

त्यस समयमा सुरु भएको राजनीतिको प्रभावले गर्दा केही जनताहरू सचेत हुन थालेका छन् भने केही जनताहरू भने अझै अन्धभक्त भएर राणाको चाकरी चाप्लुसीमा  नै लागिरहेको पाइन्छ । "मन्दिरमा नबोल्ने देवता राखिन्छ तर यहाँ बोल्ने देवता राज गरिबक्सिन्छ "(पृ.६) भनेर राणाको चाप्लुसी गरेको पाइन्छ । अनीताले राजनीतिभित्र महिला स्वतन्त्रताको कुरो उठाएबाट त्यस्तै राजनीतिमा लागेकी अनीतालाई समाजका मानिसहरूले उत्ताउली, दुराचारी, भनिएको सन्दर्भबाट राजनीतिमा नारीजातिको उपस्थिति नगण्य रहेको देखिन्छ ।

उपन्यासमा नेपाली जनताको आर्थिक स्थितिको पनि चित्रण भएको छ । तत्कालीन नेपाली जनताको आम्दानीको मुख्य स्रोत भनेको कृषि मात्र देखिन्छ । निजामती क्षेत्रका उच्च

पदहरूमा राणाहरू मात्र भर्ना हुने गरेको र सामान्य पदहरूमा पनि नातावाद र कृपावादको कु-परम्पराले गर्दा जनताहरू कृषि पेशामा नै पूर्ण रूपमा आश्रित रहेका छन् । देशको आर्थिक स्रोत पनि कृषि नै रहेको छ । देशका नब्बे प्रतिशत जनता कृषि पेशामा नै बाँचेको देखिन्छ । देशमा यति धेरै जनता कृषिमा नै आश्रित भए पनि सरकार पक्षबाट कृषि उत्पादन वृद्धि गर्नको लागि कृषि सुलभ उपकरण, साधन तथा विउको प्रचारप्रसार सिंचाई तर्फ कुनै प्रकारको ध्यान दिइएको छैन । त्यसैकारण जनताहरू पुरानै कृषि प्रणालीमा आधारित रहेर हलो कोदालो साथै आकासे पानीको भरमा खेती गर्न बाध्य छन् । खेती गर्ने किसानले तल्सिङ्गलाई बाली बुझाउनु पर्ने चलन छ । किसानहरू शासकहरूबाट पीडित छन् । "ती शोषित वर्गको चेहरा पौष्टिक आहारको अभावमा अनुहार नपरेको हुनु प्राकृतिक नियम हो- कोही छ्याका, बहिरो । कुनै थामखुट्टे, हात्तीपाइले । कसैको आँखामा फूलो परेको छ । कोही लुला-लङ्गडा । यी गाँडागोर्चा शारीरिक कमजोरीले गर्दा तन्नेरी उमेर छँदैमा बुढा देखिन्छन् । अकाल मृत्युलाई पर्खिरहेको । टाढैबाट करङ गन्न हुने करुणामूर्ति, कङ्गाल । "( पृ.७१) यहाँ अभावग्रस्त नेपाली किसानहरूको जीवन चित्रण गरिएको छ । आर्थिक अभावको कारण जनताका छोराछोरी भाकै नाङ्गै रहेका छन् । औषधी उपचारको अभावमा रोगी जीवन विताएका छन् ।

सरकारी सम्पत्तिमाथि पनि शासकवर्गले मनलाग्दो गरेका छन् । "राजत्याग गरेर महाराज जुद्ध वानप्रस्थ ग्रहण गर्न निदेसिँदा राष्ट्रकोष रित्तै पारेर रोपवेद्वारा धान ओसारेका थिए । पद्मको भारत पलायनमा पनि राजकोष टकटकिएको थियो ।" (पृ.३५) यस भनाइबाट राष्ट्रको कोषको सम्पत्तिमा राणा शासकहरूको रजाइँ भएको कुरा देखिन्छ ।

जनआन्दोलन सकिएपछि पनि नेपाली जनताको आर्थिक स्थिति सुधार भएको छैन । राजनीतिक दलभित्र पनि आर्थिक समश्या देखिएको छ । आर्थिक समश्याको कारणले जनआन्दोलनमा घाइते भएको हरिबहादुरलाई पार्टीले दिदैं आएको आर्थिक सहयोग काटिएको छ । हरिबहादुरको आर्थिक अवस्थालाई उपन्यासमा यसरी चित्रण गरिएको छ, "हप्ता, महिना, वर्ष हुत्तिए, रित्तियो हरिबहादुर दम्पतीको पेट । चाउरी पऱ्यो अनुहार । लत्ताकपडा मैलो भयो, फाटे झुत्रिय । कपाल फुस्रियो । वीरगञ्ज बसेर निर्वाह नचल्ने स्थिति आयो ।" (पृ.१३०) उपन्यासका यी प्रसङ्गहरूले तत्कालीन समयको आर्थिक अवस्थालाई प्रस्ट पार्ने काम गरेको छ । जनताको गाँस,बास र कपासको समस्या देखाएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन जनता शोषित, पीडित भएर बस्नुपरेको अशिक्षाको कारणले पनि हो । केही जनताहरू शिक्षित छन् उनीहरू नेपाल बाहिरका देशहरूमा पढेर आएका छन् । अन्य देशमा पढेर आएका जनताहरूमा त्यहाँको प्रभावका कारण राणाविरोधी आन्दोलनमा लागेको देखिन्छ । राजनीतिमा लागेका कार्यकर्ताहरू सबै शिक्षित देखिन्छन् । उनीहरूले गाउँका अशिक्षित जनतालाई अधिकारका कुरा, समानता, स्वतन्त्रता, हक, अधिकारका कुराको बारेमा चेतना दिदै हिडेको देखिन्छ । नेपालको शैक्षिक स्थिति यस भनाइबाट पनि स्पस्ट हुन्छ, "नेपालमा पढ्ने चलन छैन । विद्या-हासिलका लागि कसैले पढ्ने सोख गरिहाले मात्र पढ्छन् नत्र यहाँका जनता पढ्दैनन् । यहाँ शैक्षिक योग्यताको आवश्यकता पर्दैन । निजामती सेवामा चाकरी-चुक्ली, नातावाद, कृपावाद र फरियाको साइनोबाट नियुक्त हुन्छ " (पृ.९५) । नेपालको तत्कालीन अवस्थामा विद्या आर्जन गर्न पनि भारतमा नै जानुपर्ने कुरा पनि पृ.१०४ मा उल्लेख भएको छ । अनीताले काठमाण्डौंमा पढाउन सुरु गरेको र अनीता घरबाट भाग्दा भाइबहिनीले सधैं पढुन् भनेर उनीहरू सुतेको सिरानमा गणितका, गणेशस्तोत्रका, बाह्रखरीका किताबहरू राखिदिएको (पृ. ५९) सन्दर्भबाट बच्चाहरूले भने पढ्न सुरु गरेको देखिन्छ । अनीताले जनआन्दोलनपछि हामी सबैले अधिकार पाउँछौ भनेर किसानहरूलाई सुनाउँदा किसानले हामीलाई अधिकार के गर्नु ? अधिकारले हामीलाई के गर्छ ? हामी गरिबलाई अधिकार होइन नगदनारायण चाहिन्छ । सम्पत्ति पैसा चाहिन्छ (पृ.७३) भनेका छन् । यसबाट नेपाली जनता अशिक्षित रहेको कुरा स्पस्ट हुन्छ ।

यस उपन्यासमा जुन-जुन व्यक्तिहरू देशप्रति समर्पित भएर जिउ ज्यान दिएका छन् उनीहरू नै पछाडी पारिएका छन् । क्रान्ति मै जीवन दिएकी अनीताले नचाहेर परिस्थितिवश उसको विवाह भएको छ । वैवाहिक जीवनमा पनि सधै समस्या देखिएको छ । विवाह भएको केही समयमा नै विधवा भएकी छ । अनीताको घर जलाइएको छ । बास बस्न समेत ऊ जङ्गलको ओडारमा गएको घटना कति कारुणिक छ । माइतघरको आसले वीरगञ्जबाट काठमाण्डौ आएकी अनीतालाई गाउँका जँड्याहा, झँगडी, गँजडी, फटाहाहरूले गाली गरेका छन् "तिमी आधा रातमा ओछ्यान छोडेर भाग्ने आइमाईलाई हामी गाउँमा बस्न दिन सक्दैनौ । डुमसित गएको हो की च्यामेपोडेसित.....। अनीताको हातको पानी यस गाउँमा चल्दैन । अन्तै जाऊ ।" भनेर बस्न समेत दिएका छैनन् । हरिबहादुरले पनि देशको लागि आफ्नो घर परिवार नभनेर जीवन वलिदान गर्‍यो तर अन्तमा जान्दोलनमा घाइते भएर गाँस

बास लगायत उचित उपचार पनि पाएको छैन । उसकी आमाले पोतारी बन्नु परेको छ । त्यसैगरी अनीताका भाई बहिनीलाई नक्कली काँग्रेस बनेर गाउँका फटाहाहरूले आइतेले काँग्रेसको मान्छे काटेको भन्दै घर जलाएर खेदेका छन् । ती बालबच्चाको जीवन कति कारुणिक भएको छ । अवसरवादीहरूले मान सम्मान पाएका छन् भने सोझा सिधा जनताहरू घरबार विहीन भएको घटनाले उपन्यास कारुणिक बनेको छ ।

## ४.४ उद्देश्य

**अनीता** उपन्यास राजनीतिक उपन्यास भएकोले तत्कालीन नेपालको राजनीतिक अवस्थाको चित्रण गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । नेपालमा प्रजातन्त्र ल्याउनको लागि राजनीतिक कार्यकर्ताहरूले खेलेको भूमिका स्पस्ट पार्नु यस उपन्यासको उद्देश्य हो । २००७ सालको क्रान्ति र नेपालमा संसदीय व्यवस्थाको स्थापना गर्ने कार्यको औचित्य स्पस्ट पार्नु यस उपन्यासको अर्को उद्देश्य हो । नेपाली काँग्रेसले थालेको राणाविरुद्धको क्रान्तिमा विश्वेश्वरप्रसाद कोइरालाको अहिंसात्मक बाटोभन्दा शुवर्णशमशेर राणाको हिंशात्मक बाटो उपयुक्त थियो र सुवर्णशमशेर अत्यन्त व्यवहारिक र असल व्यक्ति हुन् भन्ने चित्रण गर्नु पनि यस उपन्यासको उद्देश्य हो (रेग्मी,२०५४:१९९) । यस उपन्यासले सामाजिक चेतना र परिवर्तनको आवाज पनि बोलेको छ ।

उपन्यासमा उपन्यासकारको वैयक्तिक राजनीतिक स्वरहरू सशक्त रूपमा आएको छ । उपन्यासमा उपन्यासका पात्रहरू अनीता मगर, हरिबहादुर मगर, रमेश माझीका माध्यमबाट उपन्यासकारले लोकतान्त्रिक विचार प्रस्तुत गरेका छन् । उनी संसदीय व्यवस्थाका हिमायति देखिन्छन् । पटनामा बसेको गोप्य बैठकमा अहिंसात्मक आन्दोलनको प्रस्ताव राखेका विश्वेश्वरले जनतालाई आत्मविश्वास बढाउने सन्दर्भमा “हामी प्रजातान्त्रिक अधिकार चाहन्छौ । त्यसका लागि जुलुस निकालेर आफ्नो माग सरकारको कानमा पुऱ्याउनुपऱ्यो । खुलेआम शान्तिपूर्ण सङ्घर्ष चलाउनुपर्छ । यसरी लुकेर, कानाखुसी गरेको भरमा अधिकार पाइँदैन । आफ्नो जन्मसिद्ध अधिकार प्राप्तिको लागि डराउनु हन्न (पृ.३) । भनिएबाट अधिकारको माग गर्नु कर्तव्य हो भन्ने विचार व्यक्त भएको छ । राजनीतिको माध्यमबाट जनतालाई आफ्नो अधिकारप्रति सचेत र सजग बनाउनु यस उपन्यासको अर्को उद्देश्य हो । यस भनाइमा विश्वेश्वरप्रसाद कोइरालाको राजनैतिक सिद्धान्तको समर्थन गर्दै राजनैतिक मतको पुष्टि गरिएको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन नेता र कार्यकर्ताको मानसमा जुन राजनैतिक चेतना चलमलाएको थियो त्यसको इमान्दार अभिव्यक्ति भएको पाइन्छ । राजनैतिक उद्देश्य प्राप्ति कै क्रममा हरिबहादुर जीवनभर अपाङ्ग भएर बस्नुपरेको छ  भने उसकै अठोटमा अनीताले आफ्नो जीवनको आहुति दिएकी छ । हरिबहादुरको उपचारमा अनीता उसकै पत्नी भएर बसेकी छ । यसबाट हरिबहादुर जस्तो प्रजातन्त्रको लडाइँ लड्ने योद्धालाई राहत प्राप्त भएको छ । अनीताले आफ्नो इच्छाविपरीत हरिबहादुरलाई पतिको रूपमा चयन गरेर आफ्नो जीवनलाई सहर्ष समर्पण गर्नु उसको राजनैतिक प्राप्तिको एउटा आधारशिला हो । यति त्याग र तपस्या हुँदाहुँदै पनि हरिबहादुर अपाङ्ग हुनु अनि त्यसै अवस्था मृत्यु भएको छ । यसबाट के स्पस्ट हुन्छ भने जनयुद्धमा जीवन अर्पण गर्ने वास्तविक योद्धा युद्ध सकिएपछि उसको पहिचान भिरेर जान्छ र अवसरवादी, चाकडीवाज र चुकलीवाजहरूले भरपुर फाइदा उठाउने गर्दछन् । हरिबहादुरको दयनीय स्थिति यसै कुराको सुचक हो । चन्द्रकान्त जस्तो अवसरवादीले मौका छोपेर महान नेता बनेको छ र जनयुद्धमा ज्यान दिने योद्धाको पहिचान मेटाइदिएको छ । यस प्रकारको राजनीतिक प्रसङ्गले के प्रस्ट पार्छ भने समाजमा चन्द्रकान्तजस्ता अवसरवादीहरू जहाँ पनि हुन सक्छन् र त्यस्ता अवसरवादीलाई चिनेर उनीहरूबाट सजग रहनु भन्ने शन्देश दिनु यस उपन्यासको अर्को उद्देश्य रहेको देखिन्छ ।

उपन्यासमा सामाजिक रुढीवादी परम्पराविरुद्धका आवाजहरू व्यक्त भएको छ ( ज्ञवाली,२०६५:१४४) । राजनीतिक चपेटामा परेकी अनीताको पीडादायी अवस्था तथा उसले अनेक प्रकारका विकृतिसँग सामना गरेको क्षणहरू उपन्यासमा अएका छन् । रमेश माझी र हरिबहारदुरको इच्छा विरुद्धको विवाह बन्धनमा बाँधिएकी अनीताको इच्छा अनुरूप नयाँ जीवन, नयाँ संसारको परिकल्पना गरिएको छ । यस प्रकारको परिवर्तनकबाट समाज परिवर्तन हुन सक्छ, परम्परादेखि समाजमा रहेको अन्धविश्वास र कु-संस्कारको अन्त्य भएर नयाँ समाजको निर्माण हुन सक्छ भन्ने कुरा स्पस्ट भएको छ । एउटी नारीले समाजसँग संघर्षका अनेकौ चरणहरू व्यहोर्नुपर्छ  भन्ने कुरा उपन्यासकी नायिका अनीताको माध्यमबाट प्रस्ट पारिएको छ । अनीताको उदाहरणलाई हेरेर आजका नारीले सामाजिक, आर्थिक तथा राजनीतिक क्रियाकलापमा अघि बढ्नुपर्छ भन्ने सन्देश दिनु पनि यस उपन्यासको उद्देश्य रहेको छ । आदर्श नारीलाई समाजमा बदनाम गराउन खोज्नेहरूदेखि नारीहरूले सचेत रहनुपर्ने सन्देश दिनु यस उपन्यासको उद्देश्य हो ।

## ४.५ भाषा

**अनीता** उपन्यासको भाषा सरल र स्वाभाविक छ । यस उपन्यासमा उपन्यासकारले संस्कृत, हिन्दी साथै अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग प्रशस्त मात्रामा गरेका छन् । उपन्यासलाई रोचक बनाउन संस्कृतका श्लोक, सूक्तिहरू तथा नेपालीका उखान-टुक्काहरूको प्रयोग गरिएको छ । यसरी बीच बीचमा प्रस्तुत भएका केही संस्कृतका श्लोक तथा सूक्तिहरूमा

'शठे शाठचम्' ( पृ.१५), 'सर्वे भवन्तु सुखिनः' (पृ.२५), 'शिवम्-सुन्दरम्' (पृ.३७), 'काकमध्ये बको यथा' (पृ.४०), 'मौनं स्वीकृति लक्षणम्' (पृ.५२),

'विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।

सुनि चैव श्वपाके च पण्डिताः समदर्शिताः॥ ' (पृ.५२), श्रेयांसिबहु, विघ्नानि (पृ.१२५), वसुधैव कुटुम्बकम् (पृ.१३५), कायेन वाचा मनसा कुमारी (पृ.१४५) ।

उपन्यासमा प्रयोग गरिएका संस्कृतका श्लोक तथा सूक्तिहरूले भाषालाई स्वभाविक तथा रोचकता बनाएको छ ।

उपन्यासमा दिल लगे तो गधे पर (पृ.९४), अजब नेपाल गजब काश्मीर (पृ.९६), जी रहे तो घी पिऐ (पृ.१३९),जस्ता हिन्दी भाषाका भनाईहरू पनि प्रयोग गरिएको छ ।

उपन्यासमा प्रशस्त मात्रामा उखान-टुक्का र सूक्तिहरूको प्रयोग भएको छ । यहाँ प्रयुक्त केही उखान-टुक्का र सूक्तिहरूलाई उदाहरणको रूपमा अगाडि अगाडि सारिएको छ । जस्तैः लड्डु लडे झिल्ली झरे (पृ.५), औंला दिँदा डुडुलो निल्नु (पृ.१६), जहाँ काफल पाक्यो त्यहीं चरी नाच्यो (पृ.२६), कागलाई बेल पाक्यो (पृ.२६), घडीको घऱ्यास (पृ.२६), रात रहे अग्राख पलाए (पृ.३०), खुकुरीले बिर्से पनि अचानोले सम्झिने (पृ.३१), तिलको ताड (पृ.३५), साँढेको जुधाई बाच्छाको मिचाई (पृ.४०), कानो गोरुलाई औंसी न पूर्णे (पृ.४०), बढेकी छोरी र बासी माछा धेरै दिन राखे गन्हाउँछ (पृ.४३), आगलागी झुपडी डेढ घडी भद्रा (पृ.५०), सर्प मर्ने लट्ठी नभाँचिने (पृ.५१), हिजोको फुल आजको चल्ला (पृ.५४), कवाफमा हड्डी (पृ.६७), शरणको मरण (पृ.६८), दुधको दुध पानीको पानी (पृ.६८), नामर्दको स्वास्नी हुनु भन्दा मर्दको कमारी हुनु जाती (पृ.७२), हरियो बन नेपालको धन (पृ.७२), मोइ माग्नु

ढुङ्ग्रो लुकाउनु (पृ.७७), नजिक भए माया मोह टाढा भए को हो-को हो ? (पृ.८१), बिना कामको मगज भूतको घर (पृ.८३), अर्थ न बर्थ गोबिन्द गाई (पृ.१०२), गर्जने बाघले खाँदैन, गर्जने मेघ बर्षदैन (पृ.१०३),आकाशको फल (पृ.१०४), आमापछिको मामा (पृ.१०६) आदि छन् । यस्ता उखान तथा सूक्तिहरूको प्रयोगले उपन्यासको भाषामा निकै मिठास आएको छ । यस उपन्यासमा प्रयुक्त भाषालाई निम्नलिखित आधारबाट हेरिएको छ -

### ४.५.१ शब्दचयन

**अनीता** उपन्यासमा उपन्यासकारले विविध प्रकारका शब्दहरूको प्रयोग गरेका छन् । यस उपन्यासमा संस्कृत तत्सम शब्द, अनुकरणात्मक शब्दहरू, आगन्तुक शब्दहरू धेरै प्रयोग भएको छ भने कतै-कतै झर्रा शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयोग भएका तत्सम् शब्दहरूमा, अधिकार, शाश्वत्, विषय, जीवन, प्रश्न, समाप्त, उत्तर, प्रवृत्त, प्रत्येक, शान्ति, विनम्रता, दृश्य, दिवस, समय, बास, मनुष्य, पराधीन, प्रयोजन, परिणति, प्रवृत्ति, मन्तव्य, द्वन्द्व, काल, बालक, भण्डार, स्थान, अबोध, प्रतीत, ब्रह्माण्ड, अन्तरिक्ष, अनुभव, दर्शन, अनुयायी, प्रतिभा, प्रतिमा, वेदना, उपहास, प्रकाश, कुशल, दीक्षा, निर्जन, सेवक, आश्रय, ध्यान, शान्ति, पराङ्मुख, मधुर, धरती, चञ्चल, तृण, छल, चातुर्य, आपूर्ति, गरिमा, प्रतिकूल, किञ्चित्, उत्सर्ग, दुरुह, विभूषित, एकत्व, पाणिग्रहण, अधिपति, प्रासाद, अस्त्र, प्रार्थना, शरण, घोषणा, प्रायश्चित आदि रहेका छन् ।

अनुकरणात्मक शब्दरूमा टिनटिन्, घिटघिट्, किनिनि, चटक्क, भ्वाल्ल, घुरुक्क, स्वाँस्वाँ, खिस्रिक्क, थुत्त,झुरुम्म, खङ्ग्रङ्ग, ढकक्क, सुटुक्क, छ्याङ्ग, ह्वात्राङ-ह्वाक्राङ, ट्वाक-ट्वाक, घुर्र,जऱ्याकजुरुक्, छमछम्, गुनगुन, टमटम् जस्ता अनुकरणाशब्दहरू पनि प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ ।

नेपालीका झर्रा शब्दहरूमा धुकचुक, लुडेधन्दा, भाँजो हाल्ने, खिसिटिउरी, हतपते, चिप्काइनु, गाँडागोर्चा, ओठ लेब्राउनु, थचारिनु, ट्वाल्ल, जुर्मुराए, तस्मियो, घत, थाङ्ना, अलमल्याउनु, गुम्स्याहट, घिस्रिनु, चियोचर्चा, सोहोरिन्छ, हाहाकार, जिस्क्याएर, ओझेल, मच्चिनु, हम्किनु, टङ्चिनु, ढाडस, देखावटी, गुनगुन, परस्पर, रङ्गीचङ्गी, कुइरीमण्डल आदि रहेका छन् । यस्ता विविध प्रकारका शब्दहरूको उपन्यासको भाषामा मिठास थपेको छ, भाषालाई अर्थपूर्ण पनि बनाएको छ ।

### ४.५.२ शैली

**अनीता** उपन्यासमा विविध शैलीको प्रयोग गरिएको छ । कतै वर्णनात्मक शैलीको प्रयोग भएको छ भने कतै संवादात्मक शैलीको प्रयोग भएको छ । त्यस्तै उपन्यासमा प्रसङ्ग अनुसार पात्रहरूले कविताका माध्यमबाट आफ्ना विचार व्यक्त गरेकाले कवितात्मक शैली पनि पाइन्छ । चिठी लेखेर पात्रहरूले आफ्ना भावको सम्प्रेषण गरेबाट पत्रात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ । लेखकले यस उपन्यासमा पात्र र घटनाका बारेमा टिप्पणी, व्याख्या-विश्लेषण गरेकाले र घटनालाई आफ्नै नियन्त्रणमा लिएर वर्णन गरेको हुनाले यस उपन्यासमा मुख्य रूपमा वर्णनात्मक शैलीको प्रयोग भएको छ । जस्तैः

१. "अनीता निन्दाको पात्र हुन पुगी, भँडुवाई, उत्ताउली, दुराचारी । अपितु, लागेको बानी छोड्न सकिन । नेपालको पछौटेपन, गरिबी, अप्रजातान्त्रिक गतिविधिबारे अझ पनि कहिलेकाहीँ उसको मुखबाट निस्किन्थ्यो । अहिले पनि त्यस प्रचारगुफा सर्वमान्यता प्राप्त प्रजातान्त्रिक नियमहरू उल्लङ्घन भएको त्रुटिमाथी खोट लगाउन थाली । " (पृ.३५)

२. "त्यस मगरको घरमा सम्पन्नताको दीप बल्न नसके तापनि बाबु-छोरीको परिश्रमबाट एकमाने गृहस्थीको अविरल स्रोत चुपचाप वगिरहेको थियो । मीठोपीठो खाएर । त्यस्तो शान्त वातावरणको जौजहान अहिले आँगनवरिपरि रुन थालेका देखिए ।" (पृ.६३) उपन्यासमा यस प्रकारको वर्णनात्मक शैलीको अधिकता रहेको छ ।

प्रस्तुत उपन्यासमा कतै अनीता र विमला, कतै सुवर्णशमशेर र हरिबहादुर, कतै मानिकलाल देउजा र अनीता, कतै अनीताकी फुपू र मखनकी आमा, कतै अनीता र हरिबहादुर, कतै मखन र अनीता , कतै अनीता र माइजूको बीचमा लेखकले नाटकीय संवादको उपस्थित गराएका छन् । यस प्रकारका संवादात्मक शैलीहरू यस प्रकार छन्ः

विमला – जर्नेल बहादुशमशेरको हत्या गर्ने योजना बनेको रहेछ .....।

अनीता– के रे ?

विमला– बहादुरशमशेरलाई मार्न ढुकी बसेका..... ।

अनीता–कहाँ ?

विमला – पशुपति वनकालीको झाडीभित्र । (पृ. १)

अर्को उदाहरण,

अनीता– त्यो तस्बिर कुन दरबारको हो ?

मखन– त्यो दरबार होइन ।

अनीता– के हो त यस्तो बान्की- बनोटको ?

मखन – शीलत निवास ।

अनीता– उही महाराजगन्जको ?

मखन– हो ।

अनीता– यहाँ को बस्छ ?

मखन– भारतीय दुतावास निर्माढा भइनसकेकोले राजदुत यहीं बस्छ । (पृ.७८)

उपन्यासमा कतै-कतै प्रसङ्ग अनुसार पात्रहरूले आफ्नो विचारलाई कवितामा व्यक्त गरेका छन् । त्यस्ता कवितात्मक शैली निम्न अनुसार छन्:,

"क्रान्तिको पवित्र आहुतिमा पसिना चुहाए पुण्य लाग्छ ।
रगत बगाए स्वर्ग पाइन्छ ।
ज्यान गुमाए अमर होइन्छ
सम्पूर्ण नेपाली अघि बढ्नुपर्छ ।
डराउनुभन्दा मर्नु निको ।
तपाईं पनि बिर्सनुस्
विवाहलाई, घरलाई, नाताकुटुम्बलाई ,
सम्झनुस् सारा नेपालीको
घर नेपाल बनाउने क्रान्तिलाई,
अनि त्यसको प्रतिफल प्रजातन्त्रलाई । " (पृ.२५)

त्यस्तै उपन्यासकारले प्रकृतिको चित्रण गर्ने क्रममा उपन्यासमा आलंकारिक भाषाको पनि प्रयोग भएको छ :

बेली-चमेली, रात की रानी, सुन्धराज, सुगन्धवाल आदि फूलको बास्नाको सुवासी वायुमण्डलभित्र अत्तरको थप मोहक छर्दै गुलाब-पानी फोहरा चलिरहेछ, मीठो धुन सहित ।

(पृ.८६)। यहाँ बेली चमेली रात की रानी भन्दा इ  अनुप्रास मिलेर  एक प्रकारको मिठो धुन गुञ्जन  भई भाषा अलंकृत भएको छ।

उपन्यासमा सुवर्णशमशेर राणाले हरिबहादुरलाई, माइजूले  अनीतालाई, रमेश माझीले अनीतालाई, अनीताले मखन घर्तीलाई हरिबहादुरले अनीतालाई, मखन घर्तीले अनीतालाई चिट्ठी लेखेर आफ्ना भावहरू आदान-प्रदान गरेबाट पत्रात्मक शैलीको पनि प्रयोग भएको छ। पत्रात्मक शैलीको उदाहरण निम्नानुसार छः

आशा छ तिमी मावल पुग्यौ होला । विवाह यही महिनामा जुरेको छ । रक्सौल बजारको श्यामकृष्ण धर्मशालामा भेट्न आउ । हरिबहादुर मगर ।   (पृ. ९६)

त्यस्तैगरी रमेशले अनीतालाई लेखेको अर्को पत्रको नमुना –

प्राणप्यारी अनीता !

हरिबहादुरको निधनमा म साह्रै दुःखी छु । उहाँको महान् आत्मालाई शाश्वत शान्ति मिलोस् । तिमीले यौटा क्रान्ति-अपाङ्गको सेवा सफलतापूर्वक सम्पन्न गरेकोमा कृतकृत्य छु, गौरवान्वित पनि । बधाई । हो, विवाह प्रीती-भोज हुन सकेको छैन । त्यसको प्रबन्ध अब चाँडो मिलाउनुपर्छ । केहीबेरपछि आउँछु ।

तिम्रो दुलाहा

रमेश माझी । (पृ.१४६)

यसरी उपन्यासकारले विविध शैलीको मिश्रण गरेर उपन्यासमा शैलीगत विविधता देखाएका छन् । यो उपन्यासकारको शैलीगत विविधतामा भएको क्षमता हो भन्न पनि सकिन्छ । यति भए तापनि यस उपन्यासमा वर्णनात्मक र छोटा-छोटा संवादात्मक शैलीको आधिक्य रहेको पाइन्छ ।

उपन्यासमा सरल तथा जटिल प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयोग भएका सरल वाक्यहरू हुन्: आँगनमा जुत्ताको तलुवा बजेको सुनियो । रमेश आएको रहेछ । भऱ्याङ्गको फेदमा पाउलो छाडेर माथि उक्लियो । (पृ.९९)

चिन्ता हरायो लोग्नेको । अखबार पढ्न थाल्यो । छापा हेर्न बातचित एकसाथ हुन्थ्यो उसको । त्यसै गऱ्यो । (पृ. १२६)

जटील वाक्यहरू यस प्रकार छन्:

कलकत्ता पुगेको साँचो व्यहोरा मामालाई अवगत गराएको खण्डमा आफ्नो राजनीतिक गतिविधिको खबर उछिट्टिएर हरिबहादुरको कानमा पुग्ने डर पऱ्यो अनीतालाई कुरा लुकाउन चाहन्छे । (पृ.९८)

### ४.५.३ प्रतीक र बिम्ब

प्रस्तुत उपन्यासमा उपन्यासकी मुख्य पात्र अनीता मगर क्रान्तिको प्रतीकको रूपमा आएकी छ । ऊ उपन्यासमा सुरुदेखि अन्त्यसम्म क्रान्तिकारी देखिएकी छ । त्यस्तैगरी चन्द्रकान्त दाहाल सामन्तको प्रतीक हो । उसले जुनसुकै समयमा पनि जनतालाई सताउने व्यवहार देखाएको छ । राणाशासनको समयमा ऊ राणाको पक्षमा रहेर जनतालाई दुःख दिएको छ, जनआन्दोलनलाई दवाउने खालको क्रियाकलापमा सक्रिय भएको छ र त्यही आइते प्रजातन्त्र आएपछि मैले नै राणाहरूलाई खतम् पारेको हुँ भन्दै सर्वसाधरणलाई भ्रममा पारेर दुःख दिएको छ । सितापाइलामा रातको समयमा सुनिएको बाघको गर्जन राणा शासनको कठोरताको प्रतीक हो । अनीताको कोठामा बलेको पिलपिले लालटिनको मधुरो उज्यालो जनचेतना र परिवर्तनको प्रतीक हो । भारत सरकारले नेपाल सरकारलाई दिएको तरबार राणाशासन बचाउको प्रतीक हो । इटुमबहालको राजनीतिक कार्यकर्ताहरूको कोठाको भित्तामा रहेको चित्रमा देखिएको ठूलो हात विदेशी शक्तिको प्रतीक हो ।

उपन्यासमा केही बिम्बहरूको पनि प्रयोग भएको छ, “ती भालेपोथीका बीचमा भाव-आमन्त्रण सुरु भइसकेको थियो । परन्तु प्रधानमन्त्री नेहरू एक जना अर्कै ड्याङ्गका मूलाजस्ता प्रतीत हुन आए, पोथीको वास्तै नभएको, ढुङ्ने ।”(पृ.१९) यहाँ नेपालमा चलिरहेको राणा शासनलाई यथावत राख्ने विषयमा नेपाल सरकार र भारतीय नेताहरूबीचमा रहेको आपसी सम्बन्धलाई भाले र पोथीको भाव आमन्त्रणको बिम्बबाट प्रस्तुत गरिएको छ । त्यस्तै तत्कालीन भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपालको राणाविरोधी विचार वा नीतिलाई पोथीको वास्ता नगर्ने ठुङ्नेको बिम्बबाट प्रस्तुत गरिएको छ ।

अर्को उदाहरण “भर्खर खुलेको चन्द्र ज्योत्स्नाले अँध्यारो च्यातिएको छ , धर्तीको कण कण देखिने गरी । छिनभर पहिले नभएको दृश्य अब स्पस्ट हुँदै आयो ।” (पृ.१०७)

यहाँ चन्द्र ज्योत्स्ना भनेर अनीताको उपस्थितिलाई बिम्बको माध्यमबाट प्रस्तुत गरिएको छ भने अनीताको उपस्थितिमा रमेशले व्यक्त गरेको अथवा उसको मुहारमा एकाएक आएको प्रशन्नतालाई अध्याँरो च्यातिएको र स्पस्ट हुँदै आएको दृश्यको बिम्बबाट प्रस्तुत गरिएको छ । यसरी उपन्यासको भाषालाई सुन्दर बनाउन प्रतीक र बिम्बको प्रयोग भएको  छ । यस्तैगरी उपन्यासमा उपमाहरूको प्रयोग पनि पाइन्छ ।  उपन्यासमा प्रयोग भएका उपमाहरूमा, सिन्दुर जस्ती राती,  आगो समान ताती भई (पृ.३८), कुकुर्नीसमान अस्तित्त्वहीन चरित्रकी ठान्छे । (पृ.३८), बाघ भालु भेटेर सातो हराएको जस्तो (पृ.३९), ढुङ्गामाथीको तित्रा समान (पृ.४१), हलगोरु जस्तो जोडी मिल्नु (पृ.४३), अन्माउने बेला भएजस्तो हतार (पृ.४४), घट्टमा घाम लागेको जस्तो किसानको मुख उज्यालियो (पृ.६७), सिन्दुर पोतिएको जस्तो रातो अनुहार (पृ.७६), बेल्नामाथीको रोटी फर्काए झै कुरो पर्काउनु (पृ.९८), रणचण्डी जस्तै उफ्रिनु (पृ. १०२), पात ओइलाएझै पहेँलिएको (पृ.१०४), फुलेको गराँस ओइलाए झैं अखिनु (पृ.१२६), बरफ जस्तै चिसो हुनु (पृ.१२९), आदि  छन् ।

### ४.५.४ दृष्टिबिदु

**अनीता** उपन्यासमा बाह्य अर्थात्  तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यो उपन्यासमा उपन्यासकारले उपन्यास बाहिर बसेर चरित्र, दृश्य, घटनाको  टिप्पणी  गरेका छन् । यसरी उपन्यासका कथायिता उपन्यासभन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले र अनीता, हरिबहादुर र रमेश माझी जस्ता पात्रहरू पनि तृतीय पुरुषका रूपमा आएकाले यस उपन्यासमा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दु रहेको छ । उपन्यासको कथा प्रस्तुत गर्ने क्रममा कथायिताले सकेसम्म पात्रहरूको बढी संवाद उपस्थित गराएको देखिन्छ । यसले गर्दा उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ । कथायिताले पात्र र घटनाहरूलाई सर्वज्ञझैं वर्णन एवम् टिप्पणी गर्दै सम्पूर्ण कुरालाई आफ्नै नियन्त्रणमा लिएका छन् । जसले गर्दा सर्वज्ञ  दृष्टिबिन्दुको प्रयोग भएको छ । सर्वज्ञ दृष्टिबिन्दु अन्तर्गत भने हस्तक्षेपी र निर्वैयक्तिक गरि दुबै प्रकारका दृष्टिबिन्दुको प्रयोग भएको छ । कतै-कतै कथायिताले चरित्र र घटनाका बारेमा वर्णन गरेकाले हस्तक्षेपी दृष्टिबिन्दुको प्रयोग भएको छ । हस्तक्षेपी दृष्टिबिन्दु भएका उदाहरणः

"सुनौलो भविष्यको गहिरो सपनामा फुपू बुढिया लठ परी । खुसीको लहरले छोपिझैं शरीरको नसा नसामा स्फूर्ति आएको अनुभव गर्छे । त्यही सन्तष्टिले उसको वृद्ध मुखको चाउरे रेखाभित्र लालि चढेको चन्द्रकान्तले देख्यो ।" (पृ.५१) "निमेषअघि मात्र डोकेको अनुहारमा ती बालबालिकामाथि घृणा थियो, दाह्रा किटेर दुत्कार्न तयार । त्यो क्रोध एकाएक दयामा परिणत भएछ ।" (पृ.१३४)

उपन्यासमा उपन्यासकारले पात्रहरू बीचमा नाटकीय संवादको उपस्थिति गराएर आफू टाढा बसेकाले निर्वैयक्तिक दृष्टिबिन्दुको प्रयोग पनि भएको पाइन्छ । जस्तैः

फुपू : नानीलाई लिन आएका तिनीहरू ।

आमा : कहाँबाट ?

फुपू : सिंहदरबारबाट ।

आमा : सिंहदरबार ठाना हो र ?

फुपू : किन हुन्थ्यो, महाराजको दरबार पो त त्यो ।

आमा : कति कारणले नानीलाई लिन आएका त्यहाँबाट ?

फुपू : सरकारबाट हाम्रो नानीलाई जागिर मिल्ने भएकाले बोलाउन आएका हुन् ।

आमा : आचे ! स्वास्नीमानिसले पनि जागिर खान्छन् ?

फुपू : खान्छन् रे ।

आमा : केमा ?

फुपू : पुलिसमा । गुप्ती पुलिसमा । (पृ. ६५)

यसरी यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु अन्तर्गत पर्ने सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासका सम्पूर्ण घटना, सारवस्तु, संवाद आदि सृजना गरेर कथयिताले बताएका छन् तर संवादको आधिक्यले गर्दा चरित्रहरूमा लेखकको हस्तक्षेप कम भई तिनको स्वतन्त्र विकासमा सहयोग पुगेको छ ।

**निष्कर्ष**

**अनीता** उपन्यास डायमनशमशेर राणाको पाँचौ उपन्यास हो । २०४३ सालबाट प्रथम पटक प्रकाशित भएको यो उपन्यास हालसम्म चौथो संस्करणसम्म प्रकाशित भइसकेको छ । २००७ सालको क्रान्तिको सेरोफेरोको विषयवस्तु लिएर यस उपन्यासको

रचना गरिएको छ । राणाशासनको षडयन्त्रपूर्ण अवस्था, राणाशासनविरुद्ध राजनीतिक दलहरूले चालेको क्रान्तिकारी कार्यक्रम र मुक्तिसेनको कारवाही, राणाशासनको समाप्ति र त्यसपछि समाजमा देखा परेको विसङ्गतिहरूको पृष्ठभूमिमा संरचित भएको छ । यसको मूलमा राजनीतिक विषयवस्तु छ भने त्यसको परिपूरकको रूपमा ऐतिहासिक वातावण आएको छ । यस उपन्यासमा नेपाली राजनीतिक लगायत भारतीय राजनीतिको पनि चर्चा गरिएको छ । यस उपन्यासको कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा रहेकोले विन्यस्त कथानकअन्तर्गत पर्दछ । प्रस्तुतिका दृष्टिले यसको कथावस्तु कथात्मक प्रस्तुतियुक्त हो । नायिका अनीता मगरमा केन्द्रित यो उपन्यास उसकै वरिपरि सम्पूर्ण कथानक सङ्गठित भएको छ । अनीता, हरिबहादुर मगर, रमेश माझीसँग सम्बद्ध सम्पूर्ण घटनाक्रम यस उपन्यासको प्रमुख कथावस्तु हो यसमा  मूल कथालाई सहयोग गर्ने अन्य स-साना उपकथाहरू पनि आएका । यस उपन्यासमा राजनीतिसँग  प्रेमकथा पनि समानान्तर रूपमा अगाडी बढेको छ । उपन्यासको कथानकमा बाह्य र आन्तरिक दुवै प्रकारका द्वन्द्वको सृजना भएको छ ।

प्रस्तुत उपन्यासमा २००७ सालको आसपासको नेपाली समाजमा देखिएको दारुण आर्थिक अवस्थाको चित्रण गरिएको छ । दिनभर काम गरेर पनि साँझ बिहान पेटभरी खान नपाउने गरिब नेपाली जनताको यथार्थ जीवन चित्रण गरिएको छ । राणाशाहीको दमनबाट त्रस्त नेपाली जनताको मनस्थितिको चित्रण पनि उपन्यासमा राम्रोसँग गरिएको छ ।

यो उपन्यास बहुपात्रीय उपन्यास हो । यसमा अनीता मगर, हरिबहादुर मगर, रमेश माझी, सुवर्णशमशेर राणा, विश्वेश्वरप्रसाद कोइराला, पूर्ण खवास, चन्द्रकान्त दाहाल, आइते मगर, गणेशमानसिंह, जगजीवनराम, महेशबिक्रम शाह जस्ता  धेरै पात्रहरू आएका छन् । यस उपन्यासमा पुरुष पात्रको तुलनामा महिला पात्र थारै रहेको छन् । केही ऐतिहासिक पात्रहरू आएका छन् भने केही काल्पनिक पात्र छन् र मुख्य भूमिका काल्पनिक पात्रको रहेको छ । यस उपन्यासमा आएका पात्रहरूलाई आ-आफ्ना भूमिका बमोजिम स्वाभाविक रूपमा चित्रण गरिएको छ ।

नेपालमा २००७ सालको क्रान्ति र नेपालमा संसदीय व्यवस्थाको स्थापना गर्ने कार्यको औचित्य स्पस्ट पार्नु यस उपन्यासको उद्देश्य रहेको छ । त्यस्तैगरी राणाशासनको

समयावधिको र त्यसपछिको नेपालको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थाको चित्रण गर्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

उपन्यासले नेपाली समाजलाई नै परिवेश बनाइएको छ । नेपाली समाजका राजनीतिक, सामाजिक आर्थिक जगत्का विविध पक्षमाथि प्रकाश पारिएको छ । उपन्यासका घटना नेपाल र भारतका विभिन्न ठाउँहरूमा घटेका छन् ।

उपन्यासमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा उपन्यासको संरचना गरिएको छ । संवादात्मक शैलीको प्रयोग पनि भएको छ । छोटा-छोटा संवादहरूको प्रयोग गरिएको छ । उपन्यासमा उखान टुक्का साथै सूक्तिहरूको प्रयोग प्रशस्त मात्रामा गरिएको छ । उपन्यासमा प्रयोग गरिएका संस्कृत भाषाको श्लोक तथा नेपालीका उखान, टुक्का सूक्तिहरूले भाषालाई स्वाभाविक बनाएको छ । उपन्यासमा बिम्ब तथा प्रतीकको प्रयोग पनि प्रशस्त भएको छ ।

यसरी प्रस्तुत उपन्यास औपन्यासिक तत्त्वको आधारमा सफल रहेको छ ।

# पाचौँ परिच्छेद

# निष्कर्ष

उपन्यासकार डायमनशमशेर राणाको **अनीता** उपन्यासको अध्ययन चार परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेद शोध परिचयममा आधारित रहेको छ । यसमा **अनीता** उपन्यासको अध्ययनको लागि शोधशीर्षक, शोधपरिचय, शोधप्रयोजन, शोधसमस्या, शोधको महत्त्व र उपयोगिता, शोधको उद्देश्य, शोधको सीमाङ्कन, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सामग्री सङ्कलन, शोधविधी र शोधपत्रको रूपरेखा जस्ता शीर्षक चयन गरी डायमनशमशेर राणा र अनीता उपन्यासको अध्ययन कसरी गर्ने भनी उल्लेख गरिएको छ । यस अध्ययनमा डायमनशमशेर राणाको संक्षिप्त जीवनी, औपन्यासिक यात्रा र प्रवृत्तिहरू के-कस्ता छन् ?, उपन्यास विश्लेषणका आधारहरू के कस्ता रहेका छन् ?, औपन्यासिक तत्त्वका आधारमा यो कृति कस्तो रहेको छ ? जस्ता समस्याहरूलाई पहिल्याएर अध्ययन गरिएको छ । यस प्रकारका समस्यालाई समाधान गर्नको लागि निम्न उद्देश्यहरूमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

क) डायमनशमशेर राणाको संक्षिप्त जीवनी, औपन्यासिक यात्रा र मूलभूत औपन्यासिक प्रवृत्तिहरू केलाउनु,

ख) उपन्यास विश्लेषणका आधारहरू पहिल्याउनु,

ग) औपन्यासिक तत्त्वहरूको आधारमा **अनीता** उपन्यासको विश्लेषण गर्नु ।

दोस्रो परिच्छेद अन्तर्गत डायमनशमशेर राणाको संक्षिप्त जीवनी , औन्यासिक यात्रा र प्रवृत्तिको चर्चा गरिएको छ । वि.स. १९७५ को असार २१ गते पाल्पा जिल्लाको तानसेन बजारमा जन्मिएका डायमनशमशेर राणा सम्पन्न परिवारका व्यक्ति हुन् । सुख सयलमा हुर्किएका राणाले औपचारिक रूपमा प्रवेशिका सम्मको अध्ययन गरेका छन् । उनले अनौपचारिक रूपमा भने विश्वका चर्चित लेखकहरूका पुस्तकहरू अध्ययन गरेका छन् । औपचारिक रूपमा आफूले सोचेजति अध्ययन गर्न नपाएपछि राणाले आफ्नो कलमद्वारा त्यो इच्छा पूरा गर्ने अभिप्रायले **वसन्ती** उपन्यास लेखेका हुन् । **वसन्ती** उपन्यासले सोचेजति उपलब्धि नभएपछि राणा राजनीतितिर प्रवेश गरेका छन् । राजनीतिकै क्रममा जेल परेको जेल जीवनमा लेखेको **सेतोबाघ** ले सफलता नपाएपछि उनले अरू पाँच उपन्यासहरू लेखेर

जम्मा सात उपन्यास बनाए । उनका अन्य उपन्यासहरूमा **प्रतिबद्ध, सत्प्रयास, अनीता, धनको धब्बा** र **गृहप्रवेश** हुन् । विषयवस्तुका आधारबाट हेर्दा उनको उपन्यास ऐतिहासिक र राजनैतिक सामाजिक देखिन्छन् । **वसन्ती, सेतो बाघ**, **सत्प्रायास** र **गृहप्रवेश** ऐतिहासिक उपन्यास हुन् भने **प्रतिबद्ध, अनीता** र **धनको धब्बा** ऐतिहासिक पृष्ठभूमीका भएको राजनैतिक सामाजिक उपन्यास हुन् । उनका यिनै सात उपन्यासहरूको आधारमा उनको औपन्यासिक यात्रालाई पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण गरेर चरण विभाजन गरिएको छ । पहिलो चरणका उपन्यासमा **वसन्ती** लाई राखिएको छ । यो पूर्ण ऐतिहासिक उपन्यास हो । दोस्रो चरणका उपन्यासहरूमा **सेतो बाघ, प्रतिबद्ध, सत्प्रयास** र **अनीता** पर्दछन् । यी उपन्यासमध्ये **प्रतिबद्ध** र **अनीता** ऐतिहासिक पृष्ठभूमिका राजनैतिक सामाजिक उपन्यास हुन् भने **सेतो बाघ** र **सत्प्रयास** पूर्ण ऐतिहासिक उपन्यास हुन् । तेस्रो चरणका उपन्यासमा **धनको धब्बा** र **गृहप्रवेश** पर्दछन् । यी दुबै राजनैतिक सामाजिक उपन्यास हुन् ।

डायमनशमशेर राणाका ऐतिहासिक उपन्यासमा त ऐतिहासिक विषय मूल विषयको रूपमा आएको छ भने राजनैतिक सामाजिक उपन्यासमा पनि राजनैतिक घटनाहरू इतिहासबाटै आएका छन् । यसरी ऐतिहासिक विषयवस्तुमा नै आधारित भएर उपन्यास रचना गरेको हुनाले डायमनशमशेर राणालाई ऐतिहासिक उपन्यासकार मानिन्छ ।

तेस्रो परिच्छेद अन्तर्गत उपन्यास विश्लेषणका सैद्धान्तिक तत्त्वहरूको तय गरिएको छ । उपन्यास शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग एवम् 'घञ्' (अ) प्रत्यय लागेर बनेको शब्द हो । जसको अर्थ नजिक राख्नु वा अलिकति नयाँ वस्तु भन्ने हुन्छ । उपन्यासलाई अङ्ग्रेजीमा भाषामा 'नोभल' भन्ने गरिन्छ । संस्कृतबाट लिइएको उपन्यास शब्दले 'नोभल' शब्दले दिने अर्थ प्रदान गर्न नसकेकाले हाल अङ्ग्रेजी 'नोभल' शब्दसँग साइनु गाँसेको छ । पाश्चात्य साहित्यमा 'नोभल' अर्थात् उपन्यासको जन्म अठारौँ शताब्दीमा भएर विश्वका अनेक मुलुकहरूका साथै नेपालमा पनि एक चर्चित साहित्यिक विधाका रूपमा विकसित हुँदै आएको छ । यसरी उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाका माध्यमबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । उपन्यास भनेको मानव जीवनकै सम्पूर्ण घटनाहरूको अभिव्यक्ति गर्ने बृहत् गद्यआख्यानात्मक रचना हो, जसमा यथातथ्यको उद्घाटन मात्र नभएर कल्पनाको कलात्मक मिश्रण पनि भएको हुन्छ । कुनै पनि वस्तुले पूर्ण संरचना प्राप्त गर्नका लागि विभिन्न संरचनात्मक घटकहरूको

समायोजन गरे जस्तै उपन्यास निर्माणका लागि पनि विभिन्न संरचनात्मक घटकहरूको आवश्यकता पर्दछ, जसलाई उपन्यासका तत्त्व भनिन्छ । उपन्यासका तत्त्वहरू यति नै हुन भनेर किटान गर्ने क्रममा विद्वान्हरूको मत एउटै हुन नसके पनि अधिकांशले कथानक, चरित्रचित्रण, परिवेश, सारवस्तु, दृष्टिबिन्दु, र भाषालाई यसका तत्त्व मान्दै आएका छन् । उपन्यासको अध्ययन पनि यिनै तत्त्वका आधारमा गर्दा सहज र सरल हुनुका साथै स्पष्ट हुने पनि देखिन्छ ।

चौथो परच्छेद औपन्यासिक  तत्त्वको आधारमा **अनीता** उपन्यासको विश्लेषण गरिएको छ । **अनीता** उपन्यास ऐतिहासिक पृष्ठभूमिमा लेखिएको राजनैतिक सामाजिक उपन्यास हो । यस उपन्यासको कथावस्तुमा जङ्गबहादुर राणाले स्थापना गरेको एकतन्त्रीय राणाशासन, त्यस समयमा राणाशासकविरुद्ध राजनीतिक दलका कार्यकर्ताहरूले गरेको क्रान्तिकारी कार्यक्रम, क्रान्तिकारी सेनाको कारवाहीपछि राणाशासनको अन्त्य र राणाशासनको अन्त्यपछि समाजमा देखिएको विकृतिहरू समेटिएको छ । अनीता, हरिबहादुरको मूलकथामा रमेशमाझीसँग सम्बद्ध कथा, आइतेको कथा, वी. पी. र सुवर्णको कथा, पद्मशमशेरको प्रसङ्गहरू जोडिएर आएका छन् । मूल कथानक काल्पनिक भए पनि इतिहासमा पाइने घटनाहरू मूलकथानकमा जोडिएर आएका छन् । यस उपन्यासमा ऐतिहासिक प्रसङ्गहरू समावेश भए पनि मात्रात्मक रूपमा राजनीति र कल्पनाले अधिकता पाएको हुनाले यो उपन्यास राजैतिक उपन्यास हो  र यस उपन्यासको पृष्ठभूमिमा इतिहास रहेको छ । यस उपन्यासको कथानक तृतीय पुरुष शैलीमा अगाडि बढेको छ । उपन्यासकार एउटा कथावाचकको रूपमा रहेका छन् । यस उपन्यासको  कथानकको बनोट सुदृढ र प्रस्तुतियुक्त रहेको छ ।

**अनीता** उपन्यास बहुपात्रीय उपन्यास हो । यसमा धेरै पात्रहरू सहभागी गराइएको छ । अनीता हरिबहादुर र रमेश माझी उपन्यासका मुख्य पात्र हुन् । चन्द्रकान्त, विश्वेश्वरप्रसाद कोइराला, पूर्ण खवास, मोहनशमशेर उपन्यासका सहायक पात्र हुन् । मखन, विमला, च्याम्जुङ्ग, याक्थुम्बा गौण पात्र हुन् ।  उपन्यासमा आएका  सुवर्णशमशेर, वी.पी.कोइराला, मातृकाप्रसाद कोइराला, गणेशमान सिंह, थीरबम मल्ल, मोहनशमशेर, पद्मशमशेर इतिहासमा नामाङ्कित पात्र हुन् । यति पात्रहरू सहभागी भएको यस उपन्यासकी नायिका अनीता हो । ऊ उपन्यासको सुरुदेखि अन्तिमसम्म सहभागी भएकी छ

र उपन्यासको नामाकरण पनि उसैको नामबाट गरिएको छ । उपन्यासकारले उपन्यासमा भूमिका अनुसार पात्रको सफल चयन गरेर उपन्यासलाई सफल बनाएका छन् ।

नेपाली समाज मूल परिवेश रहेको यस उपन्यासमा नेपालका विभिन्न ठाउँहरू काठमाडौ, स्याङ्जा, वीगरञ्ज, वीराटनगर लगायत भारतका कलकत्ता, पटना, वैरगनिया जस्ता ठाउँहरूमा उपन्यासको घटना घटेको छ । उपन्यासमा २००६ सालदेखि २०१४ सालसम्मको समायावधिमा रहेको नेपालको सामाजिक, आर्थिक, राजनैतिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई चित्रण गरिएको छ ।

यस उपन्यासको भाषा सरल र स्वाभाविक रहेको छ । उपन्यासमा तत्सम तथा आगन्तुक शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । उपन्यासमा नेपाली समाजमा चलनचल्तीमा रहेका उखान, टुक्काहरू लगायत संस्कृत र हिन्दी भाषाका श्लोक तथा सूक्तिहरूको प्रयोग गरिएको छ मुख्य रूपमा वर्णनात्मक शैली रहे पनि यस उपन्यासमा संवादात्मक शैली, पत्रात्मक शैलीको पनि प्रयोग भएको छ । उपन्यासको भाषालाई रोचक बनाउन विभिन्न प्रकारका बिम्ब तथा प्रतीकहरूको प्रयोग गरिएको छ ।

२००७ सालको क्रान्ति र नेपालको संसदीय व्यवस्थाको स्थापना गर्ने कार्यको औचित्य स्पस्ट पार्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

यसरी उपन्यास तत्त्वको आधारबाट हेर्दा **अनीता** उपन्यास सफल उपन्यासको रूपमा रहेको छ ।

# सन्दर्भ सामग्री


अधिकारी,शारदा कुमारी(२०६३), **वसन्ती उपन्यासको कृतिपरक अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभाग ।

गौतम, समिना (२०५८), **विभिन्न कोणबाट सेतो बाघको विश्लेषण,** स्नातकोत्तर, शोधपत्र त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभाग ।

ज्ञवाली, ज्ञाननिष्ठ (२०६५), "डायमनशमशेर राणा र उनको अनीता" **गरिमा** (अङ्क १०, वर्ष २६, पूर्णाङ्क ३१०) असोज ।

न्यौपाने, छायादत्त र पाण्डे (२०६५), ऋषिराम सम्पा, **आख्यानकार डायमन,** डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान, ललितपुर ।

पोखेल, टीकाराम (२०६५), **डायमनशमशेर राणाका उपन्यासमा ऐतिहासिक तत्त्व**, विद्यावारिधि, शोधप्रवन्ध, काठमाडौंः ओस्कार इन्टरनेशनल, कलेज, जयवागेश्वरी ।

प्रधान, कृष्णचन्द्र सिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार**, चौथो.स., ललितपुरः साझा प्रकाशन, ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति**, दार्जिलिङ्ग : दीपा प्रकाशन,।

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ते.स., ललितपुरः साझा प्रकाशन ।

भट्टराई, तुलसी (२०६४), "डायमनशमशेर सानो शब्दचित्रमा" **गरिमा,** (अङ्क ४, वर्ष २६, पूर्णाङ्क ३०४) ।

यादव,पीताम्बरलाल (२०४७), **नेपालको राजनीतिक इतिहास,** आठौं सं., बिहार ।

राई, इन्द्रबहादुर (२०६६), **नेपाली उपन्यासका आधारहरू,** दो.सं. काठमाडौंः साझा प्रकाशन ।

राणा, डायमनशमशेर (२०६६), **अनीता उपन्यास,** चौथौं.सं., ललितपुरः साझा प्रकाशन ।

राणा, डायमनशमशेर (२०६८), **वसन्ती,** सत्रौ सं., ललितपुरः साझा प्रकाशन, ।

राणा, डायमनशमशेर (२०६७), **सेतो बाघ,** तेह्रौ,सं., ललितपुरः साझा प्रकाशन, ।

रेग्मी, भोलानाथ (२०५४), **उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

लुइटेल, खगेन्द्र (२०६९), **नेपाली उपन्यासको एतिहास,** काठमाडौंः नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, कुसुम (२०४२), **डायमनशमशेर राणाको जीवनी, व्यक्तित्व र कृतित्त्वको विश्लेषण** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास,** ते. सं, काठमाडौंः नवीन प्रकाशन ।

शर्मा, तारानाथ (२०३९), **नेपाली साहित्यको इतिहास,** दो.सं., काठमाडौंः संकल्प प्रकाशन ।

शर्मा, मोहनराज (२०५९), **शैली विज्ञान,** दो.सं., काठमाडौंः नेपाल प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६०), सम्पा. **नेपाली कथा भाग ४,** दो.सं., ललितपुरः साझा प्रकाश ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, प.सं., वाराणसीः भूमिका प्रकाशन ।